सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ साउन २०८०, शनिबार (29 July 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १०७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ महानगर प्रहरीको 'जेब्राक्रस'

बाटो काट्न न अकासे पुल चढे, न जेब्राक्रस रोजे




शब्द/तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

होर्डिङ बोर्ड र यातायातका टिकट काउन्टर हटाएर कानुनको पालना गर्न भन्दै माइकिङ गर्दै हिँडेको काठमाडौं महानगरपालिकाको प्रहरी कोटेश्वरमा आफैं भने ट्राफिक नियम मिचेर 'रिङरोड' काट्दै। मोबाइलमा गफिँदै उनीहरूले बिन्दास पाराले अकासे पुलको छेवैबाट सडक पार गरे। त्यहाँबाट करिब दुई सय मिटर उत्तरतिर कोटेश्वरचोकमा जेब्राक्रस पनि छ। तर, महानगरका प्रहरीले बाटो काट्न न अकासे पुल चढे, न जेब्राक्रस रोजे। महानगरवासीलाई नियम पालना गराउन हिँडेका उनीहरूको 'मनमौजी' शैली अकासे पुल हुँदै बाटो काटिरहेका बटुवाले पनि पुलमै रोकिएर हेरे।

मिलापत्रमा टुंगिँदै फौजदारी मुद्दा

नयाँ मुलुकी फौजदारी कार्यविधि संहिताले गरेको व्यवस्था र प्रोत्साहित गर्ने महान्यायाधिवक्ताको नीतिपछि गम्भीर प्रकृतिका फौजदारी मुद्दा पनि मिलापत्रबाटै टुंग्याउने बढेका छन्



अधिकांश ठगी गरेको र चेक बाउन्सका मुद्दामा मिलापत्र



● **सञ्जीवराज रेग्मी**, नायब महान्यायाधिवक्ता

अधिकांश ठगी गरेको र चेक बाउन्सका मुद्दा मिलापत्र हुने गरेका छन्। तेस्रो सबैभन्दा बढी आउने भनेको वैदेशिक रोजगारीसम्बन्धी कसुर हुन्। विदेशको यो कम्पनीमा जागिर लाइदिने भन्यो, तर लाइदिएन, तोकिएभन्दा कम तलब भयो, यस्ता प्रकृतिका थुप्रै मुद्दा पनि मिलापत्रमा जान्छन्।

शिल्पा कर्ण/नयाँ पत्रिका

नयाँ मुलुकी फौजदारी कार्यविधि संहितामा फौजदारी मुद्दामा पनि मिलापत्र हुने व्यवस्था गरिएपछि मिलापत्रबाटै टुंगिने मुद्दाको संख्या बढेको छ। ०७६/७७ देखि ०७८/७९ सम्मका तीन आर्थिक वर्षमा मिलापत्रका लागि निवेदन भएका नौ सय ५३ मुद्दा (अधिकांश फौजदारी)मा आठ सय २२ अर्थात् ८६.२५ प्रतिशत मिलापत्रबाटै टुंगिएका हुन्।

सात प्रतिशत मुद्दा मात्रै मिलापत्र नगर्ने निर्णय भएर अदालती प्रक्रियामा अघि बढेका छन्। अन्य केही मुद्दा मिलापत्र हुन नसक्ने भनेर प्रक्रियाबाट फिर्ता गरिएका छन् भने केही बाँकी छन्।

■ अब जुनसुकै तहको सरकारी वकिलले पनि मिलापत्र गराउन सक्ने

■ कस्ता मुद्दामा हुन्छ मिलापत्र ? पृष्ठ २

कतिपय कसुरमा मुद्दा प्रक्रिया अघि बढिसकेको अवस्थामा सरकारी वकिल तथा अदालतमा जाहेरकर्ता र आरोपीबीच मिलापत्र गर्न सकिने प्रावधान छ। फौजदारी मुद्दामा पीडितको पक्षमा पैरवी गर्ने सरकारी वकिलले वादी र प्रतिवादी मिलेर आएपछि मिलापत्रको प्रक्रिया सुरु गर्ने गरेको छ।

०७५ देखि लागू भएको संहिताअघि फौजदारी मुद्दामा मिलापत्रको अवधारणा थिएन। तर, अहिले नयाँ फौजदारी संहिता लागू भएसँगै केही फौजदारी प्रकृतिका मुद्दामा मिलापत्र हुन थालेका हुन्। ठगीका मुद्दामा पैसा तुरुन्तै दिने, निश्चित समयभित्र दिने, चेकमार्फत भुक्तानी दिनेजस्ता विविध सर्तमा मिलापत्र हुने गरेको छ।

'अधिकांश ठगी गरेको र चेक बाउन्सका मुद्दा मिलापत्र हुने गरेका छन्। तेस्रो सबैभन्दा बढी आउने भनेको वैदेशिक रोजगारीसम्बन्धी कसुर हुन्,' नायब महान्यायाधिवक्ता सञ्जीवराज रेग्मीले भने, 'विदेशको यो कम्पनीमा जागिर लाइदिने भन्यो, तर लाइदिएन, तोकिएभन्दा कम तलब भयो, यस्ता प्रकृतिका थुप्रै मुद्दा पनि मिलापत्रमा जान्छन्।' तर, संस्थागत र आपराधिक उद्देश्यका ठगीका विषय भने मिलापत्रमा जाँदैनन्।

रेग्मीका अनुसार मुद्दाको फैसला नहुँदासम्म जुनसुकै अवस्थामा पनि दुवै पक्ष मिलापत्रमा जान सकिन्छ। मुद्दा दर्तादेखि कसुर ठहर

» पृष्ठ २ मा क्रमशः

रोमबाट फर्किए प्रधानमन्त्री

राष्ट्रसंघीय महासचिवलाई नेपाल भ्रमणको निमन्त्रणा, बंगलादेशका प्रधानमन्त्रीसँग विद्युत् व्यापारबारे छलफल



काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड इटालीको रोमबाट शुक्रबार स्वदेश पर्केका छन्। संयुक्त राष्ट्रसंघीय खाद्य प्रणालीसम्बन्धी शिखर सम्मेलन, २०२३ मा सहभागी हुन उनी रोम पुगेका थिए। सम्मेलनलाई सम्बोधन गरेका उनले उच्चस्तरीय राजनीतिक भेटवार्ता पनि गरेका थिए।

काठमाडौं फर्केपछि सञ्चारकर्मीसँग कुरा गर्दै प्रधानमन्त्री प्रचण्डले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो

» पृष्ठ २ मा क्रमशः

■ रुघा लागेको बच्चालाई मेनेन्जाइटिसको सुई

कान्ति अस्पतालबाट ३० लाख क्षतिपूर्ति भराउन सर्वोच्चको आदेश

नयाँ पत्रिका

सर्वोच्च अदालतले कान्ति बाल अस्पतालबाट चिकित्सकीय असावधानी गरेको आरोपमा ३० लाख रुपैयाँ क्षतिपूर्ति भराउने आदेश दिएको छ। सर्वोच्चको संयुक्त इजलासले आठ महिनाका पीडित बालक आलोकका पिता ध्रुवकुमार विश्वकर्मालाई उक्त क्षतिपूर्ति भराउन आदेश दिएको हो। उच्च अदालत पाटनबाट क्षतिपूर्तिको यस मुद्दामा भएको आदेश आंशिक उल्टी भई रकम भराउन सर्वोच्चबाट आदेश भएको हो।

विश्वकर्माले छोराको उपचारमा हालसम्म ५४ लाख ६३ हजार सात सय ५३ रुपैयाँ लागेको भन्दै सो रकम र त्यसको १० प्रतिशत ब्याजसमेत माग गरेका थिए। तर, न्यायाधीशद्वय हरिप्रसाद फुँयाल र तिलप्रसाद श्रेष्ठको इजलासले २५ माघ ०७९ मा गरेको फैसलाको हालै सार्वजनिक पूर्णपाठमा उनलाई ३० लाख उपलब्ध गराउने उल्लेख छ। क्षतिपूर्ति समिति काठमाडौंले निर्धारण गरेको १५ लाख रुपैयाँ क्षतिपूर्तिलाई उच्चले समेत सदर गरेको थियो। यसविरुद्ध विश्वकर्मा सर्वोच्च पुगेका थिए।

सर्वोच्चको फैसलामा छ, '...क्षतिपूर्तिको रकम

» पृष्ठ २ मा क्रमशः

■ भएको के थियो ?

आठ महिनाका आलोकलाई सामान्य रुघाखोकी देखिएको भन्दै उनका पिताले २२ असार ०७३ मा कान्ति बाल अस्पताल लिएर आएका थिए। जसपछि अस्पतालले आलोकलाई आकस्मिक वार्डमा भर्ना गरेको थियो। यसै क्रममा दुईपटक एकथरी सुई दिइयो भने सोही रात साढे ११ बजे नर्सले उनलाई अर्को सुई लगाइदिइन्। जसपछि बालकमा दिसापिसाब चुहिने समस्या देखिएको थियो। बुइदै जाँदा तेस्रोपटक लगाइएको सुई छेउमै रहेका अर्का बिरामी १० वर्षीय शम्भु विकलाई दिनुपर्नेमा आलोकलाई दिइएको खुल्यो। त्यसपछि आलोकको मुटुको धड्कनको गति बिग्रेर उनलाई अर्को अस्पताल रिफर गरिएको थियो।

कान्तिमा विश्वकर्माले २४ भदौ ०७३ मा छानबिनका लागि निवेदन दिएका थिए, तर कारबाही भएन। श्वास-प्रश्वासमा समस्या देखिनु, अस्पतालबाट डिस्चार्ज गर्दा रगत तथा पिसाबको इन्फेक्सन, आँखामा समस्या, टाउको सुन्निएको, मिर्गौलामा ढुंगा भेटिएको थियो। बालकमा देखिएका यी समस्या मेनेन्जाइटिस मलेरियाविरुद्धको सुईको साइड इफेक्ट रहेको जिल्ला जनस्वास्थ्य कार्यालयको प्रतिवेदनमा जनाइएको छ। ५ वैशाख ०७४ मा निज बच्चाको स्वास्थ्यमा कहिल्यै सुधार नहुने गरी अपांगता भएको जानकारी आफूले पाएको दाबीसहित ध्रुवले जिल्ला क्षतिपूर्ति समितिमा निवेदन दिएका थिए।

■ हड्कङ भन्सारलाई भन्सार विभागको पत्राचार

ब्रेकसुमा सुन कसरी आयो ?



काठमाडौं/ ब्रेकसुमा लुकाएर क्विन्टल परिमाणमा सुन तस्करी भएर आएपछि भन्सार विभागले हड्कङको भन्सार कार्यालयलाई पत्राचार गरेको छ। राजस्व अनुसन्धान विभागले अनुसन्धान गरिरहेको यस तस्करी प्रकरणमा भन्सार विभागले पनि आन्तरिक छानबिन गरिरहेको छ। यसैक्रममा विभागले हड्कङलाई पत्राचार गरेको हो।

विभागका निर्देशक हरिहर पौडेलले सुन तस्करी भएर आएको विषयमा हड्कङको भन्सार कार्यालयलाई पत्राचार गरिएको बताए। ब्रेकसु भनेर घोषणा गरिएको वस्तु सुन भेटिएपछि त्यसरी आएको सामान, निर्यातकर्ता, भन्सार प्रक्रियाबाट कसरी छुट्यो भन्नेजस्ता विषयमा विभागले पत्राचार गरेको हो।

दुई दिनअघि नै यस्तो पत्राचार गरिएको र हड्कङले प्राप्त गरिसकेको निर्देशक पौडेलले बताए। 'हामीकहाँ आएको कन्साइनमेन्ट, उता के भनेर घोषणा भएको थियो, निर्यातकर्तालगायतको विषयमा हामीले

» पृष्ठ २ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



झन् नयाँ



रेशमको बाटो

जेलबाट सीधै मन्त्री क्वार्टर पुगेका रेशमको अबको बाटो कता ?

विश्वकप खेलिरहेका आमा

न्युजिल्यान्ड र अस्ट्रेलियामा जारी फिफा महिला विश्वकपमा चर्चामा छन् आमा खेलाडी

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कटानले पुल जोखिममा परेपछि तटबन्ध बनाउन दैनिक डेढ सय स्थानीय जुटे

धनगढीमा **तेजराज भट्ट**

कान्द्रा नदी कटानले जोखिममा परेको झोलुङे पुल जोगाउन कैलालीको भजनी नगरपालिका ४ र ९ का बासिन्दा जैविक तटबन्ध निर्माणमा जुटेका छन्। गत साताबाट जैविक तटबन्ध निर्माण गर्न यी दुई वडाका डेढ सय स्थानीयले दैनिक श्रमदान गरिरहेका छन्। केही दिनयता नदीले कटान तीव्र पारेपछि हालै बनेको वडा नम्बर ४ र ९ जोड्ने झोलुङे पुल जोखिममा परेको छ।

स्थानीय बासिन्दाले काठ, बाँस, झारपात र बोरामा बालुवा भरेर जैविक तटबन्ध निर्माण गरी कटान नियन्त्रणको प्रयास गरिरहेका छन्। भजनी- ९ गन्जहवाका भीम कुडमालले नदी कटानले पुल बग्ने जोखिम भएपछि जैविक तटबन्ध बनाएर जोगाउने प्रयास थालिएको बताए। 'कटान पुलको पिलरको ३०-३५ मिटरनजिक पुगिसकेको छ,' उनले भने, 'रोकथामको प्रयास तत्काले नगरे नदीले पुल बगाउने जोखिम रहेकाले जैविक तटबन्ध निर्माणमा जुटेका हौं।'

खैराड, आमबारी र गन्जहवा गाउँका डेढ



जैविक तटबन्ध बनाउन नदी किनारमा काठ राख्दै भजनी नगरपालिका ४ र ९ का स्थानीय। स्थानीय बासिन्दाले काठ, बाँस, झारपात र बोरामा बालुवा भरेर जैविक तटबन्ध निर्माण गरी कटान नियन्त्रणको प्रयास गरिरहेका छन्।

सयजनाले जैविक तटबन्ध बनाउन दैनिक श्रमदान गरिरहेको कुडमालले बताए। स्थानीयले गत ४ साउनबाट जैविक तटबन्ध निर्माणको काम थालेका हुन्। हालसम्म करिब चार सय मिटर लामो जैविक तटबन्ध निर्माण गरिएको भजनी- ९ का होमबहादुर बोहोराले बताए। जैविक तटबन्ध निर्माणको अगुवाइ गरिरहेका उनले थप पाँच सय मिटर तटबन्ध निर्माणका लागि श्रमदान कार्य केही दिन जारी रहने बताए।

'पुल कटानको जोखिममा छ, तटबन्ध बनाइदिनुपर्‍यो भनेर पुल निर्माण भएदेखि नै हामी नगरपालिकामा गयौं, संघ र प्रदेशका सांसदलाई भन्यौं,' उनले भने, 'तर, कतैबाट पनि सुनुवाइ नभएपछि हामी आफैं अग्रसर हुनुपरेको हो।' बोहोराले पुल निर्माणका क्रममा दुवैतर्फ पक्की तटबन्ध नबनाइएकाले कटानबाट पुल बग्ने जोखिम रहेको बताए।

बर्खामा उर्लेर आउने कान्द्रा तर्न स्थानीयको एक मात्र सुरक्षित विकल्प यो झोलुङे पुल हो। करिब सात महिनाअघि झोलुङे पुल निर्माण भएपछि स्थानीयले नदी तर्दा भोग्दै

» पृष्ठ २ मा क्रमशः

रुघा लागेको...

पृष्ठ १ बाट क्रमशः

उनलाई ३० लाख उपलब्ध गराउने उल्लेख छ। क्षतिपूर्ति समिति काठमाडौंले निर्धारण गरेको १५ लाख रुपैयाँ क्षतिपूर्तिलाई उच्चले समेत सदर गरेको थियो। यसविरुद्ध विश्वकर्मा सर्वोच्च पुगेका थिए।

सर्वोच्चको फैसलामा छ, '...क्षतिपूर्तिको रकम निर्धारण गर्दा पीडित र पीडितको परिवारले व्यहोर्नुपरेको वा भविष्यमा व्यहोर्नुपर्ने चिकित्सकीय, खर्च, यातायातलगायत अन्य अप्रत्याशित खर्च, कानुन व्यवसायीको खर्च, निजहरूको आर्थिक अवस्था, परिवारको जीवनस्तरअनुसारको गुमेको आय, पीडितको व्यक्तिगत क्षमतामा पुगेको क्षति, उपचार हुन नसक्ने किसिमको शारीरिक वा मानसिक क्षति, पीडितको उमेर र निजलाई हेरचाह गर्नुपर्ने पारिवारिक दायित्व तथा सेवा प्रदायक अस्पतालको आर्थिक तथा व्यावसायिक स्थिति आदि जस्ता मापदण्डलाई ध्यानमा राखी क्षतिपूर्ति निर्धारण गर्नुपर्नेमा दाबी गरिएको रकमभन्दा निकै नै न्यून रकम क्षतिपूर्तिको रूपमा उल्लेख भएको देखिँदा यसमा भएको लापरबाहीको स्तर, पीडित र निजको परिवारको अवस्था तथा अस्पतालसमेतको दायित्वलाई समानुपातिक रूपमा हेर्दा उच्च अदालत पाटनबाट भएको फैसलामा उल्लिखित क्षतिपूर्तिको रकमको हदसम्म न्यायसंगत देखिन आएन,' फैसलामा छ।

रोमबाट...

पृष्ठ १ बाट क्रमशः

गुटेर्रसलाई नेपाल भ्रमणको निमन्त्रणा दिएको जानकारी दिए। भेटमा संयुक्त राष्ट्रसंघ र नेपालबीचको सहकार्य तथा सहयोग, विश्व शान्तिमा नेपालले पुऱ्याएको योगदान, गरिबी निवारण तथा खाध्य सुरक्षाजस्ता विषयमा छलफल भएको प्रधानमन्त्रीले बताए।

'उहाँलाई उपयुक्त समयमा नेपाल भ्रमण गर्नका लागि निमन्त्रणासमेत गरेको छु। निमन्त्रणालाई सहर्ष स्वीकार गर्नुभएको छ,' प्रचण्डले भने। महासचिव गुटेर्रस नेपालप्रति चासोका साथ जानकारी राख्ने शुभचिन्तक रहेको पनि प्रचण्डको भनाइ थियो।

प्रधानमन्त्री प्रचण्डले बंगलादेशका प्रधानमन्त्री शेख हसिनासँग महत्त्वपूर्ण द्विपक्षीय भेटघाट भएको जानकारी दिए। उनले अघिल्लो महिना भारत भ्रमणमा जाँदा भारत भएर नेपालबाट बंगलादेशमा विद्युत् व्यापारका लागि सहजीकरण गर्ने सहमति कार्यान्वयन हुने पनि बताए।

कटानले पुल...

पृष्ठ १ बाट क्रमशः

आएको सास्ती र जोखिम हटेको छ। विगतमा पुल नहुँदा स्थानीयले बर्खायाममा डुंगाबाट जोखिम मोलेर नदी तर्नुपर्ने बाध्यता थियो। हिउँदमा पानी कम हुने भएकाले ठेक्कामा राखिने काठको पुलबाट पैसा तिरेर नदी तर्नुपर्थ्यो। 'पुल बनेपछि निकै सहज भएको छ, तर कटान तीव्र हुँदा बनेको पुल नदीले यसै वर्ष बगाउलाजस्तो भयो,' बोहराले भने, 'बल्लतल्ल बनेको पुल बगेर विगतको जस्तो जोखिम र सास्ती भोग्नु नपरोस् भनेर कटान नियन्त्रणको प्रयास गरिरहेका छौं।' पुल बनेपछि डुंगा विस्थापित भएको उनले बताए।

जैविक तटबन्ध बनाउन स्थानीय सामुदायिक वनबाट कुकाठ, स्याउला र झारपात प्रयोग गरिएको छ। बालुवा राख्न सिँचाइ डिभिजन धनगढीले हजारवटा बोरा दिएको स्थानीयले बताएका छन्। श्रमदानमा सहभागी हुन गाउँका भल्मन्सामार्फत स्थानीयलाई खबर गर्ने गरिएको छ।

बलात्कार आरोपमा मध्यपहाडी सडक आयोजनाका इन्जिनियर पक्राउ

काठमाडौं / घरमा काम गर्न राखेकी किशोरीमाथि पटक-पटक बलात्कारको आरोपमा मध्यपहाडी लोकमार्ग आयोजनाका इन्जिनियर हरिकुमार पोखरेल पक्राउ परेका छन्। त्रिपुरेश्वरस्थित ब्लुक्रस अस्पतालबाट उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका डिएसपी अनिल अधिकारीले बताए। आफूमाथि गत माघदेखि नै बलात्कार र यौनहिंसा हुँदै आएको पीडितको भनाइ छ। सिनामंगलस्थित घरमै महिनौंसम्म हिंसा भएको उनको दाबी छ। दुर्व्यवहार गरेको विषय पीडितले सुरुमा सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेकी थिइन्। पछि प्रहरीमा जाहेरी दिएकी हुन्।

पार्क निर्माणमा साढे ३८ लाख हिनामिना गर्ने प्रमुख प्रशासकीय र इन्जिनियरसहित सातविरुद्ध मुद्दा

काठमाडौं / पार्क निर्माणमा अनियमितता गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रमुख प्रशासकीय अधिकृत र इन्जिनियरसहित सातजनाविरुद्ध विशेष अदालतमा शुक्रबार मुद्दा दायर गरेको छ। मुगुको छाँयानाथ रारा नगरपालिका- २ मा पार्क निर्माण गर्दा अनियमितता गरेको आरोपमा अख्तियारले नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत ललितजंग मल्ल, तत्कालीन लेखापाल रुनबहादुर सेजुवाल, कम्प्युटर अपेरेटर केशरबहादुर रावल, तत्कालीन इन्जिनियर महेशसिंह कठायत र तत्कालीन असिस्टेन्ट सबइन्जिनियर हस्तबहादुर मल्लविरुद्ध मुद्दा दायर गरेको छ। उनीहरूले जिल्ला वन कार्यालयको स्वामित्वमा रहेको जिल्ला वन कार्यालयको कम्पाउन्डभित्रको जग्गामा अनुमति नलिई र निर्माणस्थलको ढुंगो नलगाई पार्क निर्माणका लागि डिजाइन, नक्सा र लागत अनुमान तयार गर्न लगाई स्वीकृत गरेको अख्तियारको आरोप छ। उपभोक्ता समितिलाई ३८ लाख ४७ हजार पाँच सय रुपैयाँ पेस्की उपलब्ध गराएको र जिल्ला वन कार्यालयले अनुमति नदिएकाले सम्भौताबमोजिम पार्क निर्माण हुन नसक्ने अवस्था भई निर्मित संरचनासमेतबाट अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको आरोपपत्रमा उल्लेख छ। उक्त कार्यका लागि उपभोक्ता समितिलाई भुक्तानी भएको पेस्की रकम हिनामिना भएको अख्तियारको दाबी छ। उपभोक्ता समितिका अध्यक्ष विष्णुबहादुर रावल र कोषाध्यक्ष वसन्ती रावललाई ३३ लाख ८२ हजार ४१७ रुपैयाँ बिगो कायम गरिएको छ।

ब्रेकसुमा...

पृष्ठ १ बाट क्रमशः

कूटनीतिक तवरले चासो राखेका छौं,' उनले भने, 'पत्र कार्यालयले रिसिभ पनि गरिसकेको छ।'

भन्सार विभागले सीधै हडकङ भन्सारलाई पत्राचार गर्दै नेपालमा सुन तस्करीको विषयमा भएको छानबिनका लागि सहयोग गर्न पनि आग्रह गरेको छ। नेपाल र हडकङ दुवै 'वर्ल्ड कस्टम अर्गनाइजेसन'का सदस्य छन्। यो अर्गनाइजेसनको सदस्य भएका भन्सारबीच सीधा संवाद र पत्राचार हुने व्यवस्था छ।

यही २ साउनमा हडकङको क्याथे प्यासिफिकको विमानबाट रेडी ट्रेडका नाममा १६० वटा ब्रेकसु भित्रिएको थियो। त्यसमा करिब एक क्विन्टल सुन रहेको प्रारम्भिक अनुमान छ। विशेष सूचनाका आधारमा उक्त सुन राजस्व अनुसन्धान विभागले बरामद गरेको थियो। यस प्रकरणमा संलग्न भएको आरोपमा विभागले हालसम्म १७ जनालाई नियन्त्रणमा लिइसकेको छ भने विभिन्न गोदाममा छापा पनि हानिसकेको छ।

मिलापत्रमा...

पृष्ठ १ बाट क्रमशः

भई सजाय निर्धारण नभएको अवस्थासम्म पनि मिलापत्रमा जान सक्ने व्यवस्था छ। कतिपय अवस्थामा जिल्ला वा तल्लो तहको अदालतबाट फैसला भएर पनि माथिल्लो तहमा फैसला नभएको अवस्थामा समेत मिलापत्रको प्रक्रिया सुरु गर्न सकिन्छ। अदालतले पनि मिलापत्रको निवेदनलाई प्राथमिकता दिने गरेको छ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ मा मिलापत्र हुने व्यवस्था छ। जसमा अनुसूची ३ र ४ अन्तर्गतका कसुरसम्बन्धी कुनै मुद्दामा पक्षहरूको मञ्जुरीले जुनसुकै बखत मिलापत्र गर्न सकिने उल्लेख छ। सामान्यतया जघन्य र गम्भीर फौजदारी मुद्दामा नभई दुनियाँवादी प्रकृतिका मुद्दामा मिलापत्रको अभ्यास सरकारी वकिल कार्यालयले गर्दै आएको छ। मुख्यगरी व्यक्तिबीचको ठगी, चेक अनादर र वैदेशिक रोजगारीका मुद्दामा मिलापत्र हुँदै आएका छन्।

दफा ११७ (२) मा थप व्यवस्था छ, '... सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगारीसम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराइपाऊँ भनी सम्बन्धित सरकारी वकिलसमक्ष दिएको निवेदनउपर कारबाही हुँदा त्यस्तो व्यहोरा मनासिब लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्नेछ।' यसरी हेर्दा कुनै मुद्दा मिलापत्रमा जाने विषय हो वा होइन भन्ने कुरा कानुनका साथै सरकारी वकिलको विवेकमा पनि भर पर्छ।

तर, कतिपय अवस्थामा मातहतका वकिल कार्यालयबाट मुद्दामा मिलापत्रका लागि आउँदा महान्यायाधिवक्ताको कार्यालयले मिलापत्र हुन नसक्ने भनी फर्काइदिने गरेको छ। विविध कारणले फिर्ता पठाइएका निवेदनमा मुद्दा निरन्तर रहन्छन्। आव ०७७/७८ मा १० प्रतिवादी रहेका आठ मुद्दा रित नपुगेकाले फिर्ता पठाइएका थिए। त्यसअघि ०७६/७७ मा १६ प्रतिवादी रहेका ११ वटा मुद्दा यसै कारण फिर्ता पठाइएको महान्यायाधिवक्ताको कार्यालयको प्रतिवेदनले देखाउँछ।

'कतिपय अवस्थामा जाहेरी परेकै अवस्थामा पनि पीडितले पैसा पाइसक्छ वा उसको गुनासो सम्बोधन हुन्छ,' नायब महान्यायाधिवक्ता रेग्मी भन्छन्। कुनै-कुनै मिलापत्रमा पक्षले पैसा नपाउने वा मिलापत्र कार्यान्वयन नहुने अवस्थासमेत हुने गरेको महान्यायाधिवक्ताको कार्यालयको भनाइ छ। ठूला रकम लेनदेन वा ठगीका विषयमा मिलापत्र पाएपछि पुनः कार्यालयले पीडित पक्षलाई रकम पाए-नपाएको सोध्ने गरेको छ।

'मिलापत्रअनुसार सर्त पालना नभएमा पक्ष पुनः सर्त पालना नभएको निवेदन दिनुपर्छ। तर, पालना भएन भन्दैमा पुरानो मुद्दा ब्युँतिने वा निरन्तर रहने भन्ने हुँदैन। त्यो विषय आए पनि देवानी विषय हुन्छ। मिलापत्रको सर्त पालना नगरेको भनेर,' नायब महन्यायाधिवक्ता रेग्मी भन्छन्। यस विषयमा मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ११९ मा छ। उपदफा (२) मा मिलापत्र भएको विषयमा सोही पक्षहरूबीच पछि कुनै कारबाही वा मुद्दा नचल्ने उल्लेख छ।

महान्यायाधिवक्ताको कार्यालयसहितका सरकारी वकिलले पनि मिलापत्रलाई प्रोत्साहन गर्ने गरेका छन्। आफूहरूको नीति नै यस्तो रहेको नायब महान्यायाधिवक्ता रेग्मीले बताए। 'भविष्यमा मिलापत्र हुन सक्ने प्रकृतिका घटना अनुसन्धानकै क्रममा छ भने पनि मुद्दामा नजाँदैको अवस्थामा पक्षले यदि पैसा पायो वा मिलापत्र गर्ने निर्णय गऱ्यो भने हामी मुद्दामा जाँदै जाँदैनौं। मुद्दा नचलाउने गरी निर्णय गर्छौं,' रेग्मीले भने, 'यसले पीडितले न्याय पाएको अनुभूति गर्छ। किनकि कतिपय अवस्थामा अन्तिम अदालतबाट मुद्दा जिते पनि पैसा उठाउन सम्पत्ति देखाउनुपऱ्यो, फैसला कार्यान्वयनका लागि आफैं धाउनुपऱ्यो। उसको कन्सर्न ठगीको पैसा उठाउनु, क्षतिपूर्ति लिनु भन्ने हुन्छ। प्रतिवादीले दिने भनिसकेपछि उसको माग पूरा भयो। प्रतिवादी जेल बसेर डुबेको पैसा आउने होइन।'

अदालत र सरकारी वकिललाई मुद्दाको चाप पनि कम हुने र थुनामा रहनेको संख्या पनि घट्ने हुन्छ। प्रतिवादीले पनि फौजदारी दायित्वबाट मुक्ति पाउँछ। साथै, समाजमा सामञ्जस्यता कायम गर्न र न्यायको उद्देश्य पूरा गर्न पनि मिलापत्र उपयोगी देखिएको छ।

महान्यायाधिवक्ताको कार्यालयले मुद्दा रहेको सम्बन्धित सरकारी वकिल कार्यालय प्रमुखले मिलापत्र गराउने अधिकार प्रत्यायोजन गर्ने निर्णय गरेको छ। यसअघि मातहतका सरकारी वकिलको कार्यालय हुँदै महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता स्तरबाट मात्र मिलापत्रको अन्तिम निर्णय हुने भएकोमा अब जिल्ला र उच्च सरकारी वकिल कार्यालयले नै निर्णय गर्न सक्नेछन्।

यस्ता-यस्ता मुद्दामा हुन्छ मिलापत्र

अपराध संहिताको भाग २ को परिच्छेद ३ मा सार्वजनिक अधिकारीको अख्तियारीको अवज्ञासम्बन्धी कसुर पर्छन्। जस्तो, समाह्वान, इतलायनामा इत्यादिको तामेलीमा बाधा पुऱ्याउन नहुने, यिनका साथै आदेश वा सूचनासमेत नबुझी फर्काउन नहुने, आदेश तामेल हुन नदिई छलेर हिँड्न नहुने, यस्ता कागज उप्काउन वा च्यात्न नहुने, झुटो तरिकाले म्याद तामेल गर्न नहुने, लिखत पेस गर्न इन्कार गर्न नहुने, शपथ लिएको व्यक्तिले झुटा कुरा व्यक्त गर्न नहुने, शपथ गर्न इन्कार गर्न नहुने, जवाफ दिन इन्कार गर्न नहुने, झुटा जानकारी दिन नहुने, बाधा विरोध गर्न नहुने, राष्ट्रसेवकलाई महत दिन इन्कार गर्न नहुने र आदेशको अवज्ञा गर्न नहुने कसुर पर्छन्।

यसका साथै फौजदारी कार्यविधि संहिताको अनुसूचीमा उल्लेख भएअनुसार नेपाल सरकार सम्बन्धित रहेको वा संवैधानिक निकाय, अदालत वा सार्वजनिक अधिकारीको हक, हित वा सरोकार निहित फौजदारी मुद्दामा पनि मिलापत्र हुन सक्ने व्यवस्था छ। त्यस्तै, सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगारीसम्बन्धी मुद्दामा पनि मिलापत्र हुन सक्ने प्रावधान छ। नेपाल सरकार सम्बन्धित रहेको वा संवैधानिक निकाय, अदालत वा सार्वजनिक अधिकारीको हक, हित वा सरोकार समावेश रहेको फौजदारी कसुर पनि मिलापत्रको क्षेत्राधिकारभित्र पर्छन्।

कार्यविधि संहिताको अनुसूची ४ भाग २ को परिच्छेद १४ मा उल्लिखित कुटपिट गर्न नहुने, अंगभंग गर्न नहुने, तेजाब वा अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी कुरूप पार्न नहुनेसमेतका कसुर छन्। आपराधिक बल प्रयोग गर्ने र कसुर गर्ने नियतले बेहोस पारेको कसुरमा पनि मिलापत्र हुन सक्छ। त्यस्तै, ठेक्का वा करारको काममा फरक पारेमा र आपराधिक विश्वासघात गरेको कसुरमा पनि दुई पक्षबीच मिलापत्र हुन सक्छ। यद्यपि, व्यक्ति वा नेपाल सरकारबाहेक अन्य संस्था वादी भएमा मात्र मिलापत्र हुन्छ।

यसैगरी अपराध संहिताको खण्ड २ को परिच्छेद २६ अनुसार व्यक्ति वादी रहेको आपराधिक प्रवेश गरेको, लुटपिट गरेको र कसुर गरी प्राप्त गरेको सम्पत्ति लिएको अपराधमा पनि मिलापत्र हुन सक्छ। अपराध संहिताको भाग ३ मा रहेको गोपनीयताविरुद्धको कसुरमा पनि मिलापत्र हुने व्यवस्था संहितामा छ। जसमा अर्काको कुरा सुन्न वा ध्वनि अंकन गर्न नहुने, गोप्य कुरा प्रकट गर्न नहुने, अनुमतिविना कुनै व्यक्तिको तस्बिर खिच्न वा तस्बिरको स्वरूप बिगार्न नहुने, विनाअनुमति एकको तस्बिर अरूलाई बिक्री गर्न वा दिन नहुनेजस्ता कसुर छन्। चिठी खोल्न वा टेलिफोनमा भएका कुरा सुनेमा विद्युतीय माध्यमद्वारा गोपनीयता भंग गरेमा, छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गरेमा, हैरान पार्ने बदनियतले चिठीपत्र लेखेमा, अरूको शरीरको खानतलासी लिएमा र अरूको आवासमा अनधिकृत प्रवेश गरेमा पनि मिलापत्र हुन सक्छ। यसैगरी व्यक्तिवादी भई दायर हुनुपर्ने फौजदारी प्रकृतिका कसुर पनि मिलापत्र हुन सक्छ।

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

सम्पत्ति कर/वहाल कर/व्यवसाय करमा दिइएको छुट सम्बन्धी सार्वजनिक सूचना !

प्रथम पटक प्रकाशित मिति : २०८०/०४/११

काठमाडौं महानगरपालिकाको आर्थिक ऐनले महानगरपालिकालाई तिर्न/बुझाउन पर्ने **सम्पत्ति कर/वहाल कर/व्यवसाय करमा** तपशिल बमोजिमको छुट सुविधा प्रदान गरेको हुँदा तोकिएको समयावधिभित्र आफ्नो वडा कार्यालयमा उल्लेखित कर दाखिला गरी छुट सुविधाको लाभ लिनुहुन सम्बन्धित करदाताहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

(१) सालबसाली नियमित कर दाखिला गर्ने सम्पत्ति, व्यवसाय, बहाल करदाताहरूका हकमा २०८० पौष मसान्तसम्म कर रकम दाखिला गरेमा चालु आर्थिक वर्षको कर रकमको **१०%** रकम छुट हुने।

(२) महानगर क्षेत्रभित्र सञ्चालित होटल, रिसोर्ट वा चलचित्र घरको नाममा घरजग्गा भई वा लिजमा लिई होटल, रिसोर्ट वा चलचित्र घर निर्माण गरी सञ्चालन भएको करदाताको हकमा बक्यौता सहितको सम्पत्ति कर सम्वत् २०८० पौष मसान्तभित्र चुक्ता गरेमा **थप ३०%** छुट हुने।

(३) व्यवसायिक रुपमा सवारी साधन पार्किङ्ग प्रयोजनका लागि भवन निर्माण गरेमा भवन निर्माण सम्पन्न भएको मितिले **पार्किङ्ग प्रयोजनका लागि प्रयोग हुने क्षेत्रको १० वर्षसम्म सम्पत्ति कर छुट हुनेछ।**

(४) एक वडा एक नमुना उद्यम कार्यक्रम अन्तर्गत सञ्चालित उद्योग वा व्यवसायहरूको दर्ता भएको तीन वर्षसम्म निजले तिर्न बुझाउनुपर्ने व्यवसाय कर र दर्ता शुल्कको **९५%** छुट हुने।

(५) चालु आर्थिक वर्षसम्म करको दायरामा नआएका जुनसुकै उमेरका महिला, जनजाति, दलित, अपाङ्गता भएका र ३५ वर्षभन्दा कम उमेरका युवाका नाममा दर्ता भई सञ्चालनमा रहेका पाँच लाखसम्म पूँजीगत लगानी भएका उद्योग, व्यवसाय, कम्पनी, संस्थाहरूले २०८० पौष मसान्तभित्र कर दाखिला गरेमा जम्मा कर रकमको **४०%** र नियमित कर दाखिला गर्ने करदाताहरुका हकमा कर रकमको **२५%** छुट हुने।

तर, क्रम संख्या ५ मा उल्लेख भएका करदातामध्ये काठमाडौं महानगरपालिकामा स्थायी बसोबास भएका व्यक्ति (नागरिकता वा मतदाता परिचयपत्र वा बसाइ सराइ प्रमाणपत्र भएका)लाई करमा **५०%** छुट हुने।

राजस्व विभाग

नबिल बैंक लिमिटेड, हेटौंडा शाखा, मकवानपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०४/१३)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनु भएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला। अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

मायानाथ जमकटेलको नाति, शेषकान्त जमकटेलको छोरा, मकवानपुर जिल्ला, हाँडीखोला गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ०४ बस्ने, नागरिकता नं. २९/३२२, (जारी मितिः २०५६/०६/०४, स्थान मकवानपुर) भएको **श्री राजु जमकटेल।**

जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. शेषकान्त जमकटेलको नाति, राजु जमकटेलको छोरा, मकवानपुर जिल्ला, मनहरी गा.पा. वडा नं. ०३ स्थायी घर भई हाल मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ०४ बस्ने, नागरिकता नं. ३१/०१/७८/०११७२, (जारी मितिः २०७८/०४/१०, स्थान मकवानपुर) भएको **श्री रोहित जमकटेल।**

२. शेषकान्त जमकटेलको नातिनी, राजु जमकटेलको छोरी, मकवानपुर जिल्ला, मनहरी गा.पा. वडा नं. ०३ स्थायी घर भई हाल मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ०४ बस्ने, नागरिकता नं. ३१/०१/७६/०३२६१, (जारी मितिः २०७६/०३/१६, स्थान मकवानपुर) भएकी **श्रीमती रश्मी जम्कटेल।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :

श्री राजु जमकटेल, श्री रोहित जमकटेल र **श्रीमती रश्मी जम्कटेल**को संयुक्त नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ सिट नं. ४ मा अवस्थित कि.नं. ३१२३ को क्षेत्रफल ०-०-९-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®

प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

तमू बौद्ध सेवा समिति नेपाल

स्थापित-२०४६

Tamu Bauddha Sewa Samiti Nepal

Estd,-1990

TBSS

Regd No. 512/047/048
SWC Regd. No. 15472/060

मिति :२०८०/०४/१२

प्रेस-विज्ञप्ति

ललितानिवास जग्गा प्रकरणमा धरपकड गरी पक्राउ गरिएकामध्ये भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङलाई आजसम्म पनि हिरासतमा राखिएको विषयमा तमू बौद्ध सेवा समिति नेपालको गम्भीर ध्यानाकर्षण भएको छ। भ्रष्टाचार अनुसन्धानको क्रममा सरकारी कागजात किर्ते मुद्दाको यस अभियोगमा सर्वसाधारणको बुझाइमा अन्योल र भ्रमात्मक देखिन्छ। सरकारी अभिलेखअनुसार २०४७/२/१४ को मन्त्रिपरिषद्को निर्णयको आधारमा २०४९/०७/२५ मा सुवर्णशमशेरका हकदारले मालपोत कार्यालयमा दर्ता श्रेस्ता कायम गरी जग्गा धनीपुर्जा पाएको १२ वर्षपछि २०६१/९/९ देखि भाटभटेनी सुपरमार्केटका सञ्चालक गुरुङले आफ्नो र आफन्तको नाममा जग्गा खरिद गर्ने क्रम सुरु गरेको पाइन्छ। आफ्नो नाममा दर्ता श्रेस्ता कायम रहेको जग्गा २०६२ सालमा हालसाबिक गर्नु, २०६७/४/२८ को मन्त्रिपरिषद्को निर्णयले विशिष्ट व्यक्तिहरुको सरकारी निवास भवन परिसर क्षेत्र विस्तार योजनाभित्र परेको जग्गा सट्टाभर्ना लिनु नेपालको संविधानअनुसार सम्पतिसम्बन्धी मौलिक अधिकार हो।

यसर्थ :-

१. मालपोत अड्डाको श्रेस्तामुताबिक कानुनतः सरकारी कर, राजस्व तिरेर जग्गाधनीबाट खरिद गरेको यथार्थ मीनबहादुर स्वयंले सार्वजनिक सञ्चारमाध्यममार्फत स्वीकार गरिसकेको पाइन्छ।

२. राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान दिँदै आएका, रोजगारी, जनसाधारणमा सेवाको पहुँच, शिक्षा, स्वास्थ्य र समाजसेवाको क्षेत्रका विपुल योगदानकर्ता एक देशभक्त नागरिकले जग्गा धनीपुर्जाअनुसार जग्गा खरिद गर्नु स्वाभाविक र नैसर्गिक अधिकार पनि हो।

३. प्रचलित कानुनअनुसार जग्गा खरिद-बिक्री गर्दा मीनबहादुर गुरुङले कस्तो प्रकारको जघन्य अपराध गरेका हुन्, जसका कारण छापामार शैलीमा रातारात पक्राउ गरी थुनामा राख्नुपर्ने अवस्था हो ? एकै प्रकृति र प्रकरणका मुद्दामा केही पक्राउपछि रिहा भएका छन् र केही पक्राउ नै नपरेको अवस्था छ। यसमा राज्यविभेद, षड्यन्त्र, स्वार्थ निर्देशित अर्थराजनीतिक बदनियत रहेको देखिन्छ।

४. यो कुनै जाति, सम्प्रदाय वा समुदायको कुरा होइन, श्रेष्ठ चरित्र तथा कथित राष्ट्रसेवक नीति-नियम र निर्णायक भनाउँदाहरुको बिचौलिया कर्तृत तथा आदेशनात्मक कानुन एवं सञ्चारमाध्यमबाट भ्रम सिर्जना गर्ने एक वर्गविशेष तथा सामन्तवाद अवशेषविरुद्ध सुशासन र न्यायका लागि सम्पूर्ण गुरुङ समुदायको साथै संस्थापक सदस्यको हैसियतले आदिवासी जनजाति महासंघको नेतृत्वलाई समेत सचेतना र ऐक्यबद्धताका लागि हार्दिक अपिल गर्दछौं।

५. देशको राजनीतिक दाउपेचको स्वार्थ पूरा गर्ने हतियारका रूपमा कुनै पनि वर्ग, समुदायका व्यक्तिविशेषलाई लक्षित गरी व्यावसायिक साख ठिगाएर व्यवसायलाई धराशायी बनाउने किसिमले राज्यबाट भएको श्वेतआतंक मच्चाउने कार्य तुरुन्त बन्द गरियोस् भनी नेपाल सरकारसमक्ष जोडदार माग गर्दछौं।

डेलमान गुरुङ
सल्लाहकारकोतर्फबाट

तमू बौद्ध सेवा समिति नेपाल २०४७ अनामनगर, काठमाडौं

नारायण बहादुर गुरुङ
अध्यक्ष

Central Office: Gautam Buddha Marga, Anamnagar-32, P.O Box No. 8975, EPC 7124, Kathmandu, Nepal
Tel.: 01-4243688, Fax: 01-4238095, Email: tbssn2046@yahoo.com, web: www.tbssn2046.org.np

Invitation for Bids

National Sports Council
Government of Nepal (GoN)

Invitation for Bids for the supply and delivery of goods

Date of publication: 2080/04/13

1. National Sports Council invites bids from Nepalese eligible bidders for **Supply and delivery of goods** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of National Sports Council, Kathmandu, Bagmati Province, Nepal.
3. A complete set of Bidding Documents may purchase from office along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **NRs.3000.00** till 2080/05/10 during office hours. Bidder submit their bid by hand only at office address. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Agricultural Development Bank Ltd.
   Name of Office: National Sports Council
   Office Account no: 0210600199238019 (030730)
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

***Bids

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार १३ साउन ०८०
nayapatrikaofficial @naya_patrika


रेशमको बाटो

जेलबाट सीधै मन्त्री क्वाटर पुगेका रेशमको अबको बाटो कता ?



अनिल यादव
aniljournalist2067@gmail.com

राजनीति



> जेलभित्र हुँदा रेशमको खुट्टामा सधैँ टिलिक्क टल्किएको जुत्ता हुन्थ्यो । जुत्ता हेर्दा लाग्थ्यो- उनी कतै टाढा यात्रामा जाँदै छन् । तर, विडम्बना ! उनी जेलको चार दिवारभित्र कैद थिए । चाहेर पनि यात्रामा निस्कन सक्दैनथे । अहिले रेशम खुला संसारमा छन् । यात्राका लागि उनी स्वतन्त्र छन् । यतिखेर धेरैलाई जिज्ञासा छ, 'अब रेशमको बाटो कुन हो ?'

डिल्लीबजार सदरखोरभित्र कैद भएको करिब चार वर्ष भइसकेको थियो । एक दिन पक्कै न्याय पाउने आशासहित आफ्नो रिहाइको दिन कुरिरहेका थिए, रेशम चौधरी । जेलमा रिहा गर्ने आश्वासन लिएर उनलाई भेट्न आउने नेताहरूको कमी थिएन । तैपनि आश्वासनमै सीमित भइरहेको थियो उनको रिहाइ ।

यही कारण जेलभित्र निकै दुःखी थिए उनी । मिति ठ्याक्कै याद छैन उनलाई । एक दिन जेलभित्र खाना खाइरहेका वेला आफ्नो कोठामा एउटा मुसा दौडिरहेको देखे । दुःख परेका वेला साथी भेटेजस्तै भयो उनलाई । तत्काल मुसालाई पाल्ने निधो गरे । नाम राखे- सेरु । सारासँग विश्वास गाँस्दै गएका वेला उनमा अर्को विश्वास जाग्यो- यही सेरुले एक दिन मलाई उन्मुक्ति दिन्छ ।

मुसासँग एक्लै गफिन्थे रेशम । जेलभित्र कैयौँपटक उनको हाँसो र रोदनको एक्लो साक्षी बन्यो, सेरु । पछिल्लो प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनको सम्मुखमा हो, एक दिन सेरुलाई चाउचाउ र कोक खुवाइरहँदा रेशमले भनेको थिएँ, 'सेरु, मेरा धेरै सांसद जिताइदिनु है !'

'नभन्दै म जेलमा हुँदा जन्मिएको नागरिक उन्मुक्ति पार्टीले प्रत्यक्षमा चार र प्रदेश सभामा सात सिट जित्न सफल भयो,' रेशम सम्झन्छन्, 'जेलमा म सेरुसँग एक्लै बोल्थें, ठट्टा गर्थें । मनका कुरा खोल्थें । आज बाहिर निस्किएपछि त्यही कथा मैले मेरा सांसदहरूलाई सुनाएँ । सबै चकित भए । अहिले सबैजना सेरु हाम्रो पहिचान हो भन्छन् ।'

राष्ट्रपतिबाट आममाफी पाएर रेशम जेलबाट छुटेको आज ५० दिन नाघिसक्यो । अहिले उनको साथमा सेरु छैन । सेरु जेलभित्रै छुट्यो । अहिले त्यही सेरुलाई सबैभन्दा बढी मिस गरिरहेका छन्, रेशम । 'दुःख परेको वेला भेटिएको मुसा थियो,' रेशमले सम्झिए, 'एकजना कैदीबन्दी मित्र देवेन्द्र भन्ने साथीले पनि उसलाई पाल्नमा सहयोग गरेका थिए । उनी पनि जेलमुक्त भइसके । त्यही मुसाका कारण मुक्ति पाएको विश्वास गर्थे । अहिले डिल्लीबजार जेलभित्र धेरै कैदीहरू त्यही मुसालाई आफ्नो गहना ठान्छन् । जेलभित्र उसैलाई भगवान् मान्छन् । त्यसैले मलाई बाहिर ल्याउन दिएनन् । मन गाँठो बनाएर मैले पनि सेरुलाई त्यहीं छोडेर आएँ ।'

'अविश्वसनीय' रिहाइ

२०७२ मा राज्यको पुनर्संरचना हुने क्रममा सुदूरपश्चिममा प्रदेशको नामकरणलाई लिएर आन्दोलन चलिरहेको थियो । थारूहरू पहिचानसहितको थरुहट प्रदेशको माग राख्दै आन्दोलनमा थिए भने अर्कोतिर अखण्ड सुदूरपश्चिमको । त्यही क्रममा ७ भदौमा टीकापुरमा हिंसात्मक घटना हुन पुग्यो । घटनामा तत्कालीन सेती अञ्चल प्रहरी प्रमुख एसएसपी लक्ष्मण न्यौपानेसहित आठ प्रहरी र एक बालकको मृत्यु भयो ।

उक्त घटनाको मुख्य अभियुक्त बनाइए, रेशम । त्यसपछि देश छाडेर भाग्न बाध्य उनी राज्यको नजरमा 'फरार अभियुक्त' हुँदाहुँदै ०७४ को निर्वाचनमा कैलाली १ बाट प्रतिनिधिसभाको उम्मेदवार बने । तत्कालीन राजपाबाट चुनाव लडेका उनलाई कैलालीको सीमावर्ती भारतीय गाउँ बेलापरसुवामा लुकेरै बसेको अवस्थामा पनि कैलाली १ का मतदाताले ३४ हजार तीन सय ४१ मत दिएर चुनाव जिताए । तर, त्यसपछि यति ठूलो जनमत पाउँदापाउँदै पनि उनी संसद् छिर्न पाएनन्, डिल्लीबजारस्थित सदरखोरभित्र 'कैदी सांसद' बन्न बाध्य भए ।

जुन पार्टीबाट टिकट लिएर उनले चुनाव जिते, उसले पनि रिहाइका लागि पहल गरेको महसुस नभएपछि अन्ततः रेशमले जेलमा रहँदारहँदै श्रीमती रन्जिता श्रेष्ठलाई अध्यक्ष बनाएर नयाँ पार्टी खोले- नागरिक उन्मुक्ति पार्टी । राज्यबाट उत्पीडनमा परेका नागरिकहरूको उन्मुक्तिको लडाइँ अब आफैँ पार्टी खोलेर लड्ने निष्कर्षमा पुगे ।

यसबीचमा ठूला दलका शीर्ष नेताहरू पटक-पटक उनलाई जेलमा भेट्न नगएका होइनन् । तर, जो जान्थे रिहाइको आश्वासन मात्रै दिन्थे । 'तपाईं निर्दोष हुनुहुन्छ, तपाईंमाथि अन्याय भएको छ, तपाईं छुट्नुपर्छ,' सबै तत्काल रिहा गराउने आश्वासन दिएर जान्थे । तर, ०८० जेठ १५ सम्मको कुरा हो, उनी रिहा हुन सकेका थिएनन् ।

गणतन्त्र दिवसको केही दिनअघिको कुरा हो, टीकापुर घटनामा तीनै तहको अदालतबाट दोषी ठहर भएका रेशमलाई कैद सजाय माफी दिएर रिहाइ गर्ने खबर फैलियो । तर, त्यो खबर यसपटक पनि रेशमले पत्याएका थिएनन् ।

रिहाइ हुनु एक घन्टाअघिसम्म उनलाई आफू छुट्दै छु भन्ने विश्वास थिएन । कारण, पटक-पटक पाएको धोका । अझ त्यसमाथि छुट्ने दिन बिहान आममाफी पाउनेमा सुरुमा १८ जनाको मात्रै नामावली आयो । त्यसवेला उनीसँग नजिक रहेका सहायक जेलर आत्तिँदै उनीकहाँ आएका थिए । जेलको आँगनमा आएर उनले रेशमलाई भने, 'समाचारमा तपाईंले आममाफी पाएको खबर आएकै छ, तर यहाँ तपाईंको नाम आएन ।

एकचोटि बुझ्नुस् न के रैछ ?'

जवाफमा रेशमले भने, 'म के बुझ्छौं र भाइ, मैले फोन गर्न पाउँदिनँ । तपाईं आफैँ बुझ्नुस् ।'

त्यसपछि सहायक जेलरले राष्ट्रपति कार्यालयमा कार्यरत आफ्ना सहकर्मीसँग यसबारे बुझेपछि जवाफ आयो- 'आममाफी भएको हो, पत्र आउँदै छ ।'

लगत्तै त्यसको केही समयपछि गृह मन्त्रालयबाट कारागारमा रिहाइको पत्र आइपुग्यो ।

'तीन दिनका लागि भनेर जेल गएको मान्छे झन्डै साढे चार वर्ष बसिसकेको थिएँ,' रेशम भन्छन्, 'यो बीचमा पटक-पटक मैले मेरो रिहाइको हल्ला सुनिरहेकै थिएँ । सबै ठुल्ठूला नेता अब छुट्नुहुन्छ भन्दै भेट्न आउँथे, तर छुटेको थिइनँ । त्यसैले एक न एक दिन छुट्छु भन्ने त थियो, तर त्यही दिन छुट्छु भन्नेमा विश्वास थिएन । छुट्नुअघिको रात पनि अरू दिनजस्तै बिन्दास तरिकाले नै सुतें । रिहाइको खबर सामान्य लाग्न थालिसकेको थियो । मान्छेले धेरै पीडा खेपेपछि विश्वास हराउने रहेछ ।'

२ जेठमा सर्वोच्च अदालतमा रेशमको मुद्दाको फैसला हुँदै थियो । अब त छोरा छुट्ला भनेर रेशमकी आमा सुल्फीदेवी कैलालीको जगतपुरबाट काठमाडौं आएकी थिइन् । साँझ फैसला आउनुअघिसम्म रिहाइ हुने फैसला आउला भनेर सर्वोच्च अदालतको गेटमा बसिरहेकी थिइन् । तर, फैसला अपेक्षा गरेभन्दा फरक आइदियो । उच्च अदालतले सुनाएको जन्मकैदकै फैसलालाई सर्वोच्चले सदर गऱ्यो ।

आमालाई खबरले पिरोल्यो । आमा न गाउँ फर्किइन्, न रेशमलाई भेट्न जेलमै गइन् । 'आमालाई साह्रै पीडा भएछ, सर्वोच्चको फैसलापछि मलाई भेट्न आउनुभएन,' रेशमले भने, 'आउन मनै लागेनछ । म छुट्ने दिन भने बिहान ६ बजे नै आइपुग्नुभएको थियो । भेट्नेबित्तिकै रुनुभयो, मेरो निधार छाम्नुभयो । मेरो रिहाइमा साह्रै खुसी हुनुहुन्थ्यो । मन्त्रीज्यू (श्रीमती रन्जिता श्रेष्ठ) आउन ढिला भयो, जेलमा मलाई बुझिलाने नै आमा पो हुनुभयो । मन्त्रीज्यू त जेलबाहिर गेटमा पो भेटिनुभयो ।'

> रेशम अहिले भेटघाटमा व्यस्त छन् । जेलबाहिर निस्किएको ६१ दिनमा उनी मेचीदेखि महाकालीसम्मका ३८ जिल्ला पुगे । यसबीचमा उनले गीत रेकर्ड गर्नसमेत भ्याए ।

अबको बाटो

डिल्लीबजार कारागारमा रहँदा रेशमलाई भेट्न आउने नेता, कार्यकर्ता तथा शुभचिन्तकहरूको लर्को हुन्थ्यो । यतिसम्म कि कारागार प्रशासनले उनको नाममा छुट्टै रजिस्टर नै राखेको थियो । जेलभित्र पुग्दा रेशम सधैँ सुटबुटमा ठाँटिएर 'भिआइपी कैदी' भेटघाट क्षेत्रमा व्यस्त भेटिन्थे ।

जेलभित्र हुँदा रेशमको खुट्टामा सधैँ टिलिक्क टल्किएको जुत्ता हुन्थ्यो । जुत्ता हेर्दा लाग्थ्यो- उनी कतै टाढा यात्रामा जाँदै छन् । तर, विडम्बना ! उनी जेलको चार दिवारभित्र कैद थिए । चाहेर पनि यात्रामा निस्कन सक्दैनथे । अहिले रेशम खुला संसारमा छन् । यात्राका लागि उनी स्वतन्त्र छन् । यतिखेर धेरैलाई जिज्ञासा छ, 'अब उनको बाटो के हो ?' जेलबाट सिधै मन्त्री क्वाटर पुगेका रेशमको अबको बाटो कता ?

रेशम सर्टकर्टमा जवाफ दिन्छन्, 'राजनीति नै हो । पार्टीलाई अघि बढाउने हो । पार्टीको कार्यदिशा र रणनीति बनाउने हो ।'

रेशमको रिहाइअघिसम्म उनी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टीको मूल एजेन्डा नै टीकापुर घटना र उनको रिहाइ थियो । तर, अब उनी रिहा भइसके । उनको पार्टीले बोक्ने मुख्य एजेन्डा के त ?

'अबको एजेन्डा पहिचान स्थापना नै हो,' रेशम भन्छन्, 'म पहिचानको

आन्दोलन गरेको मान्छे । पहिचानको आन्दोलन गर्दागर्दै जेल पुगेको मान्छे । त्यसैले स्वाभाविक रूपमा हाम्रो मुख्य एजेन्डा थरुहट प्रदेश नै हो । भौगोलिक सांस्कृतिक पहिचानसहितको संघीयता हाम्रो लक्ष्य हो ।'

रेशम साउनको दोस्रो साताबाट पार्टीको संगठन विस्तारमा होमिँदै छन् । ०८४ को चुनावमा पार्टीलाई राष्ट्रिय दल बनाउने उनको योजना छ । 'जुन पार्टीसँग मुद्दा हुँदैन, उसले व्यक्ति हेरेर भोट दिन्छ । जोसँग मुद्दा हुन्छ, त्यहाँ नेताभन्दा पनि पार्टी हेरिन्छ,' रेशम भन्छन्, 'हाम्रो विजय भनेको उम्मेदवार होइन, मुद्दा हो । हामी मुद्दामा हिँडेको पार्टी भएका नाताले हामी ०८४ को चुनावमा राम्रो परिणाम ल्याउँछौं भन्नेमा ढुक्क छौं । मात्रै असल नेता र नेतृत्व छान्न चुक्नुहुँदैन भन्ने छ ।'

जेलबाहिरका ६१ दिन

रेशमलाई अहिले मान्छेहरू भेटघाट गरेरै फुर्सद छैन । जेलबाहिर निस्किएको ६१ दिनमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका ३८ जिल्ला घुमे उनी । यसबीच उनले गीत रेकर्ड गर्नसमेत भ्याए । चार दिवारबाट बाहिर निस्किएको साढे पाँच वर्षपछि देशव्यापी यात्रामा निस्कँदा भेटिएका पात्र र दृश्यहरूले आश्चर्यमा छन् उनी । थुप्रै परिवर्तन महसुस गरेका छन् ।

त्यसो त परिवर्तन जेलबाट रिहा भएलगत्तै सुरु भयो । फरार सांसद भएका वेला उनी जेल भित्रिएका थिए । निस्कँदा मन्त्रीका श्रीमान् भए । जेलबाट रिहा भएपछि उनलाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री रन्जिता श्रेष्ठले मन्त्री क्वार्टर लिएर गइन् । 'हिजो मेरी श्रीमती काठमाडौंमा एउटा कोठा लिएर डेरामा बस्थिन्,' रेशमले भने, 'मन्त्री हुनु अघिल्लो रातसम्म डेराको एउटा कोठामा थिइन् उनी । अहिले मन्त्री भएपछि क्वार्टरमा छिन् । टीकापुर घटनाले मेरो घर, एफएम, गाडी सबै नष्ट गऱ्यो । त्यसैले म अहिले श्रीमतीको क्वार्टरमै बस्न बाध्य छु ।'

१५ जेठमा रिहा भएकै दिन काठमाडौंमा स्वागत ग्रहण गरेपछि उनी आफ्नो कार्यकर्तालाई धन्यवाद दिन टीकापुर हानिए । नेपालगन्ज एयरपोर्टमा ओर्लिनासाथ उनको स्वागतमा ठूला भिड जम्मा भएको थियो । बाजागाजासहित आएको त्यो भिडमा पाँच-६ जना वृद्धवृद्धाहरूको समूह थियो । जसमा एकजना १०३ वर्षका वृद्ध पनि थिए ।

लौरो टेक्दै आएका ती वृद्धले रेशमलाई फूलको मालाले स्वागत गर्दै भने, 'म सधैँ रेशम चौधरी भेट्न पाइन्छ कि पाइँदैन भनेर सोच्थें । मेरो भाग्य बलियो रहेछ, तिमीलाई यही जुनीमा देख्न पाएँ । अब ढकियामा (नागरिक उन्मुक्ति पार्टीको चुनाव चिह्न) भोट हाल्न पाउँछु कि पाउँदिन थाहा छैन । तर, चिन्ता नलिनू । मैले मेरो परिवारको सबैलाई सम्झाएको छु ।'

ती वृद्धको भनाइले रेशम निःशब्द भए । 'मेरो आँखामा अझै ती वृद्ध आइरहेका छन्,' रेशम भन्छन्, 'जताततै ९०-९५ वर्षका आमाबुबाहरू मलाई माला लगाउन आउनुभएको थियो । मलाई भेट्न आउने, सहानुभूति राख्ने, मलाई सम्झिने सबैको दैलोमा धन्यवाद भन्न पुगेको हुँ ।'

यसबीच सबै दलका शीर्ष नेताहरूले रेशमलाई भेट्न बोलाए । नेताहरू कैलाली पुगेर जसरी निर्दोष भन्थे, त्यही तरिकाले बधाई दिए । धरान उपमहागनरपालिकाका मेयर हर्क साम्पाङलाई भने आफैँ भेट्न पुगे रेशम । हर्कको कामबाट प्रभावित उनलाई श्रम गर्न आवश्यक औजार साबेल, गैँची उपहार दिए ।

जेलमा रहँदा कैदीहरू प्रायः तीन प्रकारका चरा मात्रै देख्छन्, भंगेरा, परेवा र टाढा उडिरहेको चिल । बाहिर निस्किएपछि रेशमले हजारौँ पक्षीको चिरबिराहट देख्न र सुन्न पाए । 'कर्णालीको पानी खाएर हुर्किएको मान्छे अहिले त गाउँमा पनि मिनरल वाटर पिलाउन थालेछन्,' ठट्यौली शैलीमा रेशम भन्छन्, 'व्यापारीकी श्रीमतीले पनि गुछीको ब्याग बोकेको देखेँ । साँच्चै दुनियाँ धेरै परिवर्तन भइसकेछ ।'

न्याय मिल्यो त ?

रेशमको रिहाइलाई लिएर बजारमा अनेक टीकाटिप्पणी भए । कतिपयले उनको आममाफीमाथि प्रश्न उठाए । कतिपयले स्वागत गरे । कतिपय भने उनले सजायमाफी पाएर रिहा हुँदा वास्तविक न्याय नमिलेको बताइरहेका छन् । 'मैले कसरी न्याय पाएँ ? मैले त सहेको मात्रै छु नि,' उनी भावुक सुनिए, 'मेरो पीडा बुझ्नेदिने कोही छैन । भदौ ७ गते टीकापुर घटना हुँदा सबैभन्दा बढी क्षति मैरै भयो । मेरो घर रहेन, रिसोर्ट रहेन, गाडी रहेन, एफएम रहेन, लत्ताकपडा रहेन । पुरातात्त्विक सामान रहेन । एउटा टिसर्ट र पाइन्टबाहेक अरू केही रहेन । आज निस्कँदा मसँग अझै बस्ने घर छैन । अदालतबाट स-सम्मान रिहा हुन्छु भन्ने अपेक्षा थियो तर आममाफी पाएर रिहा हुनुपऱ्यो ।'

अझै पनि काठमाडौंका मान्छेहरूले हत्याराको ट्याग भिराइदिँदा उनको चित्त दुखेको छ । उनी भन्दै थिए, 'मलाई अझै पनि हत्यारा भन्छन्, भाला रोप्यो भन्छन्, त्यही पनि सहनैपर्छ ? म त्यतिबेला मारिएको सानो बच्चाको नाममा टीकापुरमा सालिक बनाउँदै छु । म जेलबाट छुटेको भोलिपल्ट बच्चाको घरमा गएँ । परिवारसँग भलाकुसारी गरेँ । बच्चाको बाजे अहिले पनि भेट्न आइरहनुहुन्छ । घटनामा जसको बच्चा मरेको छ, उसको परिवारले रेशम निर्दोष भनिरहेको छ । तर, सहरमा बस्नेहरूचाहिँ मलाई हत्यारा भनिरहेका छन् । कहिलेकाहीं त रिस उठ्छ, प्रतिकार गरौं कि भन्ने लाग्छ । तर, आफैँलाई अहँ हुँदैन भनेर नियन्त्रण गरिहाल्छु ।'

चिनियाँ युवा श्रमिकमाझ ३५ वर्षको अभिशाप
न जागिर, न विवाह, न बच्चा

करिअर, विवाह र सन्तानबारे महत्त्वपूर्ण निर्णय लिने उमेर मानिने ३०-४० को उमेरमा कामदारले कार्यक्षेत्रमा विभेद भोग्दा त्यो दोहोरो झट्कासरह हुन्छ





ली युआन

समाज

३० वर्ष टेकेपछि नै सेन लियाङको मनमा ३५ वर्षले निम्त्याउने 'अभिशापसम्बन्धी' डरले डेरा जमाउन थालेको थियो। चीनमा व्याप्त एक विश्वासअनुसार लियाङजस्ता उच्चस्तरका कामदारले २५ वर्षको उमेरपछि अपरिहार्य जागिरको असुरक्षाको सामना गर्छन्। यस आमविश्वासअनुसार रोजगारदाताहरू ३५ वर्षमाथिका कामदारलाई नयाँ रोजगारको खोजीमा रहेका कामदारभन्दा महँगो मान्छन्। ती आवश्यक पर्दा ओभरटाइम (अतिरिक्त समय) काम गर्न इच्छुक नहुने मालिकको विश्वास हुन्छ। अहिले ३८ वर्षमा हिँडिरहेका लिआङ प्रविधि क्षेत्रमा प्राविधिज्ञका रूपमा काम गरिरहेका थिए, जो पछि व्यक्तिगत प्रशिक्षक बने। उनी विगत तीन वर्षदेखि बेरोजगार छन्, जसका पछाडि आंशिक रूपमा महामारी र चीनको सुस्त अर्थतन्त्रको पनि भूमिका छ। तर, लियाङलाई भने यसको मुख्य कारण उनको उमेर भएको विश्वास छ। उनी अधिकांश रोजगारदाता (चिनियाँ सरकारसमेत) का लागि धेरै 'बूढा' भइसके।

चीनमा ३५ वर्षको अभिशाप एक मिथ हो भने यसलाई सही देखाउने केही तथ्य पनि छन्। 'म कसरत गर्ने भएकाले आफ्नो उमेरका सहकर्मीभन्दा जवान देखिन्छु। तर, समाजको नजरमा म धेरै बूढो भइसकेँ,' लियाङले एक अन्तर्वार्तामा भने। कोरोना महामारीपछि चीनको आर्थिक पुनरोत्थान निराशाजनक देखिइरहेको छ। बेरोजगारी उच्च छ। यस स्थितिमा चिनियाँ इन्टरनेटमा ३५ वर्षे अभिशापको चर्चा थप चुलिँदै गएको छ। यो परिघटना कसरी सुरु भयो भन्नेबारे केही स्पष्ट छैन, न त यसको सत्यता नै ठोस देखिन्छ। तर, रोजगारीका अवसर घटेको भने यथार्थ हो। यस परिस्थितिमा उमेरसम्बन्धी भेदभाव व्याप्त देखिन्छ। चीनको कानुनले पनि उमेरका आधारमा कार्यक्षेत्रमा गरिने फरक व्यवहारविरुद्ध नबोलेकाले यस्तो कार्य त्यहाँ अवैध छैन। करिअर, विवाह र सन्तानबारे महत्त्वपूर्ण निर्णय लिने ३०-४० वर्षको उमेरमै कामदारले कार्यक्षेत्रमा विभेद भोग्दा त्यो दोहोरो झट्कासरह हुन्छ।

> चीनमा एक विश्वास निकै बलियो छ, रोजगारदाताहरू ३५ वर्ष पुगेपछि युवालाई काममा लिन वा राख्न चाहँदैनन्। केही जागिरका सर्तले यही विश्वासलाई बल प्रदान गर्छन्। यसले श्रमिकको कार्यभारदेखि परिवारसम्म असर गरिरहेको छ।

बेरोजगारीपछि महिनाको १०० डलरभन्दा कमको घरभाडा तिर्न नसक्ने भएपछि लियाङ दक्षिणी चीनको ग्वान्झाउबाट आफ्नो गाउँ फर्किएका छन्। उनले अहिलेसम्म विवाह गरेका छैनन्। उनी मात्र होइन, उनी हाराहारीका परिवारका अरू तीन दाजुभाइ पनि अविवाहित नै छन्। सरकारी कर्मचारी र शिक्षकजस्ता स्थिर जागिर भएका मानिसले मात्रै विवाह र परिवार सुरु गर्न सक्ने अवस्था बनेको लियाङले बताए। रोजगार बजारमा बढ्दो प्रतिस्पर्धा चिनियाँ युवाहरूको ढिलो विवाहको एउटा कारण बनेको राष्ट्रिय स्वास्थ्य आयोगका एक अधिकारीको ठम्माइ छ। हप्तामा एक घन्टा काम गर्ने जो-कोहीलाई रोजगारका रूपमा गणना गर्ने चिनियाँ सरकारको रोजगारी तथ्यांकमा विश्वास गर्न कठिन छ। यस न्यून मापदण्डले सहरी बेरोजगारी दर यो वर्षको अधिकांश समय पाँच प्रतिशतभन्दा केही माथि देखाउँछ, जुन सन् २०१९ को भन्दा राम्रो हो।

कर्पोरेट जगत्का तथ्यांकले भने फरक चित्र प्रस्तुत गर्छन्। देशका सबैभन्दा ठूला इन्टरनेट कम्पनी तथा सबैभन्दा राम्रो तलब दिने रोजगारदाता मानिने अलिबाबा, टेन्सेन्ट र बाइडुले यस वर्षको पहिलो तीन महिनामा महामारीमा उनीहरूले लिएको नयाँ कर्मचारीभन्दा नौ प्रतिशत मात्र कर्मचारी लिएका छन्। यो तथ्य तिनकै वित्तीय रिपोर्टमा उल्लेख छ। चीनका केही ठूला घरजग्गा व्यवसायीले सन् २०२२ मा तिनको श्रमिकको संख्यामा ३०, ५० वा ७० प्रतिशतले घटाए। 'आगामी केही वर्ष रोजगारीका हिसाबले सन् १९७० को उत्तरार्द्धको सुधार र खुलापनकालपछिकै सबैभन्दा चुनौतीपूर्ण समय हुनेछ,' यो कथन अर्थशास्त्री वाङ मिङयुआनको व्यापक सेयर भएको एक लेखमा उल्लेख भएको हो। मिङयुआनले सन् २०२८ सम्ममा १६ देखि ४० वर्ष उमेरका करिब पाँच करोड मानिस बेरोजगार हुन सक्ने उल्लेख गर्दै 'यसले कठिन संकटको शृंखला निम्त्याउन सक्ने' चेतावनी दिएका छन्।

सन् २०२२ मा विवाह दर्ताको संख्या एक वर्षअघिको तुलनामा १०.५ प्रतिशतले घटेर सन् १९८६ यताकै (तथ्यांक सार्वजनिक गर्न थालेको वर्ष) सबैभन्दा न्यून स्थितिमा पुगेको छ। गत वर्ष चीनको जन्मदर सन् १९६१ को ठूलो भोकमरीकालपछि पहिलोपटक घटेको देखियो। उमेर भेदभावले सबै वृद्ध कामदारलाई असर गर्छ, तर मध्य-तीसका कामदारलाई थप तीव्र असर गर्न सक्छ। किनकि तिनले यस्तो अनुभूति पहिलोपटक गर्दा सहन गाह्रो हुन्छ। फ्लिन फ्यान ३० वर्ष लागेपछि नै ३५ वर्षको अभिशापसँग डराउन थालेका थिए। उनलाई त्यही वेला केही वर्षमा नयाँ कामको खोजीमा निस्कँदा सकभर छनोट गरिँदैन भन्ने महसुस भएको थियो। तर, त्यो उमेरअघि उनले अधिक कामको समस्या भोगे। फ्यानले काम गरेको अन्तिम कम्पनीमा उनका अधिकांश सहकर्मी उनीजस्तै अविवाहित थिए। विवाह गरेका सहकर्मीले पनि बालबच्चा पाएका थिएनन्।

धेरै समय ओभरटाइम सिफ्टका लागि कार्यालयमै बिताउनुपर्ने भएपछि परिवारलाई दिने समय बच्ने कुरै भएन। उदाहरणका लागि सन् २०२१ को तीन महिनासम्म फ्यानले सबैभन्दा चाँडो कामबाट निस्किँदा रातको ११ बजेको हुन्थ्यो। उनले त्यस समय एन्जाइटीको औषधी लिन थाले। र, गत वर्षको अन्त्यमा फ्यान र उनका अधिकांश सहकर्मीलाई सांघाईस्थित आर्टिफिसियल इन्टेलिजेन्स कम्पनीले निकालिदियो। विगत ६ महिनामा फ्यानले झन्डै ३०० भन्दा बढी कम्पनीलाई आफ्नो बायोडाटा पठाए। १० वटाजतिले अन्तर्वार्तामा बोलाए, तर कसैले पनि कामको प्रस्ताव गरेनन्। अहिले उनी पहिले लिइरहेकोभन्दा २० देखि ३० प्रतिशत कम तलब दिने काम खोजिरहेका छन्। उनले सांघाईनजिकैका अन्य सहरमा पनि काम खोज्न थालेका छन्। शारीरिक र मानसिक रूपमा फ्यान ३५ वर्षको उमेरमा जवान महसुस गर्छन्। तर, श्रमक्षेत्रका लागि भने ३५ एक 'रोग' बनेको छ।

सिसी झाङ अहिले ३२ वर्षमा हिँडिरहेकी छन्। उनलाई रोजगारदाताहरू अहिले नै धेरै पाको भएको भन्न थालेका छन्। उनले मसँगको कुराकानीका क्रममा एक नयाँ आमालक्षित उत्पादन बेच्ने एक कम्पनीको विज्ञापनको स्क्रिनसट देखाइन्, जसमा ३२ वर्षभन्दा कान्छाहरूले मात्र आवेदन दिन पाउने उल्लेख छ। उनका एकजना पूर्वपर्यवेक्षकले कुनै एक कलेज पास गरेका युवालाई तीन महिनाको तालिम दिएर उनको स्थानमा राख्न सक्ने धम्की दिएका थिए। चिनियाँ कम्पनीहरू आफूसँग पहिले भएको कुराको क्षमता अभिवृद्धि गर्नेभन्दा नयाँ प्रवृत्ति पछ्याउन मन पराउने झाङले बताइन्। त्यसैले कम्पनीका लागि अनुभव र विशेषज्ञताले त्यति महत्त्व राख्दैन।

महिला भएकीले झाङले कार्यस्थलमा थप भेदभावको सामना गर्नुपर्छ। उनी २५ वर्षकी भएदेखि नै रोजगारदाताहरू उनले कहिले बच्चा जन्माउने सोच बनाएको भन्ने प्रश्न गर्थे। उनी र उनको श्रीमान्को त्यस्तो कुनै योजना नभएको बताएपछि फेरि यसबारे उनीहरूका आमाबाबु के सोच्छन् भनेर सोधिन्थ्यो। सेप्टेम्बरमा मार्केटिङको कामबाट निकालिएपछि झाङले हजारभन्दा बढी कम्पनीलाई मेसेज गरिन् होला। करिब तीन सयमा त उनले आफ्नो बायोडाटा नै पठाइन्। थोरैले मात्र अन्तर्वार्तामा बोलाए। अन्ततः गत महिना उनले एउटा सानो कम्पनीबाट जागिरको प्रस्ताव पाइन्। उनले काम स्वीकार गरेकी छन्, तथापि उनले कुनै उत्साह वा खुसी महसुस गरिनन्।

'मेरा आफ्नै अपेक्षा थिए। म पदोन्नति, तलब वृद्धि र राम्रो जीवन चाहन्थेँ। मसँग अब केही अपेक्षा बाँकी छैन। म मात्र बाँच्न चाहन्छु,' झाङले भनिन्। झाङ र उनको श्रीमान्लाई बच्चा पाएर हुर्काउने आत्मविश्वास छैन। उनीहरूले केही रकम ऋण लिएका थिए। उनी बेरोजगार हुँदा श्रीमान्को कमाइ बाँच्न मात्र पुग्थ्यो। कहिलेकाहीँ श्रीमान्ले पनि जागिर गुमाउने हुन् कि भन्ने चिन्ताले सताउँथ्यो। आर्थिक असुरक्षाले उनीहरूलाई बच्चा जन्माउन हच्काएको छ। झाङले इन्टरनेटमाझ लोकप्रिय एक भनाइ उद्धृत गर्दै भनिन्, 'यदि बच्चाले जन्मेपछि तपाईंको त्रास र गरिबी बोक्नुपर्छ भने तिनलाई नजन्माउनु उनीहरूप्रति गरिने उपकार हो।'

३८ वर्षीय प्राविधिज्ञ लियाङले पनि उस्तै धारणा अघि सारे। उनी बालबच्चा मन पराउँछन् तर उनमा पनि आफ्ना सन्तानलाई राम्रो जीवन दिने सक्ने विश्वास छैन। ग्रामीण इलाकामा हुर्केका धेरै चिनियाँ जस्तै लियाङलाई उनका हजुरबा-हजुरआमाले हुर्काएका थिए। त्यो पुस्ताका गाउँले बालबच्चा घरमा हजुरबा-हजुरआमासँग हुर्किरहँदा तिनका बाआमा सहरमा काममा जोतिइरहेका हुन्थे। उनी आफ्ना छोराछोरीलाई पनि आफ्नैजस्तो जीवन दिन चाहँदैनन्। बालबच्चाभन्दा पहिले त उनका सामु काम खोज्नुपर्ने बाध्यता छ। महामारीअघि एकठाउँमा कामका लागि अन्तर्वार्ता दिन जाँदा उनलाई सो उमेरमा पनि किन आवेदन दिइरहेको भन्ने प्रश्न सोधिएको थियो। उनले आफ्नो स्थानीय प्रान्तीय सरकारको जागिरको सूची देखाउँदै भने, 'हेर्नुस्, सबै पदका लागि उमेर हद १८ देखि ३५ छ।' जब मैले ३५ को उमेर पहाडजस्तै भारी महसुस त भएको छैन भनेर सोधेँ, लियाङले जवाफमा भने, 'यो पहाडको भिडजस्तो भएको छ।'

(न्युयोर्क टाइम्सका लागि ली युआनले लेखेको फिचर आलेख श्रवण उप्रेतीले अनुवाद गरेका हुन्। युआन न्युयोर्क टाइम्सका लागि 'न्यु वर्ड कोलम' नामको स्तम्भ लेख्ने गर्छिन्। उनका आलेख चीन र बाँकी विश्वको प्रविधि, व्यवसाय र राजनीतिबारे केन्द्रित हुन्छन्।)

आमा, म सडकमा छु !

त्यसपछि मेरो समय कहालीलाग्दो गडतीरको बाटो पिल्सिएर हिँडिरह्यो



चन्द्रवीर तुम्बापो
neelo.aakash@gmail.com

संस्मरण

भव्य मञ्चमा उक्लिएर हातमा माइक लिई 'हेलो ! माइक टेस्ट-माइक टेस्ट' भन्नेबित्तिकै दर्शकहरू सिट्ठी फुक्दै हुटिङ गर्न थाल्थे। संगीत बज्न सुरु हुन्थ्यो। ठेलमठेल नै हुन्थ्यो। मसँगै दर्शक उफ्रिन्थे, धुलो उडाउने गरी नाच्थे। वेला-वेला म एक लाइन गाएर अर्को लाइनमा दर्शकतिर माइक फर्काउँथेँ। हजारौँ दर्शकलाई असिनपसिन बनाउँदै गाइरहेको हुन्थेँ। बीच-बीचमा 'ताली' भन्दै घोक्रो सुकाउँदै कराउँथेँ। जब स्टेजबाट ओर्लिन्थेँ, तत्क्षण म दर्शकको घेरामा पर्थेँ। अटोग्राफ भ्याई-नभ्याई दिइरहेको हुन्थेँ।

एक चर्चित सेलिब्रेटी गायक हुने एकदम फुर्तिलो सपना जीवनको सुरुवाती कालमा मैले यसरी देखेको थिएँ, जसरी प्रायः मानिसहरूले आ-आफ्नै पाराको सपना देख्ने गर्छन्।

सुदूर पूर्वको पहाडी गाउँको उकाली-ओराली, भिरपाखामा हुर्केको म। ऊवेला क्यासेटको जमाना थियो। राजेशपायल राई, एम बराल, रामकृष्ण ढकाल, नवीन के. भट्टराई, नेपथ्य, नाइटिन सेभेन्टी फोर एडीलगायत थुप्रै चल्तीका गायकका आवाजसँगै म पनि तन्नेरी हुँदै गइरहेको थिएँ। एक नामुद गायक बन्ने सपनाले मभित्र ताते-ताते गरिरहेको थियो।

सम्झना ताजै छ। बिहान एकभारी घाँस-दाउरा घर ल्याएर आमाले पस्किनुभएको तातो भात हाँपभाप निलेर हरियो सर्ट, निलो पाइन्ट लाएर झोलामा किताब बोकेर दमाईंडाँडा उकालो गीत गाउँदै स्कुल पुग्थेँ। कक्षा सुरु हुन्थ्यो। कक्षा सकिनासाथ घाँटी तन्काएर एकफेर घन्काइहाल्थेँ। चार बजेपछि म उही लयमा दमाईंडाँडा ओरालो गीत गाउँदै झर्थेँ। गायक बन्ने सपना किताबको झोलाभन्दा ठूलो-ठूलो हुँदै गइरहेको थियो।

परीक्षाको समय आउँथ्यो। राम्रो नम्बरका लागि साथीहरू रात-रातभर कडा मिहिनेत गर्थे। मैले चाहिँ परीक्षाको अघि वा पछि कहिल्यै मिहिनेत गरिनँ, जति गाउनमा मिहिनेत गर्थेँ। परीक्षाको अघिल्लो रात एकसरो पढिसकेर आँगनको डिलमा उभिएर गीत गाउन थाल्थेँ।

'ए माइला ! भोलि तेरो परीक्षा होइन ? यो तालले कसरी पास हुन्छस् ?' सुतिरहनुभएको आमा तलामाथिको ढोकामा निस्केर कराउनुहुन्थ्यो। म भने आमाको गाली बेवास्ता गर्दै चकमन्न रातमा गीतकै लयमा बगिरहन्थेँ।

'माइला, तैंले भविष्यमा महादुःख पाउँछस् है !'

मेरो ताल देखेर आमा र बुबा हैरानी र दुःखी हुन्थे। जिन्दगीमा स्कुलमै पाइला नटेक्नुभएको मेरो आमाले प्रौढ शिक्षा लिनुभएको यादचाहिँ छ। बुबा पत्रपत्रिकासम्म पढ्न सक्नुहुन्छ। आफूले पढ्न नपाएको आफूले गर्न नसकेको क्षतिपूर्ति छोराछोरीबाट हरेक अभिभावकले खोजेको हुँदो रहेछ। जेहोस् 'रिजल्ट' भने राम्रो नै आउँथ्यो। आमा र बुबा फेरि खुसी भएको देख्थेँ। साथीहरूसमेत छक्क पर्थे।

मेरो आफ्नै ताल थियो। क्यासेट गाउँमा हिट हुँदै गइरहेको थियो। ब्रिटिस, इन्डियन लाहुरेहरू छुट्टीमा फर्किंदा काँधमा थ्री पिस क्यासेट राखेर गाउँ नै थर्किन्जेल घन्काउँदै मगमग पर्फ्युम छर्दै आउँथे। पछि सक्नेहरूले किन्न थाले। क्यासेटमा घुम्न थाल्थ्यो चक्का (रिललाई हामी चक्का भन्थ्यौँ) र घन्किन्थ्यो बिहेभोजमा। माइक थपिन आइपुग्यो। एसिड ब्याट्री भित्रियो। एम्प्लिफायरमा रिल राखेर माइनस-प्लस तार एसिड ब्याट्रीमा जोडेर क्याचक्क औँलाले थिचेपछि वारि-पारि गाउँ घन्किन्थ्यो। मेला-हाटमा धान नाच्दा पालामको साटो अरू नै गीत गाउन थाले सोल्टी-सोल्टिनीहरू। लिम्बू दाजु र भाउजू पनि अप्ठ्यारो पाराले कम्मर मर्काउँदै नाचेको पहिलोपटक देखे गाउँलेहरूले। सामाजिक कार्य चुम्लुङतिर हाक्पारे, ख्यालीहरू रमितेजस्तै हुन थालेका थिए। अलि पछिबाट हिन्दी गीतहरू पनि घन्किन थाल्यो। क्यासेट संस्कृतिबाट ग्रसित म ऊवेला गायक बन्ने सपनाको लिकमा दौडिरहेको एउटा फुच्चे रेल थिएँ।

विद्यालयमा हरेक शुक्रबार 'अतिरक्त क्रियाकलाप' हुन्थ्यो। हरेक विद्यार्थीहरूले आफ्नो क्षमता प्रदर्शन गर्थे। म उही तरिकाले गाउँथेँ। थपडी बज्थ्यो। शिक्षक र साथीहरूले मेरो गलाको तारिफ गर्थे। युद्ध जितेको सिपाहीभन्दा खुसी हुन्थेँ म। भोकल कहाँ सिक्ने ? वाद्यवादन कता सिकाइन्छ होला ? म त जसरी पनि सिक्न चाहन्थेँ। यिनै पिरहरूले मलाई अब दुःख दिन थालेको थियो।

'काठमाडौँमा राम्रो 'क्लास' हुन्छ। राम्रा गुरुहरू उतै बस्छन्, सिकाउँछन्।'

गाउँकै एकजना दाइले क्यारामबोर्ड खेल्दा यसरी बतायो। फेरि पिर थपियो। काठमाडौँ जाने कसरी ? भैँसी बेचेर जाऊँ कि गोरु बेचेर हिडूँ ? अहँ, यो सम्भव थिएन। जान त जाने, तर कसरी जाने ? रन्थनिएँ। पिल्लिक्कै दिमाग बल्यो। जुक्ति आयो। पैसा चोरेर काठमाडौँ भाग्ने। यो पनि थाहा थियो कि ललितपुर नखीपोटमा छेमा र मामाहरू बस्छन्।

एक दिन कोही घर नभएको मौका छोपेर आमाको सिरानीमुनिबाट चाबी निकालेँ र बाक्सा खोलेँ। खोतल्दै गएँ, पट्याइएका लुगाहरूको बीचमा थैली राखिएको थियो। खोलेर हेर्दा केही पैसा भेटियो। एक टुक्रा चारआनाबराबरको सुन पनि टिलिक्क टल्किएर बसेको थियो। पैसा छोडेँ सुन झिकेँ। जिल्ला सदरमुकाम फेदेन (फिदिम) बजारको एउटा सुन पसलमा बेचेँ। ठ्याक्क याद छैन, सायद दुई हजार वा बाइस सयजति हत्केलामा आयो। लगत्तै गाडी 'स्टेसन' पुगेँ- बिर्तामोडसम्मको टिकट काटेँ।

बिर्तामोडबाट काठमाडौँको नाइट बस समातेँ। ललितपुर नखीपोट छेमा र मामाकोमा आइपुगेँ। भोकल क्लास कता हुन्छ, संगीत कहाँ सिकाउँछ, न छेमालाई थाहा थियो, न मामालाई। सास रोकियो। चौपट भएको थियो मेरो सपना। लगभग पन्ध्र दिनपछि बुबा टुप्लुक्क देखा पर्नु भो।

'कता-कताचाहिँ खोजिनँ यसलाई ?'

बुबाको निधारभरि चिन्ता र हैरानीका रेखाहरू प्रस्टसँग देखेँ। 'हेर् माइला ! आमाको सुन चोर्नुहुन्छ त ? आइन्दा नचोर् है छोरा।' मैले मुन्टो हल्लाएँ।


त्यसको तीन दिनपछि छेमाले सर्ट, पाइन्ट, भेस्ट र एकजोर जुत्ता मेरो हातमा राखेर फकाउँदै भन्नु भो, 'पहिला एसएलसी पास गरेर आइज, यतै पढ्, त्यैबेला भोकल क्लास पनि लिनू। लु बुबासँग घर जा !'

बुबाले भने केही पनि किनिदिनुभएन। ढुन्मुनिँदै कोठाको भित्तामा पुग्ने गरी दुई लात आएकै दिन दिनुभएको थियो। बुबासँग नाइट-बस चढेर गाउँ आइपुगेँ।

गाउँ पुग्दा थाहा पाएँ, म चन्द्रवीरबाट 'सुन माइला' भइसकेछु।

गाउँदै, पढ्दै कटाइरहेँ वर्षहरू। गायक बन्ने रहर छातीमा उस्तैगरी बलिरहेकै थियो।

एकदिन एसएलसीमा पास हुनेहरूको नम्बर गोरखापत्रमा छापियो। तर, मेरो नम्बर गायब थियो। सम्झिएँ, एसएलसी परीक्षाको ठिक तीन-चार महिनाअघि मेरो पहिलो प्रेम टुटेको थियो। त्यसपछिका दिनहरू विरक्तलाग्दा भएर आए। किताबसँग दूर हुँदै गएँ। नारायण गोपाल, भक्तराज आचार्य, अरुण थापाका उदास गीतहरूसँग एकान्तमा भेट्दै गएँ।




त्यसै क्रममा जेठ महिनाको तेस्रो सातातिर तमोर नदीको झोलुंगे पुलको लठारो समात्न पुगेँ। यस क्षण ती अन्जान तर महान् मानिसलाई सम्झिरहेको छु। जो पुलपारि घाँस-दाउरा गरिरहेको रहेछ। जसले तमोरका माछाहरूको चारो बन्न दिएन मलाई। र, त अहिले तपाईंहरूको माझमा छु। कहाँ होला त्यो महान् मानिस ? तपाईं जता भए पनि तपाईंप्रति मेरो शिर झुकाएको छु सधैँ। भुइँसोरी सेवारो गरेको छु। स्वयं तपाईंको जीवन कस्तो थियो ? कहिल्यै थाहा भएन तर मलाई दोस्रो सुन्दर जीवन दिनुभयो।

बुबा र आमाको अनेक अनुरोधले फेरि दोस्रोपटक एसएलसी परीक्षामा सामेल भएँ। फेरि गोरखापत्रमा मेरो नम्बर अटाएन। आमा र बुबाको मुहारमा वर्षभरि अँध्यारोले वास गरिरह्यो। मेरो समय कहालीलाग्दो गड्तीरको बाटो पिल्सिएर हिँडिरह्यो। यतिका बाबजुद पनि साथीभाइकहाँ पुग्थेँ, हाँस्थेँ र रमाउँथेँ। उनीहरूसँग छुट्टेपछि अर्को हालतमा पुग्थेँ। त्यसपछि किताबका पानाहरू सदाका लागि बन्द गरिदिएँ।

मेरो घरभन्दा आधा घन्टामाथि तीनमौलेमुनि साहित्यकार वीरेन्द्र तुम्बापो 'प्रतीक' बस्नुहुन्थ्यो। साइनोले उहाँ काका। एक दिन उनै प्रतीक काकालाई भेट्न उहाँको घर पुगेँ। 'तिमी त फलाना दाइको छोरा होइन ?' मैले 'हो' भनेँ।

उहाँ आसाम, मेघालय पढेर आउनुभएको। उतै पढ्दापढ्दै साहित्य, कविता लेख्न थाल्नुभएको रहेछ। गाउँ आइपुग्दा साहित्य, कविता पनि सँगै लिएर आउनुभएको थियो। भारतीय, अफ्रिकी, प्यालेस्टाइनी कविहरूको कविता मिठो भाषामा अनुवाद गर्नुभएको छ। काठमाडौँले कहिल्यै चिनेन। आफूलाई चिनाउन काठमाडौँ पनि आउनुभएन। घर जाँदा भेटेर फर्किन्थेँ। एकपटक भनेको थिएँ, 'काका तपाईंको कविता संग्रह छाप्ने चाँजोपाँजो मिलाउँछु। पाण्डुलिपि छ

ऐँठन : इतिहासमाथि पूर्वाग्रही कथन



डिकर्ण मल्ल
dikarnamalla1234@gmail.com

समीक्षा

> युद्धको क्रूरता व्यक्त गर्न सक्ने योभन्दा शक्तिशाली अन्य कुन भाषा होला र ? मानवीय संवेदनाको अन्तिम तहलाई समेत मजैले पगाल्न सक्ने ओझाको लेखनशैलीप्रति हरकोही कायल हुन्छ।

भर्खरै प्रकाशित विवेक ओझाको उपन्यास 'ऐँठन'को मूल कथा एकजना युद्धबन्दीवरिपरि घुम्छ। कथन कुनै मानसिक अवस्थाबाट सुरु हुन्छ, जहाँ संसारभरका युद्धबाट प्रभावित युद्धबन्दीहरू हुन्छन्। हरेक पात्र फल्यासब्याकमा गएर आ-आफ्नो कथा कथ्ने र ती घटनामाथि विवेचना गर्ने गर्छन्।

युद्ध प्रभावितहरूले भोगेका रक्तपातपूर्ण निर्मम नियतिमाथिको सादृश्य बेलीविस्तार छिचोल्न ठूलै मुटु चाहिन्छ। सुरुमै भनिहालौँ, यदि तपाईं युद्ध र त्यसबाट हुने मानवीय क्षत्-विक्षत् दृश्यवलोकन गर्न सक्नुहुन्न भने यो उपन्यास नपढेकै राम्रो।

पहिलो उपन्यास 'ऐलानी'बाट चर्चा बटुलेका ओझाको भाषाशैली र प्लट बुन्ने कौशलमाथि कुनै प्रश्न छैन। बरु यहाँ सिँगो 'ऐँठन'को कथावस्तु र त्यसले स्थापित गर्ने भाष्यमाथिको वस्तुगत खण्डन गरिनेछ।

'अक्षर र हतियारमध्ये कुन बलियो र खतरनाक हुन्छ ?'

'त्यो चलाउने मान्छेमा भर पर्छ, तर चेतनाको जन्मसँगै हतियारको मृत्यु हुनुपर्थ्यो।'

'किन चेतनाको जन्मसँगै हतियारको मृत्यु भएन त ?'

'मान्छेको अहंले चेतनाको आँखामा पट्टी बाँधेको छ।'

'धरतीमा बन्दुक समाउने प्रत्येक हात कुहिएर झरून् र फूल समाउने हात पलाऊन्।'

यी संवादबाट बुझ्न सकिन्छ, यहाँ लेखक सुरुमै पाठकसामु महान् मानवतावादी दृष्टिकोण पेस गर्छन्। लाग्छ, उनी स्वभावैले शान्तिप्रेमी हुन्। त्यसैअनुसार युद्ध प्रताडित पात्रहरूको निर्माण गरी उनका विद्रूपपूर्ण विगतको कथन र मञ्चन गर्न त लगाउँछन्, तर अन्त्यमा युद्धरहित समाजको परिकल्पना पेस गर्न चुक्छन्। किनकि त्यो सम्भव नै छैन। युद्धको इतिहास त्यसो हुँदैन, संसारमा युद्धहरू हुन्छन् नै र त्यसको परिणाम भोगिरहनुपर्छ। बरु युद्धहरू किन हुन्छन् ? यो प्रश्न जटिल हो।

संसारका हरेक युद्ध हिटलरको नाजी राष्ट्रवाद विस्तार वा ठूला साम्राज्यवादी शक्तिराष्ट्रद्वारा साना र कमजोर राष्ट्रमाथि गरिने थिचोमिचो जस्तो हुँदैनन्। तिनका आफ्नै पृष्ठभूमि र परिणामका आशय हुन्छन्। यहाँ लेखकले ती सबै घटना एकै ठाउँमा जोडेर समीक्षा गर्ने जुन कोसिस गरेका छन्, त्यसबाट जनताद्वारा गरिने विद्रोह (जनयुद्ध)माथि अपमान हुन जान्छ।

नेपाली समाजमा वर्तमान उपलब्धिको आँकडाबाट भन्न सकिन्छ कि जनयुद्ध त्यसवेलाको निरंकुश सत्ता अवसानका लागि वास्तवमै जायज थियो। आजको नेतृत्व र तिनको वैचारिक स्खलनमाथिको प्रश्न भने बेग्लै होला। यसैको आधारमा त्यो जनयुद्ध नै गलत थियो भन्न मिल्दैन। उपन्यासमा एउटा युद्धबन्दी पात्रले सबै पक्षलाई क्रूर देख्यो र त्यसरी नै प्रस्तुत गऱ्यो वा त्यो समय त्यस्तै थियो होला भनेर भूमिगत जनयुद्धको कुनै साक्षी पाठकले पत्याउला कि नपत्याउला ?

छापामार र सेनाबीच भिडन्तमा परेकी घाइते श्रीमतीलाई 'बबन'ले बोकेर अस्पताल लैजाँदै गर्दा सँगै मृत छोरा र आफू शिक्षक हुनुको दृश्य साक्षी भइरहँदा पनि विनाकुनै अपराध छापामारको अपहरणमा परेको वर्णन उपन्यास प्रवेशको सबैभन्दा कमजोर बिन्दु हो। उपन्यासमा राज्यद्वारा पीडित विधवा आक्रोश बोकेर भूमिगत हुने परिस्थिति भने यथार्थ हो, तर छापामारका बन्दीहरूले भोगेको नियतिमाथि सन्देह गर्न सकिन्छ।

उपन्यासमा त्यस्तो कुनै दृश्य छैन, जो परिवर्तनको खातिर लड्ने कमरेडहरूद्वारा जनतालाई उत्पीडन नगरिएको होस्। राज्यपक्षका सेनाभन्दा उनीहरूलाई बलात्कारी, लुटेरा र क्रूर हत्यारा देखाइएको छ। हरेक पात्र परपीडक छन्। छापामार संगठनभित्रको सुरुमा सबैभन्दा अनुकूल देखाइएको कमान्डर पात्र राकेश पनि अन्ततः कैदी स्त्री पात्र रश्मीलाई धम्क्याएर जबर्जस्ती शारीरिक सम्बन्ध राखेर मात्र रिहाई दिन्छ। यस्ता दृश्यबाट निरंकुश सत्ता र समाज उल्ट्याइदिने विद्रोहको दर्शन बोकेका कमरेडहरूको स्कुलिङ के यही थियो होला र ? विश्वास गर्न मुस्किल पर्छ। उपन्यास पढ्दै जाँदा कहींकतै लेखकको युद्धलाई बुझ्ने र व्याख्या गर्ने पूर्वाग्रही चेतना हाबी भयो कि भन्ने लाग्छ।

भने दिनुहोस् !'

तर उहाँले 'अलि टायम लाग्छ ।' भन्नुभएको थियो ।

'अर्को खेप आउँदाचाहिँ पाण्डुलिपि तयार गर्नू है, छाप्ने जिम्मा मेरो भो !' यस्तो वाचा गरेर काठमाडौं फर्केको थिएँ । अर्को साल जाँदा उहाँलाई भेट्न पाइनँ, उहाँ बितेको समाचार आयो ।

त्यही पहिलो भेटमा उहाँले फ्याट्टै भन्नुभो, 'बैरागी काइँला पढ्यौ ? छैन भने काइँलाको घर यहीं पौवासारताप हो नि, नेम्बाङ हो । डब्बल सुब्बाको छोरा ।'

म ट्वाल्ल पर्ें ।

'सरप्राइज' भन्छन् नि, हो त्यस्तै भएँ । लिम्बूहरू कवि हुन्छन् भन्ने सोचेकै थिइनँ । बैरागी काइँलाको नाम सुनेकै थिएँ । पौवासारतापको हो । दार्जिलिङ पढेका ठूला तेम्मा आयमेली कवि हुन् । यतिसम्म सुनेको थिएँ ।

त्यसपछि बिस्तारै साहित्यतिर मन डोरिन थाल्यो । जिल्लाका कवि लेखकहरूलाई खोज्न थालें । किताबको पाना सदाका लागि बन्द गरेको थिएँ । तर, कविता, कथा र उपन्यासको पाना सदाका लागि पल्टाउन सुरु गरेँ । गजल, कविता, मुक्तक र हवाई पत्रिका ऊवेला पान्थरमा खुब मौलाएको थियो । चिया दोकानमा कतै चोकमा दुई-चार भाइ जम्काभेट हुनेबित्तिकै कवितागोष्ठी सुरु भइहाल्थ्यो । नित्से, ज्याक डेरिडा, चेखब, विनिर्माण, ल्यड्स्टन ह्युज पहिलोपटक जिल्लाका अग्रणी साहित्यकार थाम्सुहाङ पुष्प सुब्बाको मुखबाट सुन्न पाएँ । र, सुनें बडे-बडे कवि, लेखकहरू काठमाडौंमा बस्छन् । ती कवि, लेखकहरू भेट्ने र कवि हुने रहरले टुसा हाल्न थाल्यो । घरमा फेरि 'काठमाडौं जान्छु' भन्न थालें । कसैले 'हुन्छ' पनि भनेन, हुँदैन पनि भनेन ।

एक दिन आमाको 'होलबडी' चेकअप र मेरो स्वास्थ्य चेक गर्न बुबाआमासँगै म काँकडभिट्टापारि पश्चिम बंगाल भारतको सिलिगुडी झर्‍यौं । सिलिगुडीबाट काम सकाएर काँकडभिट्टा फर्कंपछि बुबाले नाइट-बसको टिकटसँगै केही हजार पैसा मेरो हातमा राखिदिनुभयो । आमासँग भएको एक हजार रुपैयाँ हत्तपत्त पोल्टाबाट झिकेर थप्नुभो ।

'भाग्यमानी हुनू । हाँकेको ताकेको पुगोस् । आयु पूरा हुनू !'

नाइट-बस चढ्ने वेला आमाले आशीर्वाद दिनुभो । आमाको अनुहार धेरै नै मलिन थियो । अर्कोपटक कवि हुने शीर्षक बोकेर म यसरी काठमाडौं छिर्ें ।

राजधानीका कवि, लेखक, समीक्षक र समालोचकहरूसँग दोस्ती बढ्दै गयो । साहित्यमा रंगवाद आन्दोलनका अभियन्ताद्वय धर्मेन्द्र विक्रम नेम्बाङ दाइ र स्व. स्वप्निल स्मृतिजीले मलाई रंगवाद आन्दोलनमा भर्ती गराउनुभयो । त्यसपछि के चाहियो र ? प्रायः साहित्यिक गोष्ठी, कवि गोष्ठी थाहा पाएको तर नबोलाएको प्रत्येक कार्यक्रममा जान थालें । चोक, गल्ली, चिया, पसल, भट्टी पसलमा कवितामाथि कविजीहरूसँग बहस छेड्न सुरु गरियो । कति-कति चिया पसलको टेबुल, भट्टी पसलको टेबुल ठोकियो । पाखुरा सुर्कियो ।





> खै, कसो-कसो एकदिन बरालिँदै माइतीघर मण्डला पुर्गें । टन्टलापुर घाममा मेरा आमाबुबा उमेरका मानिसहरू अधिकारका लागि मुठी कस्दै उभिरहेको भेटें । हर्षले हो या खुसीले ! ती आमाबुबा देखेर मेरा आँखा रसाए । सोचें, लड्न बाँकी लडाइँ कति रहेछन् कति ! आमाबुबाहरू त लडिरहेका छन्, म किन हार खाँदै छु ?

उन्नाइस दिने जनआन्दोलनपछि रंगवादको ब्यानरबाट मेरो पहिलो कविता संग्रह 'भीरै भीर रंगै रंग' आयो, जुन निकै कच्चा र कमसल छ, तर एक-दुई थोक नयाँ काम गरेका थियौं । शब्द र व्याकरण भत्काएका थियौं । 'कविता'लाई 'कवीता' र 'जीवन'लाई 'जिवन' लेखेका थियौं । किताबको पेज नं. उल्टाएका थियौं । अरू किताबको पेज नं. एकबाट सुरु भएर सयमा टुंगिन्थ्यो । हामीले चाहिँ सयबाट सुरु गरेर एकमा टुंग्याउन थाल्यौं । एकल सत्ता, एकल नश्ल, एकल सौन्दर्य, एकल रंगका विरुद्ध थियो त्यो विद्रोह । औपचारिक रूपमा ठाडो गणतन्त्रको शंखघोष थियो यो । पत्रपत्रिकातिर मेरो नाम छापिन थाल्यो । समालोचक, समीक्षकहरूको कलमबाट मेरो नाम उच्चारित हुन थाल्यो । म फुरुंग थिएँ ।

यसैबीच मेरो दाजु र दिदीको बिहे भइसकेको थियो । रोलक्रमअनुसार बिहेको आग्रह परिवारबाट आउन थाल्यो । सजिलै टारिदिएँ । अलिपछिबाट दबाब सुरु हुन थाल्यो, टार्न थालें । सक्षम भएपछि आफ्नो खुट्टामा उभिएपछि मात्रै बिहे गर्नुपर्छ । समाजले मलाई यही सिकाएको थियो । समाजले भनेकोजस्तो न सक्षम थिएँ, न आफ्नै खुट्टामा उभिएको थिएँ । सदावहार बेरोजगार थिएँ, छु । सम्पत्तिको नाउँमा साथीहरूले उपहार दिएका पुरानो मोबाइल र बुबाले बनाइदिनुभएको थोत्रो नागरिकताबाहेक केही पनि थिएन, छैन । न समाजले भनेको जस्तो हुनेवाला थिएँ, न त हुनेवाला छु । सक्षम अक्षमभन्दा पनि विवाह संस्था लफडादायक लागेको हो । विवाह गरेपछि दाजुभाइ, आमा, छोराछोरीसँग अंश बाँडफाँड गरेर छुट्नुपर्थ्यो । भागिरहैं, भागिरहेको छु । तीव्र झनै तीव्र दबाब आउन थालेपछि घर पनि पातलो जान थाल्यें ।

आजभन्दा करिब नौ वर्षपहिले घर फुदा आमाको अनुहारमा चाउरी निकै थपिएको देखें । त्यो वेला पो चारआना सुनको याद आयो । भित्रभित्रै धुरुक्क रोएँ । आफैंलाई धिक्कारें । मनमनै आमाको चारआना सुन फिर्ता गर्छु । वाचा गरें तर आजसम्म फिर्ता गर्न सकेको छुइनँ । एक बेकामे नालायक छोरा भएर बाँचेको छु ।

त्यो साल घरबाट काठमाडौं फर्किंदा बिदाइमा आमाले, 'तेरो पखेटा हालेको छु र पो क्षितिज परपरसम्म उडिरहेको छस् । तर, गुँडमा फर्किनू । ल राम्रोसँग जा !' भन्नुभो । पहिलोपटक घरबाट काठमाडौं फर्किंदा रोएको थिएँ । त्यसपछि हरेकपटक आमालाई छोडेर आउँदा हिक्का फुट्छ । समाजले त 'छोरा मान्छे रुनु हुँदैन' भन्छन् । कठोर बनाउँछ, तर कहाँ कठोर हुनु नि ! भित्रभित्रै पग्लिएर सिद्धिने रछ मजस्तो मान्छे । म त्यही हुँ, धेरैपटक एक्लै रोएको छु । पटक-पटक साथीहरूको माझ रोएको छु ।

किताब विमोचन, कविता गोष्ठी, बहस तथा साहित्यिक सभा-सम्मेलनमा उपस्थिति निरन्तर थियो । कविता गोष्ठीमा गएर कविता वाचन गरेर थपडी बटुल्दैमा कवि भइन्छ ? दुई-चार थान कविता पत्रपत्रिकामा छापिँदैमा र संग्रह निकालेर के कवि भइन्छ ? एक रात आफूले आफैंले प्रश्न गर्ें । अहँ, भइँदैन- जवाफ यहीं दिएँ ।

सिंगो नेपाली कवितालाई नयाँ दिशा दिनलाई राम्रो कविता लेखेर मात्रै हुँदैन, 'खतरा कविता' पो लेख्नुपर्छ । राम्रो कविता लेख्ने अग्रज र समकक्षी कविहरूप्रति असम्मान गरेको पटक्कै होइन । सधैं सम्मानपूर्वक शिरमा राखेर हिँडेको छु । हामी उही भूपी र रिमाल काव्य संरचनामा घुमिरहेका छौं कि ? उही बैरागी काइँलाको डोब पछ्याएर कवि हुने गोलचक्करमा छौं कि ? कस्तो-कस्तो दिक्दार पो भयो मन । त्यही दिनदेखि विमोचन, गोष्ठी साहित्यिक सभा-सम्मेलनमा कमै मात्र भाग लिन थालें । कविताहरू लगभग पत्रपत्रिकामा छपाउन छोडें । तर, कविता लेखिरहेको पनि छु । टाढिन कहाँ सकिन्छ र !

बिहेको दबाब चर्को आइनै रहेपछि पछिल्लोपटक घर जाँदा आमालाई भनें, 'आमा अब म बिहे गर्छु ।'

लामो अँध्यारोपछि कोठामा अचानक मैनबत्ती बलेजस्तै आमा र परिवारको अनुहारमा धप्प खुसी बलेको थियो । त्यो समय प्रेममा थिएँ । यो त्यही वर्षको कुरा हो, जतिवेला हामीले वीरेन्द्र प्रतीकलाई गुमाएका थियौं । परिवारको प्लस मेरो खुसी बोकेर काठमाडौं फर्कें । मैन सकियो र बत्ती निभ्यो । जिन्दगीको अन्तिम प्रेमिकासँगको प्रेम पनि टुट्यो । फेरि मेरो कहानीमा अँध्यारो अध्याय सुरु भयो । असफल गायक, असफल कवि र असफल प्रेमी, म तीनैवटा भएँ । यो असफल तीन अनुहार बोकेर त्यो वर्षदेखि आमालाई भेट्न गएको पनि छैन ।

पहिलो प्रेम 'ब्रेकअप' हुँदा तमोरको झोलुंगे पुलमा पुगेको थिएँ । यसपटक प्रेम टुट्दा त्यस्तो कुनै हर्कत गरिनँ । तर, मेरो शब्दकोशमा 'प्रेम' र 'विश्वास' यी दुइटा शब्दमाथि टिपेक्स लगाएँ ।

यसपछि गहिरो सन्नाटाले भित्रभित्रै छोप्दै लग्यो । साथीभाइसँग भेटघाट पातलो बनाउँदै लगें । भृकुटीमण्डप र बागबजार पनि वेला-वेला मात्रै पुग्थें । तर्किन थालें- परिवारबाट, साथीभाइबाट, दुखाइरहने परिस्थितिहरूबाट ।


अब एक्लै टाढा बिरानो ठाउँमा जान्छु, जहाँ मेरो परिवार, साथीभाइ, आफन्त कोही-कोही पनि आइनपुगून् । उतै जे पाए पनि काम गर्छु । र यो दुनियाँमा कहिल्यै फर्केर आउँदिनँ । यस्तै-यस्तै सोचहरू आउन थाल्यो । रुखबाट ओइलिएर पातहरूमा समय झरिरह्यो ।

खै, कसो-कसो एकदिन बरालिँदै माइतीघर मण्डला पुर्गें । टन्टलापुर घाममा मेरो आमा उमेरका आमाहरू अधिकारका लागि मुठी कस्दै उभिरहेको भेटें । मेरो बुबा उमेरका बुबाहरू नारा लगाइरहेको देखें । ऊवेला शान्ति र गणतन्त्रका लागि उन्नाइसदिने जनआन्दोलनमा होमिएको थिएँ, तर यो आन्दोलन भिन्न लाग्यो । हर्षले हो या खुसीले ! ती आमाबुबाहरू देखेर मेरा आँखा रसाए, गला अवरुद्ध भयो । सोचें, लड्न बाँकी लडाइँ कति रहेछन् कति ! आमाबुबाहरू त लडिरहेका छन् भने म किन हार खाँदै छु ? त्यस दिनदेखि बिरानो ठाउँमा गएर कहिल्यै नफर्किने योजना सदाका लागि छाडिदिएँ । अनि सडकमा देखिन थालें ।

आमा, चिन्ता नगर्नुहोस् ! अचेल म प्लेकार्डसँगै सडकमा छु ।

क्यानोनिङ : डर, साहस अनि रोमाञ्चकता







दिपेन्द्र ढुंगाना
ddip2052@gmail.com

पर्यटन

वर्षा लागेसँगै चारैतिर हरियाली छाएको छ । खोलानाला, डाँडाकाँडा सबैतिर पानीको मुहान फुटिसकेको छ । पहाडका कुना-कुनामा झरनाहरू देखिन थालेका छन् । यस्तो लाग्छ, प्रकृतिको यो हरियाली मौसम सधैं कायम रहोस् । तर, मान्छेले चाहँदैमा ऋतु रोकिँदैन । आफ्नै गतिमा दौडिरहन्छ ।

यस्तै मौसमको सदुपयोग गर्दै पहाडका कुनाकाप्चामा उर्लिरहेको झरनाको मजा लिन क्यानोनिङ गर्नेहरू यतिवेला निकै सक्रिय छन् । उनीहरू राजधानी आसपासका क्षेत्रमा झरना खोज्दै पुगिरहेका छन् । प्रकृतिको अनुपम वरदानजस्तै लाग्ने हरिया डाँडाहरूका काखतिर पुग्छन् । अनि क्यानोनिङ खेल सुरु गर्छन् । क्यानोनिङमा रमाउन युवाहरूसँगै सबै उमेरका मानिसहरू झरनाको काखमा झुम्मिएका भेटिन्छन् ।

नुवाकोटको ककनी गाउँपालिका-४ स्थित ९५ मिटरको फुङफुडे झरनामा पनि क्यानोनिङ गर्नेहरूको उस्तै भिड लागिरहन्छ । क्यानोनिङ गर्नेहरू पालो कुरेर बसिरहेका भेटिन्छन् । कम्मरमा डोरी बाँधेर उनीहरू करिब २० मिनेट झरनामा उक्लिन्छन्, ओर्लिन्छन् र रमाउँछन् । झरनामा जानुअघि गाइडले शरिरमा राम्रोसँग डोरी लक गरे कि गरेनन् भनेर सोधि पनि रहन्छन् ।

क्यानोनिङ डोरीको सहारामा झरनामा तुर्लुङ्ग झुन्डिएर भिज्दै, छाँगामा चिप्लिँदै र दहमा पौडिँदै खेलिने एक साहसिक खेल हो । यसका लागि झरनाको माथि दह्रो गरी डोरी अड्काइन्छ । गाइडको निर्देशनमा त्यही डोरी समातेर पानीमा रुझ्दै तल झर्नुपर्छ । डोरीमा झुन्डिनुअघि डरले आएको पसिना झरनाको चिसो पानीमा निथ्रुक्क भिजेपछि सबै हराउँछ । झरनाको चिप्लो ढुंगामा पानीले ज्यानलाई तलतिर धकेल्छ । तर, डोरीको सहायताले मान्छेलाई त्यही अल्झाइरहन्छ । अलि-अलि डर, पानी, उचाइ सबथोक मिसिएपछि त्यो क्षण निकै यादगार र रोमाञ्चक बन्ने क्यानोनिङप्रेमीहरू बताउँछन् ।

काठमाडौंदेखि करिब २८ किमि दूरीमा रहेको ककनी राजधानीनजिकको पर्यटकीय गन्तव्य हो । ककनी सेरोफेरो साहसिक गतिविधिमा रमाउन चाहने आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने गर्छ । गत महिना स्थानीयवासीसहित पर्वतीय पर्यटनमा कार्यरत पथप्रदर्शकको २५ जनाको समूहले परिचयात्मक क्यानोनिङ गाइड तालिम गरेको थियो । नेपाल पर्यटन बोर्डको प्रायोजन, ककनी गाउँपालिकाको आयोजना र नेपाल क्यानोनिङ संघको सह-आयोजनामा कार्यक्रम भएको थियो ।

नदीनाला, ताल तलैया, झरना र खोंचहरूले भरिएको नेपालमा यस्तो किसिमको साहसिक तथा रोमाञ्चक खेलहरूको आयोजना बर्सेनि गर्न सकिए पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने पर्यटन व्यवसायीहरू बताउँछन् । त्यस्ता स्थानमा व्यापार व्यवसायको सम्भावना बढेर स्थानीय तहले फाइदा पनि लिन सक्ने देखिन्छ । पर्यटन व्यवसायीले काम पाउने, स्थानीय तहको आम्दानी पनि बढ्ने हुँदा सिजनअनुसारका यस्तै अन्य धेरै गन्तव्य खोजी गरिनुपर्ने आवश्यकता देखिन्छ ।

सोही क्यानोनिङमा सहभागी काभ्रेकी टुरिस्ट गाइट पवित्रा तामाङ भन्दै थिइन्, 'काठमाडौंनजिकै यति राम्रो ठाउँमा क्यानोनिङ गर्न पाइयो । धेरै खुसी लागेको छ । यस्ता अरू ठाउँ पनि खोज्न सके राम्रो हुन्छ ।' कतिपयले क्यानोनिङमा सुरक्षा राम्रो नहुने पनि बताइरहेका छन् । तर, उनी भन्छिन्, 'गाइडले दिएको निर्देशन राम्रोसँग पालना गर्ने हो भने क्यानोनिङ असुरक्षित छैन ।'

डायस्पोरा लेखनमा हिँड्नुपर्ने बाटो धेरै छ

डायस्पोरा डायरी



काठमाडौं थानकोट घर भई हाल अमेरिकाको बोस्टनमा बस्दै आइरहेकी **दीपा राई पुन** कवि एवं गीतकार हुन् । कवितामा कोमल संवेदना खोज्ने र त्यसैलाई लिपिबद्ध गर्ने उनका 'तिम्रो सपनाको म (२०६८), स्पन्दनका रागहरू (२०७०), छुटेको बागदाता (२०७२) र दियोको अन्तिम लप्का र शरदका पहेँला पातहरू (२०७८) कवितासंग्रह प्रकाशित छन् । यस्तै गीति एल्बम 'प्रतिरूप' (२०७५) पनि निकालेकी छिन् । उनै कवि दीपालाई 'डायस्पोरा-डायरी'मा पाँच प्रश्न :

परदेशमा लेख्ने-पढ्ने समय कति र कसरी छुट्याउनुहुन्छ ?

पढ्ने-लेख्ने सन्दर्भको कुनै समय र सीमा नहुँदो रहेछ । बाल्यकालदेखि आजसम्म पनि जीवन पढिरहेकै हुँदा रहेछौं । काम गर्दा होस् या अन्य दैनिक क्रियाकलापबाट होस्, हामी केही न केही पढिरहेका हुन्छौं । केही न केही सिकिरहेकै हुन्छौं । त्यसैले पढ्नैका निमित्त खास समय नछुट्टिने रहेछ । परदेशमा दैनिक कामको व्यस्ततालेधेरै कुरामा समय पुऱ्याउन मुस्किल हुन्छ । अध्ययनकै निमित्त भनेर विशेष समय छुट्याउन निकै गाह्रो हुन्छ । बरु सधैं एउटा किताब ब्यागमा बोक्न छुटाउँदिनँ । जहाँ फुर्सद मिल्छ, पाना पल्टाउन सुरु गर्छु । पढिसकेको दिन मन हलुका र खुसी हुन्छ । लेख्न त्यति सहज छैन । यो भागदौडको सहरमा हरदम दिमागमा विषय र चिन्तन बोकेर हिँड्नुपर्ने हुन्छ । कुन क्षण कहाँ क्लिक हुन्छ, थाहै हुँदैन ।

नेपालको कुन विषय वा प्रसंगले तपाईंको कवि हृदय उद्वेलित बनाउँछ ?

समसामयिक विषयले उद्वेलित गराउँछ । खासगरी असामाजिक र अन्यायपूर्ण परिस्थितिमा कविमन विचलित हुन्छ भने कतिपय अवस्थामा सृष्टिको अनुपम नमुनाप्रति रोमाञ्चित भएर पनि कविमन भावुक बन्छ । अनि विचारले या भावले सिर्जनाको रूप लिने गर्छ । समय, परिस्थिति र अवस्था, हाम्रो बुझाइ र चेतनाको स्तरले सम्बन्धित विषयवस्तुमाथि सिर्जना तयार हुने गर्छ ।

परदेशमा बसेर नेपाली साहित्य किन पढ्नुहुन्छ ? के पाउनुहुन्छ ?

परदेशमा नेपाली भन्ने शब्द, साइनोसँग असीम प्रेम हुन्छ । आफूले पनि नेपाली साहित्य नै सिर्जना गर्ने भएकाले नेपाली साहित्य पढ्नु अनिवार्यजस्तै छ । इतिहासदेखि यहाँसम्मको नेपाली साहित्यको यात्रा, विचार, दर्शन, अनुसन्धान आदि बुझ्न पनि नेपाली साहित्य पढ्छु । परदेशमा नेपाली पढ्नु आफ्नोपन आभास गर्नु पनि हो । आफूलाई बहलाउनु पनि हो । गैरनेपाली साहित्य नपढ्नु भन्न खोजेको होइन ।

नेपाली साहित्य पढ्दै जाँदा र हाम्रो लेखकीय अनुभव गर्दै जाँदा हामी विश्व साहित्यमा निकै पछाडि छौं जस्तो लाग्छ । विश्व साहित्यमा हाम्रो लेखन नपुग्नुमा को दोषी ? यसको जवाफ पाउन गाह्रो छ । तर, जे होस्, यसमा मुख्य काम भाषाले गरेको छ भन्ने लाग्छ । पछिल्लो समय केही राम्रा किताबको अनुवाद हुँदै छ । यसले हाम्रो साहित्यको आयतन थप फैलाउनेछ ।

पछिल्लो समय तपाईंले कुन किताब पढ्नुभयो ?

शून्यको मूल्य र तडसिङ ।

डायस्पोरा लेखनमा नेपाली साहित्य कहाँ छ ?

यो डायस्पोरा शब्द अलि धेरै 'फेसनेबल' भएजस्तो लाग्छ । यसमा बुझाइ कम, चर्चा बढी हुन्छ । डायस्पोरा भनेको एउटा स्व-परिचयको अवस्था हो । विश्व परिवेशमा हाम्रो नेपाली लेखन कता छ ? के गर्दै छ ? भन्ने कुरा हो । यसमा हामी निकै पछाडि छौं जस्तो महसुस हुन्छ । डायस्पोरा लेखनमा हामीले हिँडनुपर्ने बाटो धेरै छ । कति बाटाहरू आफैं खन्नु पनि पर्नेछ । खोज अनुसन्धान, अध्ययन र लेखन अभ्यासको प्रयोग गर्न बाँकी छ । विषयवस्तुको गाम्भीर्य र मानवीय मूल्य-मान्यतामाथिको सघन अध्ययनविना साहित्यको उपल्लो स्तर सम्भव देखिँदैन । यसो भन्दैमा डायस्पोरा लेखनमा निराश मान्नुपर्ने अवस्था छैन । लेखिएका छन्, लेखिँदै पनि छन् र लेखिन्छन् पनि । अझै आसलाग्दो र भरपर्दो समय आउँदै छ । यसमा म विश्वस्त छु ।

प्रस्तुति : मीनराज बसन्त

घटित जनयुद्ध मूलतः नेपाली समाजमा त्यतिवेलाको निरंकुश सत्ता, व्याप्त वर्गीय र जातीय असमानतामा केन्द्रित थियो । वास्तविक युद्ध के थियो भनेर बुझ्न, सर्वहारा र सम्भ्रान्त पक्षको सघन द्वन्द्वलाई स्थापित गर्ने यहाँ दुई वर्गको प्रतिनिधिमूलक ग्र्यान्ड रोल हुनुपर्थ्यो, छैन । केवल युद्धबन्दीका दुःखको वर्णनमै उपन्यास टुंगिन्छ । यहाँनेर लेखक पात्र र भूमिका चयनमा केही चुकेका देखिन्छन् । यहाँसम्म कि पूर्वछापामार योद्धा भनिने विमल बबनलाई भन्छ, 'निरंकुश शासन फाल्न ठडिने विद्रोही शक्तिजस्तै तपाईंका गोटी जुर्मुराउनेछन्, हेरिराख्नुस् । तर, उक्त चेस खेलको संवादले कुनै एक पक्ष विजयी हुँदा त्यहाँ सर्वहाराले स्तन्त्रताको बाँसुरी बजाउने नभई बरु बिम्बात्मक रूपमा निरंकुशताको बदला निरंकुशता नै स्थापित हुन्छ भन्ने अर्थ पेस गर्छ । यहाँनेर लेखकको भाषाको चलाखीपूर्ण प्रयोग रोचक लाग्छ । पीडित पात्रको दुःखका अनन्त शृंखलाले भने 'ऐँठन'सँग गहिरो सम्बन्ध राख्छ । यसर्थ उपन्यास केही हदसम्म सार्थक छ ।



> साहित्यको उन्नत भाषाशैलीले एउटा दुःखद घटनालाई पनि सुखद र सुखद घटनालाई दुःखद बनाइदिन सक्छ । यो उपन्यासको सबैभन्दा सबल पक्ष कथा भन्ने तरिका हो । प्रयुक्त भाषाशैलीको माध्यमबाट पाठक पठन आनन्दको चरम चुलीमा पुग्छन् ।

जनयुद्धमा मानवीय र भौतिक क्षति भएको थियो । तर, भौतिक क्षतिबाहेक राज्यतर्फको तुलनामा विद्रोही पक्षबाट मानवीय क्षति कमै भएको थियो । तर, उपन्यासले जसरी घटनाहरूको वर्णन गरेको छ, ती पूर्ण सत्य होइनन्, विद्रोहीतर्फबाट घटेका घटना अपवाद हुन् । यिनै अपवादलाई आधार मानेर सत्य यही थियो भनेर गलत भाष्य स्थापित गर्नु कुनै पनि कला, साहित्यको प्रयोजन होइन । द्वन्द्वात्मक पद्धतिमा बाँचिरहेको समाज सधैं दुई ध्रुवमा खडा हुन्छ । जहाँ कतै बहुसंख्याक विचार र भावनाहरू त कतै अल्पसंख्यक हुन्छन् । यहाँ एक सचेत स्रष्टाले बुझ्नुपर्ने कुरा के हो भने एकातिर निर्मम भइरहँदा अर्कोतिर तीव्र समर्थन पनि गरिदिनुहुन्न । तसर्थ वस्तुपरक प्रस्तुतीकरण भएन भने कला सिर्जना नभएर 'प्रोपोगान्डा' साबित हुन्छ ।

उपन्यासको सबैभन्दा सबल पक्ष कथा भन्ने तरिका हो । प्रयुक्त भाषाशैलीको माध्यमबाट पाठक पठन आनन्दको चरम चुलीमा पुग्छन् । भनिन्छ, साहित्यको उन्नत भाषाशैलीले एउटा दुःखद घटनालाई पनि सुखद र सुखमय घटनालाई दुःखद बनाइदिन सक्छ । जस्तो कि उन्नत भाषाशैलीबाट व्यक्त गरेको कुनै चरम दुःखको कथा पढ्दा पनि पाठक परम सन्तुष्ट हुन्छ । 'ऐँठन' भाषाशैलीको कलात्मकतामा घोलिएको त्यो अमृतमय विष हो, जसको रसपानबाट हरेक पाठक संसारभरका युद्धलाई एउटै नाङ्लोमा राखेर हेर्छ र धिक्कार्छ । सर्वहारा वर्गको मुक्तिका खातिर बन्दुकको नालबाट छुट्ने गोली र संगीनको धारको मूल्य बुझ्दैन वा भर्नौं, युद्धको सौन्दर्यप्रति बेखबर हुन्छ । उसका लागि शान्ति नै परम सत्य हो । समाजमा दीर्घकालीन शान्तिका लागि महान् क्रान्तिको जरुरी हुन्छ भन्ने सत्य पनि बिर्सिन्छ ।

मुख्यपात्र बबनलाई सेनाको गस्तीले पक्रिन्छ । यातनापछि भाग् भनेर जंगलमा लगेर छोडिन्छ । भाग्ने क्रममा भन्छ, 'भाग्दाभाग्दै यो धरती नै छुटेर जाओस् । म पुर्गौं, जहाँ बन्दुकको छाया पर्दैन । बारुदको गन्ध पुग्दैन । बारुदको गन्धले मान्छे विस्फोटक बन्दो रहेछ । के त्यस्तो दुनियाँ बनेको छैन ? जहाँ मानवता र चेतनाका फूलहरू बयली खेलिरहेका होऊन् ।' युद्धको क्रूरता व्यक्त गर्न सक्ने योभन्दा शक्तिशाली अन्य कुन भाषा होला र ? मानवीय संवेदनाको अन्तिम तहलाई समेत मजैले पगाल्न सक्ने ओझाको लेखनशैलीप्रति हरकोही कायल हुन्छ ।

त्यस्तै अर्की पात्र चन्द्रकला नौरंगी माछा बनेर भनिएको कथाले पाठकलाई क्रूर युद्धको एक्वोरियममा कैदी बनाएर उकुसमुकुस त पार्छ नै, यदि साँच्चै संसारमा कुनै मानवेतर प्राणीले मान्छेकै भाषामा आफ्ना दुःखहरू व्यक्त गर्न थाले भने हामीमा सुन्न सक्ने साहस बाँकी रहला कि नरहला भनेर सोचमग्न पनि बनाउँछ । यसर्थ, के भन्ने भन्दा पनि कसरी भन्नेमा गरिएको प्रयोग नै यो उपन्यासकै सशक्त पाटो हो ।

त्यस्तै, उपन्यासको अर्को सबल पक्ष हो, यसको प्लट सिर्जना । व्यतिक्रमिक लेखनको तरिकाले कथा कहाँबाट सुरु गरेर कहाँ टुंग्याउने भन्ने कलाले पाठकलाई अन्तिमसम्म तानिरहन्छ । यद्यपि छापामारको बन्दी बनेको बबन रिहाईपछि सेनाको घेरामा पर्छ, त्यसपछि जंगलमा छोडिन्छ, यहाँसम्मको कथा बगेको छ । त्यसपछि ऊ त्यहाँबाट शय्यासम्म कसरी आइपुग्यो भनेर पुष्टि गर्ने अस्पताल र युद्धस्थलको भाग छुटाइनुहुँदैनथ्यो । यहाँनेर पाठक अलमलिन सक्छन् । किनकि यो उसको मानसिक होस गुम्नुपूर्वको परिस्थिति हो । अन्तिममा भने कतिपय पाठक बबन अस्पतालबाट भागिसकेपछि कथा टुंगिएको घोषणा गर्छन् । तर, लेखकले तन्काएको यो खण्ड नै समग्र पुस्तकको सार हो । उपन्यासको अन्तिममा देखाइएको जनताको दारुण अवस्था, नेताको हवाई सवार, लामो बलिदानपश्चात् पनि जनताको जनजीवन नफेरिनु, युद्ध र उपलब्धिको भोगचलन केही सीमित व्यक्तिले गर्नु, आजको राजनीतिक परिस्थितिको प्रतिनिधिमूलक घटना मात्र होइन, सर्वव्यापी सत्य पनि हो ।

भाषाशैली र लेखनका हिसाबले अब्बल, तर सतही कथाको उजागरबाट 'ऐँठन' अन्ततः ऐँठनमै सीमित छ । वस्तुगत तरिकाले जनयुद्ध के थियो र के थिएन भनेर बुझ्न यति पर्याप्त छैन । सन्दर्भवश पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले पनि जनयुद्धमाथि बनेको कुनै फिल्म हेरेपछि भनेका थिए, 'कि जनयुद्धमाथि बनेका जति पनि हाम्रा साहित्य र सिनेमा छन्, तिनले जनयुद्ध के थियो र के हो भन्ने वास्तविकता पस्किन चुकेका छन् । यो एकदमै दुःखद कुरा हो । यसलाई कलाचेतको कमी मात्र भन्न नमिल्ला, बरु स्रष्टाको पूर्वाग्रही चेतनाको पनि प्रकटीकरण हो कि ?'

तसर्थ, त्यसका लागि कुनै कायर कैदीको मनोविज्ञानबाट लेखिएको कथा होइन, बरु कुनै वास्तविक योद्धाको आँखाबाट लेखिएको कथा पढ्नुपर्ने हुन्छ । त्यो कथा कहिले र कोद्वारा लेखिएला ? पढ्न भने बाँकी नै छ ।


विश्वकप खेलिरहेका आमा


एलेक्स मोर्गन (अमेरिका)


जुलिया आर्ट्स (अमेरिका)


भानिना कोरेया (अर्जेन्टिना)


अमेल माज्री (फ्रान्स)


क्रिस्टिल डुन (अमेरिका)


मेलानी लुडुपोई (जर्मनी)


चेना म्याम्थ्युस (जमैका)



रमेश सुवेदी
munakunwar012@gmail.com

खेल

आमा बनेपछि पनि मोर्गन सबै क्षेत्रमा उत्तिकै फिट छिन् । सन् २०१० मा मेक्सिकोविरुद्ध डेब्यु गरेपछि मोर्गनले अमेरिकाका लागि दुई सयभन्दा बढी खेल खेलिसकेकी छिन्, जसमा एक सय १५ भन्दा बढी गोल गरेकी छिन् । यससँगै उनले सन् ०१५ र ०१९ मा गरी दुईपटक फिफा विश्वकप ट्रफी उचालेकी छिन् । उनले सन् ०१२ को ओलम्पिकमा स्वर्णपदक र सन् ०२० मा कांस्यपदक जितेकी थिइन् ।

एक वर्षअघिको कुरा सम्झने हो भने एलेक्स मोर्गनलाई राष्ट्रिय टोलीमा फर्कन्छु भन्ने विश्वासै थिएन । अन्तर्राष्ट्रिय फुटबलमा एक सय १५ गोल गरिसकेकी अमेरिकी स्टार मोर्गनलाई मैदान फर्कनु आफैंमा असहज स्थिति थियो । उनी पछिल्लो दश वर्षमा धेरै समय मेगन रेपिनोसँगै अमेरिकी फुटबलमा स्थान बनाउँदै आएकी छिन् । तर, सन् २०२१ को टोकियो ओलम्पिकमा मोर्गनले स्वाभाविक खेल प्रदर्शन गर्न सकेकी थिइनन् ।

यसपछि उनले आफ्नो बढ्दो उमेरसँगै मैदान छाड्ने सोच पनि बनाएकी हुन् । एक वर्षकी छोरी चार्ली एलिना कारास्कासँग ३५ दिन टाढिनु आफैंमा ठूलो चुनौती थियो । खेलका क्रममा मानसिक तनाव पनि भोगिन् । यद्यपि सन् ०२२ को राष्ट्रिय महिला फुटबल लिगमा मोर्गनले सानदार पुनरागमन गरिन् । १७ खेलमा १५ गोलसहित सर्वाधिक गोलकर्ता चुनिइन् ।

न्युजिल्यान्ड र अस्ट्रेलियामा जारी फिफा महिला विश्वकपमा मोर्गन अमेरिकी टोलीमा छिन् । चारपटकको च्याम्पियन टोलीमा मोर्गन निकै लयमा देखिन्छिन् । पहिलो खेलमा भियतनामविरुद्ध उनको प्रदर्शन सानदार थियो । फिटनेसमा समस्या देखिएन । यद्यपि पाएको पेनाल्टी भने सदुपयोग गर्न सकिनन् । एसियाली राष्ट्र भियतनामले कडा टक्कर दिँदा ६३ मिनेट मात्रै मैदानमा रहिन् । अमेरिका ३-० ले विजयी भयो । अमेरिका यसपटक उपाधिमाथि ह्याट्रिक गर्ने दाउमा रहँदा मोर्गनले त्यसलाई सार्थक बनाउन भूमिका खेलिरहेकी छिन् ।

मोर्गनले आमा बनेसँगै खेल राम्रो हुँदै गएको मानेकी छिन् । यद्यपि यहाँसम्म आउन मोर्गनले अनेकौं चुनौती सामना गर्नुपऱ्यो । 'आमा बनेपछि मलाई खेलमा फर्कन केही समय गाह्रो भयो । अहिले हरेक दिन राम्रो हुँदै गएको छ,' फरवार्ड मोर्गनले भनेकी छिन्, 'मैले अहिले सबैथोक खेल र टोलीलाई दिएको छु ।'

मोर्गन जब घरमा पुग्छिन्, तब, सबै चिजलाई छाडेर छोरीलाई समय दिन्छिन् । 'जब घरमा पुग्छु । खेलको बारेमा सोच्न पाउँदिनँ । मलाई बस् आमाको भूमिका निर्वाह गर्नु छ,' मोर्गन आमा बन्दाको समस्या र आफ्नो कतर्व्यबारे बताउँछिन् । 'घरमा हरेक पल खेलजीवनभन्दा पनि बच्चालाई कसरी राम्रो गर्न सकिन्छ, त्यता ध्यान दिन्छु । उसको आवश्यकता के हो, त्यसलाई बुझ्ने प्रयास गर्छु,' मोर्गन छोरीलाई बुझ्ने प्रयास गर्छिन् ।

आमा बनेपछि मार्गनको यो पहिलो विश्वकप हो । तीन वर्षीया छोरी चार्ली आफूसँगै छिन् । यसैले मोर्गन यसपटक टोक्यो ओलम्पिकजस्तो एकल छैनन् । एक्लो महसुस हुन पाउनेछैन । छोरीसँगै हुँदा उनको मन खेलमै केन्द्रित हुन्छ । चार्लीले पनि आमा खेलमा हुँदा त्यति दुःख नदिएको मोर्गनको बुझाइ छ । 'मैले आफ्नो खेललाई शरीरको हिसाबमा बदेलेको थिएँ । खेलमा आमाको रूपमा आफूलाई बदल्नु महत्त्वपूर्ण कुरा हो,' ३४ वर्षीया क्यालिफोर्नियाकी मोर्गनले भनेकी छिन् । मोर्गनले यसअघि पनि बताइएकी थिइन् कि प्रसवको कारण उनलाई खेल्न समस्या भएको थियो ।

मोर्गन टोलीकी फरवार्ड हुन् । फरवार्ड हुन त्यति सजिलो पनि छैन । अन्य पोजिसनमा भन्दा बढी चलाख, स्तरीय र द्रुतगति फरवार्डमा हुनुपर्छ । आमा बनेपछि पनि मोर्गन सबै क्षेत्रमा उत्तिकै फिट छिन् । सन् २०१० मा मेक्सिकोविरुद्ध डेब्यु गरेपछि मोर्गनले अमेरिकाका लागि दुई सयभन्दा बढी खेल खेलिसकेकी छिन् । जसमा एक सय १५ भन्दा बढी गोल गरेकी छिन् । यससँगै उनले सन् ०१५ र ०१९ मा गरी दुईपटक फिफा विश्वकप ट्रफी उचालेकी छिन् । उनले सन् २०१२ को ओलम्पिकमा स्वर्णपदक र सन् २०२० मा कांस्यपदक जितेकी हुन् ।

मोर्गनले टेलिभिजनमा प्रोगाम चलाउनेदेखि म्युजिक भिडियोमा अभिनयसमेत गरिन् । सन् २०१४ मा सकर लिग खेलाडी सर्भान्दो कारास्कोसँग विवाह बन्धनमा बाँधिइन् । सन् २०२० अप्रिलमा पहिलो सन्तानको रूपमा चार्ली एलिना कारास्कोलाई पाएकी हुन् । उनलाई टोलीका सहकर्मी साथीले 'बेबी हर्स,' उपनामले पनि बोलाउने गरेका छन् ।

उनीसहित हाल अमेरिकी टोलीमा तीन आमा छन् । तीनै आमालाई खेल्न टिमसाथी, एफए, प्रायोजक र समर्थकले साथ दिएका छन् । तर, संसारको केही स्थानमा यो सम्भव छैन । केही मुलुकमा त महिलालाई मैदान प्रवेश गर्न पनि निषेध गरिएको छ । मोर्गनले अब खेलकुदमा आमाहरूलाई हौसला प्रदान गर्न प्रयास गर्ने बताएकी छिन् । 'हामी खेलकुदमा आमाहरूको हौसला बढाउन काम गर्छौं,' उनले भनिन् ।

अर्जेन्टिनी कप्तान भानिना कोरेयाको यो चौथो विश्वकप हो । उनका दुई जुम्ल्याहा सन्तान छन्, लुना र रोमेओ । ३९ वर्षीया कोरेयाले ४१ खेल खेलिसकेकी छिन् । व्यावसायिक फुटबलमा कोरेयाले बोका जुनियर, सान लोरेन्जोलगायत टोलीबाट खेलेकी छिन् । सन् २००७ मा अर्जेन्टिनाले महिला विश्वकप खेल्न सुरु गर्दा कोरेया गोलकिपर थिइन्, जहाँ अर्जेन्टिना जर्मनीसँग ११-० र इंग्ल्यान्डसँग ६-१ ले पराजित भएको थियो । सन् २०११ मा कोरेयाले राष्ट्रिय टोलीबाट सन्न्यास लिए पनि बढ्दो दबाबसँगै फिर्ता लिइन् । विश्वकपमा अर्जेन्टिना हालसम्म समूह चरणबाट माथि बढ्न सकेको छैन ।

अमेरिकी टोलीकी अर्की आमा हुन्, क्रिस्टिल डुन । ३१ वर्षीय विंगर क्रिस्टलकी छोली मार्सेल जियान एक वर्षकी छिन् । यद्यपि, क्रिस्टल आमा भएको सात महिनामा मैदान फर्किएकी हुन् । हालसम्म क्रिस्टलले अमेरिकाका लागि एक सय ३४ खेलमा २४ गोल गरेकी छिन् । सन् २०१३ मा स्कटल्यान्डसँग खेल्दै उनले डेब्यु गरेकी थिइन् ।

२९ वर्षीया मेलानी लुइपोईले तेस्रो विश्वकप खेल्दै छिन् । यद्यपि उनी आमा बनेको मात्र नौ महिना भएको छ । उनले यो विश्वकपलाई च्यालेन्जको रूपमा लिएको बताएकी छिन् । चेल्सीकी यी मिडफिल्डरले जर्मनीका लागि ७९ खेलमा १३ गोल गरेकी छिन् ।

जुलिया आर्ट्स अमेरिकी टोलीकी तेस्रो आमा हुन् । ३१ वर्षीया जुलियाले अमेरिकाका लागि सन् ०१५ र सन् ०१९ मा विश्वकप खेलेकी छिन् । अगस्ट २०२२ मा जुलियाले छोरा म्याडन म्याथ्युलाई जन्म दिएकी हुन् । यसपछि पनि डिफेन्सिभ मिडफिल्डर जुलियाले कुनै दबाबबिना मैदान फर्कन सफल भइन् । जुलियाले अमेरिकाका लागि एक सय २० खेल खेलिसकेकी छिन् ।

फ्रान्सको राष्ट्रिय टोलीमा अमेल माज्री एक्ली आमा हुन् । ३० वर्षीया माज्रीकी नौ महिनाकी छोरी मार्यम छिन् । माज्री सन् २०१२ मा विवाहबन्धनमा बाँधिएकी थिइन् । प्रशिक्षक हर्भे रेनाल्डले विश्वास गर्दै माज्रीलाई टोलीमा स्थान दिएका थिए । माज्रीले फ्रान्सका लागि ६९ खेलमा ११ गोल गरेकी छिन् ।

जमैकाकी २९ वर्षीया स्ट्राइकर चेना म्याथ्युसका तीन छोरा छन् । उनले पहिलो विश्वकप सन् २०१९ मा खेल्दा दुई छोरा थिए । सन् २०२२ मा अर्को छोरा थपिएका छन् । उनी दोम्रोपटक विश्वकप खेल्दै छिन् । उनी अमेरिकामा जन्मिएर जमैकाबाट खेलिरहेकी छिन् । त्यसअघि उमेर समूहको यू-२३ प्रतियोगिता भने अमेरिकाबाट नै खेलिन् ।

एजेन्सीको सहयोगमा

घोषणा



जुनु राना
junurana06@gmail.com

कविता

घाम
ब्रह्माण्डको एक्लो ताप सम्राट्
जसलाई फरक पर्दैन
सृष्टिका प्राणीहरूको छट्पटीले
उसलाई कुनै फरक पर्दैन
आफ्ना वरपरका चिजहरू राख बनेर
हो कति पनि फरक पर्दैन उसलाई !

त्यसरी नै
फरक पर्दैन शासकलाई
एउटा समुदायको थातथलो उजाडिनु
रैथानेहरूको भेष र भाषा निमोठिनु
एउटी आमाको कोख रित्तिनु
सहिद, विधवा र टुहुरादुहुरी बन्नु
फरक पर्दैन
कोही आफ्नै देशभित्र
अनागरिक र अधिकारविहीन हुनु ।

त्यसरी नै
कत्ति पनि फरक पर्दैन शासकलाई
म जिउँदो या दिवंगत हुनु
कारण राज्यमा
म उपस्थित एक आमा मात्र हुँ
म एक जनसंख्या मात्रै हुँ ।

मैले
यो राज्य र त्यो देउतालाई
उस्तै-उस्तै देखिरहेको छु ।
कि कोही मरिरहेछ मन्दिरको प्रांगणमा
भैरहेछ अपमानित !
जसरी चढाउँछ जमिनदार खजाना मूर्तिलाई
तर नाक खुम्च्याउँछ र घृणित नजर फ्याँक्छ
भोको पेटको आगो निभाउन
बसेको भिकारीलाई ।
त्यसरी नै मतदानका वेला
गरिबको बूढीआँला पनि देउता देख्छ शासक
र सिंहदरबार पुगेपछि बन्छ ढुंगा ।

यो राज्यमा
म अपमानित आमा हुँ
जसको देह चल्छ, गर्भ चल्छ
तर चल्दैन अस्तित्व ।
चिन्दैन राज्यले मलाई
उसले चिन्छ त केवल मेरो लोम्पेको अस्तित्व
ऊ चाहन्छ मेरो नागरिकतामा उसको नाम
ऊ चाहँदैन मेरो फरक अस्तित्व ।

ओ राज्य !
ओ शासक !
विमति छ मेरो यो असमानताप्रति
तिम्रो व्यवहारप्रति
तिम्रो संयन्त्रप्रति
र अबउप्रान्त यो देशभित्र
आफ्नो अस्तित्व स्थापना हेतु
र गर्भको सम्मानका निम्ति
मेरो स्वअस्तित्वका निम्ति
लड्ने घोषणा गर्दछु ।

हिरादेवी अर्थात् लोकगीतकी हिरा

हिरादेवी लोकगीतकी हिरा थिइन्, तर विडम्बना, सिलिगुडीमा शीतलहर चलेका वेला आगो ताप्ने क्रममा शरीरमा आगो सल्किएर उनको निधन भयो



राममणि सिटौला
sitaularammani@gmail.com

संगीत

स्कुलको एउटा कार्यक्रममा हिरादेवी वाइबाको गीतमा नाचेर फर्किएकी नानीलाई मैले सोधें, 'नानी तिमी हिरादेवी वाइबालाई चिन्छौ ?

'को हिरादेवी वाइबा ?' नानी अकमकाइन् । 'हिरोइन हो ? म हनी सिंह, साकिरा, जेनिफर लोपेज सबैलाई चिन्छु, तर हिरादेवी वाइबा चिन्दिनँ । हिरादेवी वाइबा को हो अंकल ?'

नानीले मैतिर प्रश्न तेर्स्याइन् ।

'तिमीले जुन गीतमा नृत्य गऱ्यौ, हो त्यही गीत गाउन मान्छे हो हिरादेवी वाइबा ।' मैले भनें ।

'यो नाम नै पहिलोचोटि सुनिरहेछु । कस्तो अप्ठ्यारो नाम ।' नानीले मुस्कुराउँदै भनिन् ।

नानीको उत्तरपछि सोचमग्न भएँ । हाम्रा नानीहरूले हनी सिंह, साकिरा, जेनिफर लोपेजहरूलाई चिन्ने, हिरादेवी वाइबाहरूलाई नचिन्ने यो कस्तो अवस्था सिर्जना भयो ? त्यो घटनापछि हिरादेवी वाइबाबारे केही लेख्नुपर्छ भन्ने लाग्यो ।

०००

यो भूमण्डलीकरणको युग हो । पश्चिमाहरूले बजारवादको शक्तिशाली जालमार्फत स्थानीयतालाई बेदखल गरिरहेछन् । यो विषम परिस्थितिमा हाम्रो जोड लोकसँग जोडिएको पहिचानमा नै केन्द्रित हुनु जरुरी छ । यही कोसिसअन्तर्गत सबैभन्दा पहिला हाम्रो दृष्टि लोकसाहित्यतर्फ नै मोडिनु जरुरी छ । लोककण्ठबाट प्रस्फुटित लोकसाहित्य त्यस्तो विधा हो, जसमा लोकहृदय, लोकचेतना, लोकसंवेदना र पहिचान झल्किन्छ । लोकसाहित्य, लोकगीत युगको धड्कनसँगै तत्कालीन मानवीय संघर्ष र वेदनालाई बुझ्ने सहज माध्यम हो । कुनै पनि देशको लोकगीत त्यो देशको जनताको उद्गार हो । कुनै पनि देशको सभ्यता त्यो देशको लोकगीतमा उजागर हुन्छ । जनमानसका हार्दिकता, राग, विराग, हर्ष, उल्लास, रिवाज, प्रथा परम्परा आदि नदिझैं लोकगीतमा सलल बगेका हुन्छन् । लोकगीत नदीको पारदर्शी जलझैं समाजको एउटा दर्पण पनि हो, जहाँ त्यो समाजको वास्तविक रूप छर्लंग देखिन्छ । भलै लोकगीतमा आधुनिक साहित्यमाझै भरमार बिम्ब, अलंकार, छन्द नहोला, तर यसको माधुर्यसामु सबथोक फिका हुन्छ ।

संस्कृतका कवि कालिदासले भनेका थिए, 'वनलताले उद्यानलतालाई पछाडि पारेको हुन्छ ।' कालिदासले भनेझैं जुन आकृति आफैंमा मधुर छ, त्यसलाई शृंगारको आवश्यकता नै पर्दैन । लोकगीत वनलता हो, त्यसलाई उद्यानलतालाई झैं कुनै बिम्ब, अलंकार आदिले सिँगार्नु जरुरी छैन । लोकमानसले अतीतको स्मृतिलाई सुरक्षित राख्न लोकगीत बनाएर अभिव्यक्त गर्छन् । त्यही गीत श्रुति परम्परामार्फत एक पिँढीबाट अर्को पिँढीमा पुस्तान्तरण हुँदै जान्छन् । त्यो स्वतः हुन्छ । त्यसलाई कुनै आडम्बरले ढाकिएको हुँदैन । लोकगीतका रचयिता कुनै सामाजिक, राजनीतिक चेतनासँग नजोडिएर सीधै मानवीय सरोकारसँग जोडिएका हुन्छन् । लोकका मनोभावनालाई लोकमा प्रचलित भाषामा नै व्यक्त गर्छन् । त्यसैले लोकगीतमा स्पष्ट रूपमा प्रकृतिको लय र भित्री धड्कन सुनिन्छ । सभ्यता र संस्कृतिको साक्षात्कार लोकभाषामै हुन्छ ।

नेपाली लोकगीतको कुरा गर्दा पुरुषको तुलनामा महिलाको विशेष योगदान रहेको पाइन्छ । एउटा युग मातृसत्तात्मक युग थियो । त्यो युगमा महिला पुरुषबीच कुनै भेदभाव थिएन । जब दास युग सुरु भयो निजी सम्पत्तिको अवधारणा जन्मियो । योसँगै विवाह संस्था पनि जन्मियो । विवाहले महिलालाई पनि सम्पत्तिकै रूपमा लिन थाल्यो । तसलिमा नसरिनले भनेझैं कतिपय विवाह बलात्कारको लाइसेन्सझैं भए । सामन्तवादी युगमा आएपछि पितृसत्तात्मकताले हाँगा हालेर फल्ने फुल्ने अवसर पायो । महिलाहरू घरको चारघेरामा बन्द हुन बाध्य भए । यस्तो जटिल परिस्थितिमा उनीहरूले मनका अभिव्यक्ति कसलाई पोखून् ? उनीहरू भित्रभित्रै गुम्सिन बाध्य भए । तब उनीहरूले आफ्ना मनका भावना मेलापात, दाउराघाँस, पानीपँधेरो जाँदा लोकगीत बनाएर पोख्न थाले । यसरी सदियौंदेखि स्त्रीमनमा गुम्सिएका अथाह पीडा, प्रेम, आशा, आकांक्षा, वेदना, बुहार्तन, हर्ष, उल्लास, शोक, प्रतिरोध छताछुल्ल भएर लोकगीतहरूमा पोखिएको पाइन्छ । हिरादेवी वाइबाका लोकगीतहरूलाई पनि त्यही कसीमा राखेर हेर्नु जरुरी छ ।

सन् १९४० मा दार्जिलिङको अम्बोटे चियाकमानमा जन्मिएकी हिरादेवी वाइबाको नेपाली लोकगीतमा



अविस्मरणीय योगदान छ । उनी त्यस्ती लोकगायिका थिइन्, जो प्रवासमा जन्मिएर पनि नेपाली लोकगीतलाई आफ्नो पुर्खाको विरासत सम्झिएर औधी श्रद्धा गर्थिन् । सम्भवतः 'चुरा त होइन, अस्तुरा...' सेलो गीत नै रेडियोमा रेकर्ड भएको पहिलो सेलो लोकगीत थियो ।

आफ्नो ४० वर्षे गायनयात्रामा वाइबाले पूर्व-पश्चिम, मध्यमाञ्चल चारै क्षेत्रका झ्याउरे, गोठाले, टप्पा, ख्यालीजस्ता अनेकौं लोकगीत गाइन् । मारुनी गीतसहित विशेषतः समला र विरहिणी रागका गीतहरू गाइन् । उनी आफू पनि तामाङ समुदायको हुनाले सेलोगीतमा छाप छोड्न सफल भइन् । मित्रसेन संगीत पुरस्कार, उत्तर बंगाल सरकार र तत्कालीन नेपाल सरकारबाट उनले अनेकौं पुरस्कार पाइन् । ४० वर्षे गायनयात्रामा चार सयभन्दा बढी गीत गाइन् । हिरादेवी लोकगीतकी हिरा थिइन्, तर विडम्बना, सिलिगुढीमा शीतलहर चलेको वेला आगो ताप्ने क्रममा शरीरमा आगो सल्किएर असमयमै उनको निधन भयो । लोकगीतको क्षेत्रमा अपूरणीय क्षति भयो । संसारबाट बिदा भए पनि लोकगीतका खोज, अनुसन्धानकर्ताका निम्ति उनले लोकभाका छाडेर गइन् ।

पितृसत्तात्मक युगमा महिलाहरूले आफ्ना मनका कुरा सीधै आफ्ना खसमसामु राख्न सक्दैनथे । लोकगीतमार्फत मन नपरेका कुरा व्यक्त गर्थे । खसमले ल्याइदिएको घनन भन्ने सिस्नोले बनेको फरिया मन नपरेपछि यस्तो लोकगीत बन्यो, जसमा वाइबाले स्वर भरेकी थिइन् :

फरिया ल्याइदिएछन्
त्यही पनि राता घनन
त्यही पनि मन परेन
भन्देऊ न भनन ।

जब विवाह संस्था जन्मियो, बाध्य भएर महिलाहरू अरूको घर जानैपर्ने भयो । जो अविवाहित भएर माइतीघरमा बस्छन्, तिनीहरू हेय र उपेक्षाका सिकार हुन्थे । दाजु, भाउजू, भाइबुहारीका तीखो व्यंग्य खप्न बाध्य हुन्थे । पितृसत्तात्मक समाजमा अविवाहित भएर माइतीघरमा बस्दा कति पीडा खेप्नुपर्छ ? एउटी मैतालु छोरीको पीडा वाइबाको स्वरमा यसरी उजागर हुन्छ :

उकालीको भैंसी गोठ बगाले थापाको
खानु लाउनु माइतीघर वचनै मापाको

हिरादेवीको स्वरमा अविवाहित भएर माइत बस्न बाध्य छोरीको पीडा सुनकोसी र दूधकोसीसँग तुलना गरेर यसरी व्यक्त हुन्छ :

सुनकोसी, दूधकोसी एउटै छ दोभान
दर्पण छाया हेरीहेरी ढल्क्यो जोवन ।

पितृसत्तात्मक समाजको विडम्बना नै यही छ कि जुन घरमा एउटै स्त्रीको जन्म हुन्छ, ऊ त्यसलाई आफ्नो घर भन्न सक्दिन । विवाहपछि जुन घरमा जान्छे, त्यसलाई नै आफ्नो घर भन्नुपर्ने बाध्यता छ । जब घरमा सासू, नन्द,आमाजू, ससुरा, पतिले दिएका यातना, बुहार्तन खप्नुपर्छ, उसलाई त्यो यातनागृहझैं लाग्न थाल्छ । कतिखेर माइतीमा पुगेर सबै पीडा सुनाऊँ भन्ने हुन्छ । यस्तो कष्टकर पलको चित्र वाइबाले गाएको अर्को गीतमा असहय तवरले झल्किन्छ :

कसरी काटूँ मैले समुद्रको रात
कुन वेला उजेली होला
माइती राजैको काखैमा बसी
धुरुधुरु रोइमा रोइ
दुखै कहुँला, सबै सुखै कहुँच्ला

लाहुर जाने चलन हिजो पनि थियो, आज पनि छ । यो देशका मानिस लाहुरे नभई देशको अर्थतन्त्र चल्दैन । तर, आफ्ना पतिले छोडेर परदेश गएका विरहिणी नारीहरू सयपत्री फुल्दा, धानबाला झुल्दा पनि खुसी हुन नसकेको अर्को मारुनी गीतमा प्रस्ट झल्किन्छ :

उँधो जाँदा थियो सखी चितोसागे बिरुवा
उँभो आउँदा हेर सखी भयो कोपिला
टिपी राखे सुकिजाला
स्वामी मेरो परदेश
सिउरी राखे चुलठीमा
कसले लाइदेला ?

पितृसत्तात्मक समाजको अर्को खराब पक्ष बहुपत्नी प्रथा हो । आजको युगमा त बहुविवाह सामान्यजस्तै छ भने त्यतिखेर कस्तो थियो होला ? सहजै अनुमान गर्न सकिन्छ । श्रीमानूले सौता हालेपछि पीडाले ग्रस्त भई अन्योलको चर्को भुमरीमा फस्न पुग्छन् महिलाहरू । घरमा जाऊँ सौताको डर, वनमा जाऊँ बाघ भालुको डर । आखिर ऊ जाओस् कहाँ ? यस्तै द्विविधालाई प्रस्ट पार्छ मारुनी लोकलयमा आधारित अर्को गीतले :

वनैपथ जाऊँ भने बाघको डर
घरैपथ जाऊँ भने सौतेनीको डर
सौतेनीको डरले रनवन गाएथैं
कठैबरी वृन्दावनमा परिगयो रात

हिरादेवी वाइबाले गाएका गीतहरू प्रायः यस्तै वेदनाले भरिएका छन्, जहाँ तत्कालीन समाजले महिलालाई दिएका पीडा चित्रित हुन्छन् । उनले गाएका गीतमा विछोड, बुहार्तन र आर्तनाद भोग्न बाध्य नारीहरूको मनको आवाज सुनिन्छ ।

वाइबा ताम्सालिङकी छोरी भएकी हुनाले उनले गाएका सेलो गीतमा ताम्सालिङ क्षेत्रको आञ्चलिकता पनि भेटिन्छ । उनले सर्वप्रथम रेकर्ड गराएको गीतले यही तथ्य इंगित गर्छ :

चुरा त होइन अस्तुर
आमाको बिहेको दस्तुर
हो भने दिन्छु सुन हो
मनैमा नारान गुन हो
बाह्र तामाङ अठार जात
कुखुराको मासु धानको भात
जातैले पायो, हातैले खायो
भनन अब केको लाज
ल्हास्स्सो ।

हिरादेवी वाइबाका समग्र गीतलाई मूल्यांकन गर्दा सामन्ती र पितृसत्तात्मक समाजमा नारीको अवस्था, आदिवासीका सांस्कृतिक विरासतका विविध रंगहरू भेटिन्छन् ।

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार १३ साउन ०८०

विशेष परियोजना र कार्यक्रमलाई बेसरेटभन्दा सस्तो कर्जा

खुकुलो बनाइयो सेयर तथा घरजग्गासम्बन्धी कर्जाको सर्त, २५ लाखमाथिको कर्जा लिने व्यक्तिको प्यान नम्बर अनिवार्य

मिलन विश्वकर्मा/नयाँ पत्रिका

ऊर्जा, पूर्वाधार, सूचना प्रविधिलगायतका क्षेत्रका राष्ट्रिय महत्त्वका आयोजना र कार्यक्रमहरूले बैंक तथा वित्तीय संस्थाहरूको आधार दरभन्दा पनि कम ब्याजदरमा कर्जा पाउने भएका छन् । केन्द्रीय, प्रदेश र स्थानीय सरकारको कार्यक्रमअन्तर्गतका आयोजनामा आधार दरभन्दा कम ब्याजदरमै कर्जा प्रवाह गर्ने व्यवस्था नेपाल राष्ट्र बैंकले गरेको हो ।

बैंक तथा वित्तीय संस्थाहरूले कुनै पनि प्रकारको कर्जा पछिल्लो तीन महिनाको औसत आधार दरभन्दा कम ब्याजदरमा प्रवाह गर्न नपाउने भएकोमा राष्ट्र बैंकले शुक्रबार एकीकृत निर्देशन २०७९ संशोधन गर्दै यस्तो व्यवस्था गरेको हो । निर्देशनअनुसार सरकारले तोकेको कार्यक्रम तथा आयोजनाले मात्रै यो सुविधा पाउनेछन् । साथै, कुनै दातृ निकायबाट प्राप्त सहुलियत दरको ऋण तथा रकमलाई सम्बन्धित निकायले तोकेको क्षेत्रमा कर्जा प्रवाह गर्दा पनि यो सुविधा पाइनेछ । कुनै दातृ निकायबाट प्राप्त सहुलियत दरको ऋण तथा अनुदान रकमलाई बैंक तथा वित्तीय संस्थामार्फत तोकिएको क्षेत्र एवं वर्गमा ऋण परिचालन हुने गरी सञ्चालन गरेको कार्यक्रमअन्तर्गतको कर्जामा यो सुविधा दिइने राष्ट्र बैंकको भनाइ छ ।

राष्ट्र बैंकका कार्यकारी निर्देशक तथा प्रवक्ता गुणाकर भट्टले विशेष परियोजना तथा कार्यक्रमलाई मात्रै यो सुविधा दिने बताए । 'नयाँ एकीकृत निर्देशनमार्फत विशेष परियोजना तथा कार्यक्रममा आधार दरभन्दा पनि कम ब्याजदरमा कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरेका छौं । तर, कस्ता कार्यक्रम, कस्ता परियोजना र कस्ता क्षेत्रमा यो सुविधा दिने भनेर तोकिएको छैन,' उनले भने, 'जलविद्युत्लगायतका सीमित क्षेत्रका विशेष परियोजना तथा कार्यक्रमलाई मात्रै यसअनुसार कर्जा प्रवाह गरिनेछ ।'

विशेष गरी तीनै तहका सरकारले तोकेको कार्यक्रम तथा परियोजनामा यो सुविधा लागू हुनेछ । यस्तै, विदेशी दातृ निकायले ऋण तथा अनुदान दिँदा तोकेको क्षेत्रमा पनि यो सुविधा दिइनेछ । दातृ निकायबाट आएको ऋण तथा



अनुदान सीधै तोकिएको क्षेत्रमा कर्जाका रूपमा प्रवाह गर्न मिल्दैन । राष्ट्र बैंकले दातृ निकायबाट आउने त्यस्तो पैसा बैंकमा निक्षेप जसरी राख्नेछ । त्यसबाट सरकारले थोरै भए पनि ब्याज पाउनेछ । बैंकले सोही पैसा पनि तोकिएको क्षेत्रमा आधार दरभन्दा पनि कम ब्याजदरमा लगानी गर्नुपर्ने राष्ट्र बैंकको भनाइ छ । यसअन्तर्गतको निक्षेपमा बैंकले सरकारलाई उच्च ब्याजदर दिन बाध्यता हुनेछैन । सरकारले न्यून ब्याजदरमै बैंकमा पैसा राख्न सक्नेछ । जुन पैसा बैंक तथा वित्तीय संस्थाले तोकिएको क्षेत्रमा आधार दरभन्दा पनि कम ब्याजदरमा लगानी गर्नुपर्नेछ ।

■ सेयर धितो र घरजग्गा कर्जामा सहजता

राष्ट्र बैंकले सेयर धितो र घरजग्गासम्बन्धी कर्जाका सर्तलाई पनि केही खुकुलो बनाएको छ । राष्ट्र बैंकले गत आइतबार चालू आर्थिक वर्ष ०८०/८१ को मौद्रिक नीति जारी गर्दै सेयर धितो र घरजग्गासम्बन्धी कर्जा प्रवाह गर्दा लागू हुने सर्त खुकुलो बनाउने घोषणा गरेको थियो । त्यसलाई कार्यान्वयन गर्न राष्ट्र बैंकले बिहीबार एकीकृत निर्देशन जारी गर्दै सेयर धितो र घरजग्गा कर्जासम्बन्धी सर्तलाई खुकुलो बनाएको हो । मौद्रिक नीतिमा घोषणा गरेको नीति एकीकृत निर्देशनमा उल्लेख भएपछि लागू हुनेछ । राष्ट्र बैंकले मौद्रिक नीतिमा घोषणा गरेका केही विषयवस्तुलाई समावेश गरेर शुक्रबार एकीकृत निर्देशन जारी गरेको हो ।

निर्देशनअनुसार अब ५० लाख रुपैयाँसम्मको सेयर धितो कर्जामा १०० प्रतिशत जोखिमभार राखे पुग्नेछ । यसअघि २५ लाखसम्मको सेयर धितो कर्जामा मात्रै १०० प्रतिशत जोखिमभार राख्नुपर्ने सर्त थियो । त्यसभन्दा ठूलो आकारको कर्जामा भने १५० प्रतिशत जोखिमभार राख्नुपर्ने व्यवस्था थियो । अब भने ५० लाख रुपैयाँसम्मको सेयर धितो कर्जामा १०० प्रतिशत जोखिमभार कायम गरे पुग्नेछ । त्यसभन्दा ठूलो आकारको कर्जामा भने १५० प्रतिशत नै जोखिमभार कायम गर्नुपर्नेछ । योसँगै अब बैंक तथा वित्तीय संस्थाको सेयर धितो कर्जामा हुने लागत घट्नेछ । फलस्वरूप सेयर कर्जा प्रवाह बढेर सेयर कारोबार बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

यस्तै, दर्ता भएका वा लाइसेन्स प्राप्त भएका रियल इस्टेट कम्पनीलाई जग्गा प्राप्ति र विकासजस्ता काममा प्रवाह गरिने कर्जामा १०० प्रतिशत जोखिमभार राखे पुग्ने व्यवस्था गरिएको छ । यसअघि सबै प्रकारका घरजग्गा कारोबारसम्बन्धी कर्जामा १५० प्रतिशत जोखिमभार राख्नुपर्ने व्यवस्था थियो । तर, संस्थागत तथा परियोजना रजिस्टार्ड, लाइसेन्स प्राप्त परियोजनालाई घरजग्गा खरिद गर्दा तथा बनाउँदा प्रवाह हुने कर्जामा १०० प्रतिशत जोखिमभार राखे हुने राष्ट्र बैंकको भनाइ छ ।

पहिलोपटक घर खरिद वा निर्माण गर्ने व्यक्तिमा प्रवाह गरिने कर्जाको सीमा एक करोड ५० लाख रुपैयाँबाट बढाएर दुई करोड रुपैयाँ पुऱ्याइएको छ । त्यसमा लोन टु भ्यालु रेसियो ७० प्रतिशत नै हुनेछ । व्यक्तिगत आवासीय घर कर्जा तथा आवासीय घर कर्जाको सीमा पनि एक करोड ५० लाख रुपैयाँबाट बढाएर दुई करोड रुपैयाँ पुऱ्याइएको छ ।

यस्तै, व्यक्तिगत हायर पर्चेज तथा सवारी कर्जासम्बन्धी सर्तलाई पनि खुकुलो बनाइएको छ । यसअघि त्यस्तो कर्जामा सीधै १५० प्रतिशत जोखिमभार कायम गर्नुपर्ने नीति

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

थियो । अब भने २५ लाख रुपैयाँसम्मको व्यक्तिगत हायर पर्चेज तथा गाडी कर्जामा १०० प्रतिशत मात्रै जोखिमभार कायम गरे पुग्नेछ । त्यसभन्दा ठूलो आकारको त्यस्तो कर्जामा भने १५० प्रतिशत जोखिमभार कायम गर्नुपर्ने नै छ । सर्वसाधारण सेयर कारोबार तथा घरजग्गा कारोबारमा कमी आएकाले पनि वर्तमान आर्थिक संकटबाट पार पाउन नसकेको भन्ने टिप्पणी सुनिन्छ । साथै, सवारीसाधनको खरिद-बिक्रीमा कमी आउँदा पनि अर्थतन्त्र चलायमान हुन नसकेको बताइन्छ । यस क्षेत्रमा जाने कर्जालाई खुला छोड्दा झन् समस्या आउने सम्भावना पनि छ । तसर्थ, यससम्बन्धी सर्तलाई सामान्य रूपमा खुकुलो बनाइएको राष्ट्र बैंकको भनाइ छ । जोखिमभार घटाएपछि कर्जा प्रवाहमा हुने लागत पनि कम हुन्छ । फलस्वरूप बैंकहरू कर्जा प्रवाह गर्न प्रोत्साहित हुने र अर्थतन्त्र चलायमान बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

■ २५ लाखमाथिको कर्जा लिनेलाई प्यान नम्बर अनिवार्य

यस्तै, अब २५ लाख रुपैयाँभन्दा बढी कर्जा लिने व्यक्तिले अनिवार्य रूपमा बैंकमा स्थायी लेखा नम्बर बुझाउनुपर्नेछ । छुट्टाछुट्टै वा एकमुष्ट गरी २५ लाख रुपैयाँभन्दा बढी कर्जा लगेका व्यक्तिबाट अनिवार्य रूपमा प्यान नम्बर लिनुपर्ने निर्देशनमा उल्लेख छ । यसअघि यसमा ५० लाख रुपैयाँको सीमा थियो ।

■ घटाइयो रिपो दर

राष्ट्र बैंकले मौद्रिक नीतिमा घोषणा गरेअनुरूप नीतिगत दरका रूपमा रहेको रिपो दरलाई ७ प्रतिशतबाट ६.५ प्रतिशतमा झारेको छ । यसैगरी, ब्याजदर करिडोरको माथिल्लो सीमाका रूपमा रहेको स्थायी तरलता सुविधा दर ७.५ प्रतिशत, तल्लो सीमाका रूपमा रहेको निक्षेप संकलन दर ४.५ प्रतिशतमा झारिएको छ । यसअघि निक्षेप संकलन दर ५.५ प्रतिशत थियो ।

■ राष्ट्रियस्तरका विकास बैंकलाई पुँजीकोष अनिवार्य

अब राष्ट्रियस्तरका विकास बैंकहरूले पनि क्यापिटल एडिक्वेसी फ्रेमवर्क २०१५ अनुसार न्यूनतम पुँजीकोष कायम गर्नुपर्नेछ । यसअघि वाणिज्य बैंकहरूलाई मात्रै न्यूनतम पुँजीकोष कायम गर्नुपर्ने बाध्यता थियो । अब राष्ट्रियस्तरका विकास बैंकले पनि त्यो लागू गर्नुपर्नेछ ।

कृषि मन्त्रालयको गुनासो कक्षमा ४५ गुनासा

भोजराज भण्डारी/नयाँ पत्रिका

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले १२ असारदेखि सुरु गरेको 'किसान गुनासो व्यवस्थापन कक्ष'मा एक महिनामा ४५ वटा गुनासा परेका छन् । अधिकांश गुनासा धान रोप्न मल अभाव भएको र लम्पी स्किन रोगको खोप, औषधि र डाक्टरको अभावसँग सम्बन्धित छन् । मन्त्रालयका अनुसार १२ असारदेखि ३१ असारसम्म ३५ वटा गुनासा परेका छन् । त्यस्तै, यस आर्थिक वर्षको ११ साउनसम्म १० वटा गुनासा परेका छन् ।

गुनासामध्ये मलसम्बन्धी १४, लम्पी स्किनसम्बन्धी ६, फोन नम्बरका लागि पाँच, एमआइएसको आइडी पासपोर्टका लागि तीन, कर्मचारी प्रशासनसँग सम्बन्धित चार, जानकारीसम्बन्धी आठ र अन्य पाँचवटा गुनासा आएका छन् ।

किसानले मन्त्रालयको गुनासो शाखामा सम्पर्क गरेपछि किसानको समस्यालाई टिपोट गरिन्छ । समस्याको प्रकृति हेरेर सम्बन्धित शाखामा गुनासाहरूलाई पठाइन्छ । शाखा प्रमुखले त्यसलाई सम्बोधन गर्ने काम भइरहेको गुनासो व्यवस्थापन शाखाकी प्रमुख सविता पौडेलले जानकारी दिइन् । उनले भनिन्, 'गुनासाहरूलाई टिपोट गरेर सम्बन्धित शाखामा पठाउँछौं, कुनै जानकारीमूलक वा जिज्ञासासम्बन्धीका छन् भने कुन विषयवस्तु के हो भन्ने हेरेर समस्या समाधानका लागि सम्पर्क नम्बर उपलब्ध गराइदिने गर्छौं ।'

मन्त्रालयका सहसचिव नवीन घिमिरेले किसानका गुनासाहरू प्रकृति हेरेर सम्बोधन गर्ने काम भइरहेको बताए । उनका अनुसार कुनै किसानले मल नपाएको गुनासो गरे भने, कुन स्थानबाट मल पाइएन, के समस्याले पाइएन, त्यस स्थानको सहकारीमा मल छ कि छैन भनेर फलोअप गर्ने काम हुन्छ । उनले भने, 'अब गुनासोको पनि प्रकृति हुन्छ नि । कुनै एक महिना लाग्ने, कतै तुरुन्त गर्न सकिने सोहीअनुसार ठूलो विषय छ भने छलफल हुन्छ । होइन भने सम्बन्धित शाखाबाटै समाधान गर्ने प्रावधान छ ।'

किसानको समस्या लिएर मन्त्रालयमा गुनासो गरेका तुलसीपुर घर भएका रामहरि कार्कीले लम्पी स्किनले गाई बिरामी हुँदा पशु चिकित्सकसँग परामर्श गर्न पाएनन् । नपाएपछि उनले मन्त्रालयको गुनासो पोख्ने नम्बरमा कल गरेर गुनासो पोखे पनि हालसम्म पनि पशु चिकित्सक नआएको उनको भनाइ छ । उनले भने, 'मैले गुनासो गरेको केही भएन । पछि मैले आफैंले अन्य मान्छेहरूबाट सोधेर गाईको उपचार गर्दै आएको छु ।' त्यस्तै, धनुषाको मिथिला नगरपालिका घर भएका अशोक यादवले मल नपाएपछि गुनासो गरेका थिए । रोपाइँ गर्ने वेलामा मलको आवश्यक परेपछि गुनासो गरेको, तर समाधान नभएपछि अन्तैबाट व्यवस्था गरेको उनको भनाइ छ ।

■ समस्या धेरै, गुनासो कम

यतिवेला किसानका दर्जनौं समस्या छन् । बाली लगाउने समयमा अझै पनि केही स्थानमा मलको हाहाकार छ । लम्पी स्किनले किसानका गोठमा दुहुना गाई-भैंसी मरेका छन् । खडेरीले लगाएको बाली सुक्न लागेको छ ।

फलेको तरकारीले मूल्य नपाएर किसान लगानी जोगाउन सक्ने अवस्थामा छैनन् । तर, मन्त्रालयमा गुनासो सुनाउनेको संख्या भने निकै कम छ । नेपाल कृषि समूह महासंघका अध्यक्ष नवराज बस्नेत करिब ६० प्रतिशत किसान भएको देशमा एक महिनामा ४५ वटा मात्र गुनासो आउनुलाई सरकारले गुनासो सुन्छ भन्ने विश्वास नभएको भन्ने देखिएको बताउँछन् । उनले भने, 'के अपेक्षा राखेर किसानले कल गरून्, जसको समस्या नै समाधान हुँदैन भने त्यसमा किन लाग्ने भन्ने परेको हुँदा कल नगरेका हुन् ।'

युवा उद्यमी मञ्चको अध्यक्षमा गोयल

काठमाडौं/ नेपाल उद्योग परिसंघ युवा उद्यमी मञ्च (सिएनआइवाइइएफ)को अध्यक्षमा अनुराग गोयल चयन भएका छन् । बिहीबार काठमाडौंमा भएको मञ्चको वार्षिक साधारणसभाले सन् २०२३/०२४ का लागि गोयललाई अध्यक्ष चयन गरेको हो ।

मञ्चको कार्यसमितिमा आशिष अग्रवाल (लर्निङ चेयर), चिराग सरावागी (मेम्बरसिप चेयर), मनीष श्रेष्ठ (मेम्बर इन्टिग्रेसन), सुगम घिमिरे (ग्रोथ एन्ड एक्सपान्सन), सकेत संघाई (फाइनान्स चेयर), निदा दुन मल्ल (कम्युनिकेसन चेयर), पुनित अग्रवाल (स्टार्टअप चेयर) र सिने खेतान चुरिवाल स्टार्टअप (को-चेयर) निर्वाचित भएका छन् ।

नवनिर्वाचित अध्यक्ष गोयलले स्टार्ट-अप र युवाहरूलाई उत्पादन क्षेत्रमा प्रोत्साहन गर्ने गरी काम गर्ने बताएका छन् । साधारणसभामा अर्थमन्त्री डा. प्रकाशशरण महतले अर्थतन्त्रको सुदृढीकरणमा उद्यमीहरूको महत्त्वपूर्ण भूमिका रहेको बताए ।

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

सवारी साधन पार्किङ्ग शुल्क सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०४/११

काठमाडौं महानगरपालिका क्षेत्रभित्र सवारी साधन पार्किङ्ग सम्बन्धी कार्य गर्दा महानगरपालिकाबाट जारी भएको आर्थिक ऐन २०८० मा भएको देहाय बमोजिमको व्यवस्था अनुसार गर्नु गराउनुहुन सम्पूर्ण महानुभावहरुमा काठमाडौं महानगरपालिका हार्दिक अनुरोध गर्दछ ।

(१) यस ऐन जारी भएका बखत काठमाडौं महानगरपालिका आफैले आफ्नो क्षेत्रभित्र निश्चित अवधि तोकी दिइएको पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची–११ बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाइ असुल गरिनेछ ।

(२) निजी भवन वा जग्गामा पार्किङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले काठमाडौं महानगरपालिकाबाट स्वीकृति लिई पार्किङ्ग व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

अनुसूची ११ (क)

क्षेत्रगत आधारमा, सडकमा स्पष्ट रेखाङ्कन गरी, प्रवेश र बहिर्गमन फरक फरक हुने गरी, कुनै पनि सडकको कुल चौडाईको २५ प्रतिशत भन्दा बढी भाग न ओगटिने गरी आधुनिक प्रविधि प्रयोगको माध्यमबाट समयको आधारमा आफै वा निजी क्षेत्रको सहयोगमा निम्न अनुसार हुनेगरी सःशुल्क सवारी पार्किङ्ग व्यवस्थापन गर्नेछ ।

(१) **क्षेत्र नम्बर १**

न्यूरोड, धर्मपथ, कान्तिपथ, दरबारमार्ग लगायतका भित्री शहरी क्षेत्र (त्रिपुरेश्वर, रत्नपार्क, भोटाहिटी, केशरमहल, लैनचौरसम्म) को काठमाडौं मध्यभागका सार्वजनिक बाटो लगायत तोकिएका स्थानहरुमा सवारी साधन पार्किङ्ग गरेवापत निम्न अनुसारका दरमा पार्किङ्ग शुल्क लगाई असुल गरिनेछ :

क) दुई पाङ्ग्रेका लागि पहिलो आधा घण्टासम्म	रु. १५
ख) दुई पाङ्ग्रेका लागि प्रतिघण्टा	रु. २५
ग) चार पाङ्ग्रेका लागि पहिलो आधा घण्टासम्म	रु. ५०
घ) चार पाङ्ग्रेका लागि प्रति घण्टा	रु. ८०

(२) **क्षेत्र नम्बर २**

क्षेत्र नम्बर १ मा उल्लेख गरिएका स्थानहरु बाहेकका महानगरपालिका क्षेत्रभित्रका सार्वजनिक बाटो लगायत तोकिएका स्थानहरुमा सवारी साधन पार्किङ्ग गरे वापत निम्न अनुसारका दरमा पार्किङ्ग शुल्क लगाई असुल गरिनेछः

क) दुई पाङ्ग्रेका लागि प्रति घण्टा	रु. १५
ख) चार पाङ्ग्रेका लागि प्रति घण्टा	रु. ४०
ग) चार पाङ्ग्रे भन्दा बढीका लागि	रु. १००

(३) निजीक्षेत्रबाट निजी घर, जग्गामा काठमाडौं महानगरपालिकाबाट अनुमती लिई व्यवसाय दर्ता गरी सःशुल्क सवारी पार्किङ्ग व्यवसाय सञ्चालन गर्न सकिनेछ ।

(४) लिफ्ट वा आधुनिक प्रविधि प्रयोग गरी एकै स्थानमा धेरै सवारी साधन पार्किङ्ग गर्ने गरी सञ्चालन गरिने व्यवसायलाई व्यवसायमा लाग्ने व्यवसाय करमा पाँच वर्षसम्म सत प्रतिशत छुट प्रदान गरिनेछ ।

(५) सवारी साधन पार्किङ्ग गर्ने क्षेत्र र निषेधित क्षेत्र काठमाडौं महानगरपालिका, नगरकार्यपालिकाले तोक्न सक्नेछ ।

(६) अपांगता भएका व्यक्तिहरुले प्रयोग गर्ने सवारी साधनहरुलाई पार्किङ्ग शुल्क लाग्ने छैन ।

अनुसूची ११ (ख)

१. महानगरपालिका क्षेत्रभित्र निजी क्षेत्रबाट निजी स्वामित्वको घरजग्गामा व्यवसायिक रुपमा सञ्चालित सवारी साधन पार्किङ्गले अधिकतम् निम्न बमोजिमको दररेटमा शुल्क संकलन गर्न सक्नेछ ।

(अ) दुईपाङ्ग्रे सवारी साधनको हकमा

पहिलो आधा घण्टासम्मको लागि	रु. १५
पहिलो एक घण्टासम्मको लागि	रु. २५
एक घण्टा भन्दा बढीको लागि हरेक पन्ध्र मिनेटसम्मको लागि थप	रु. ५

(आ) चारपाङ्ग्रे सवारी साधनको हकमा

आधा घण्टासम्मको लागि	रु. ४०
पहिलो एक घण्टासम्मको लागि	रु. ७५
एक घण्टा भन्दा बढीको लागि हरेक पन्ध्र मिनेटसम्मको लागि थप	रु. १५

(२) भवन निर्माण गर्दा तथा नक्सापास गर्दा भवनको क्षेत्रफल र उपयोगिताका आधारमा भवनको जम्मा क्षेत्रफलको पार्किङ्ग क्षेत्र तोकिएको क्षेत्रमा अनिवार्य पार्किङ्ग गर्नुपर्नेछ ।

(३) व्यवसायिक भवनहरुमा भएको पार्किङ्ग क्षेत्रमा सोही भवनमा भएका व्यवसाय र सेवाप्रवाहसँग सम्बन्धित सेवाग्राहीहरुलाई निःशुल्क पार्किङ्ग सेवा उपलब्ध गराउनुपर्नेछ र सो बाहेकका लागि पार्किङ्ग शुल्क लिन पाइनेछ ।

(४) पार्किङ्ग क्षेत्रमा अनिवार्य रुपमा महानगरपालिकाले स्वीकृती दिएको पार्किङ्ग संकेत वा चिन्ह मात्र प्रयोग भएको पार्किङ्ग सूचनापाटी राख्नुपर्नेछ । पार्किङ्ग सूचनापाटीमा पार्किङ्ग दर्ता नम्बर, पार्किङ्ग सम्बन्धी विवरण र शुल्क उल्लेख भएको हुनुपर्नेछ ।

(५) पार्किङ्ग व्यवसायीले पार्किङ्ग शुल्क निर्धारणको लागि विलिङ अनिवार्य रुपमा डिजिटल प्रणालीबाट गर्नुपर्नेछ । त्यसको सूचना तथा विवरण नियमित रुपमा महानगरपालिकामा पेश गर्नुपर्नेछ ।

(६) अपाङ्गता भएका, आपत्कालिन सेवाको सवारी साधन र महानगरपालिकाले तोकेको अन्य सवारी साधनलाई निःशुल्क पार्किङ्गको व्यवस्था गर्नुपर्नेछ ।

राजस्व विभाग

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/०४/१३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/०५/०१ गते दिनको ३:०० बजे सम्म

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकबाट शाखा कार्यालय बर्दिबासबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तारतामकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आव्हान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा सम्बन्धित शाखा कार्यालय बर्दिबासमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त बोलपत्रहरु शाखा कार्यालय बर्दिबासमा २२ औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी, जमानीकर्ता समेतको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गर्ने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणबश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणी/प्रोप्राईटर/अख्तियार प्राप्त व्यक्तिको विवरण	जमानीकर्ताको विवरण
१) **ऋणीको नाम : आर्यन टायल उद्योग** ठेगाना : बर्दिबास-०२, महोत्तरी दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग बिभाग दर्ता नं. :४५१८/८/०७४/०७५ पान नं. : ६०७०९३४६५ **प्रोप्राईटर/अख्तियार प्राप्त व्यक्तिको नाम : बिबेक महतो** बुबाको नाम : लुटन महतो बाजेको नाम : बिजुली महतो ठेगाना : बर्दिबास-०२, महोत्तरी ना.प्र.नं. : १८-२-०७४/२०३८ जारी मिति : २०७३/०५/१५ जारी गर्ने कार्यालयः जि.प्र.का., महोत्तरी **कर्जा शीर्षक : एस.एम.ई अधिविकर्ष कर्जा** **कर्जा लिएको शाखा : बर्दिबास शाखा, महोत्तरी**	**क) नाम : लुटन महतो** बुबाको नाम : बिजुली महतो बाजेको नाम : सुकन महतो ठेगाना : बर्दिबास-०५, महोत्तरी ना.प्र.नं. : ०४९२५१४(क) जारी मिति : २०४४/१०/१९ जारी गर्ने कार्यालय : जि.प्र.का., महोत्तरी **ग) नाम : मीनादेबी** पतिको नाम : लुटन महतो ससुराको नाम : बिजुली महतो ठेगाना : बर्दिबास वडा नं.-०५, महोत्तरी ना.प्र.नं.: १८९ जारी मिति : २०६०/१०/१९ जारी गर्ने कार्यालयः जि.प्र.का., महोत्तरी
सुरक्षणमा रहेको धितोको विवरण	
श्री मालपोत कार्याल बर्दिबास, महोत्तरीमा लुटन महतोको नाममा दर्ता कायम रहेको महोत्तरी जिल्ला, २५ न बहादुरगंज वडा नं. ४क स्थित कि.नं. २०९३ को क्षेत्रफल ६७७.२८ व. मि.को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०४२-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ०४२-९२०६५०१०७०५०१ को "SADBL – Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय बर्दिबास वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय बर्दिबासमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।

निक्षेप हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०४/१३

बागमति प्रदेश काठमाडौं जिल्ला का.म.न.पा

शनिबार १३ साउन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०



सन् २०१४ मा इन्टर मियामीमा व्यवस्थापकीय रूपमा प्रवेश गरेपछि बेकह्यामले अमेरिकामा फुटबलको क्रेज बढाउन लियोनल मेसी र क्रिस्टियानो रोनाल्डोलाई एकैसाथ अनुबन्ध गर्ने घोषणा गरेका थिए

१० वर्षदेखि मेसीलाई पछ्याएका बेकह्याम



वर्तमान समयकै महान् फुटबलर लियोनल मेसी अमेरिकन सकर लिगमा पुगेका छन् । यसै सिजन पेरिस सेन्ट जर्मेन (पिएसजी) छाड्दै उनी इन्टर मियामीसँग आबद्ध भएका हुन् । मियामीमा इंग्लिस फुटबलकै आइकोनिक डेभिड बेकह्यामको लगानी छ । अर्जेन्टिनी विश्व च्याम्पियन कप्तान भित्रिएपछि मियामीले लगातार दुई खेलमा जित निकालेको छ । यसअघि मियामीले जित निकाल्न सकेको थिएन । अमेरिकामा पुगेलगत्तै मेसीले आफ्नो जादुमयी खेलको छनक मियामीमा देखाएका छन् । उनले तीन गोल मात्र गरेका छैनन्, एक असिस्ट पनि गरेका छन् । बेकह्यामले अर्जेटाइन खेलाडी भित्र्याउने सार्थकता पूरा गरेका छन् । मेसी नै किन मियामीलाई आवश्यकता पऱ्यो ?

फुटबल करिअरकै उत्तरार्द्धमा रहेका मेसीले पनि मियामी माया गर्नुको कारण के थियो ? यी प्रश्नका उत्तर अहिले बिस्तारै बाहिर निस्किरहेका छन् । उनलाई साउदी अरेबियन प्रो लिगअन्तर्गत अल हिलाललेविश्व कीर्तिमान रकम प्रस्ताव नपठाएको होइन । साउदी क्लबमा जाँदा मेसी यति मालामाल हुन्थे कि उनलाई सर्वाधिक कमाइ गर्ने खेलाडीमा कसैले पनि भेट्टाउन सक्दैनथे । यद्यपि, फ्रान्सका केलियन एम्बाप्पे र पोर्चुगलका क्रिस्टियानो रोनाल्डोसमेत मेसीको वार्षिक कमाइमा फिक्का पर्थे । तर, मेसी करोडौँ मिलियन डलरको पछि लागेनन् । उनले आँखा चिम्लँदै मियामीसँग सम्बन्ध गाँसे ।

जुन वेला मियामी आउने स्वयं मेसीले घोषणा गरेका थिए, सबैभन्दा धेरै खुसी बेकह्याम नै भए । बेकह्यामले जीवनकै महत्त्वपूर्ण सपनामध्ये एक पूरा हुँदा निःशब्द नै भएको बताए । मियामीबाट डेब्यु खेलमै मेसीले गोल गरेको क्षणमा बेकह्याम भिआइपी प्यारापिटमा भावुक बने । मैदानबाट फर्किरहेका मेसीलाई अँगालो हाल्दा बेकह्यामले आँसु लुकाउन सकेनन् ।

अन्तर्राष्ट्रिय मिडियाहरूले त्यो क्षणलाई मीठो तरिकाले कैद गर्न सफल भए । मियामीका प्रमुख लगानीकर्ता बेकह्याम किन भावुक बने ? सन् २०१४ मा फुटबल करिअर समाप्त गरेका बेकह्याम मियामीमा व्यवस्थापकीय रूपमा प्रवेश गरेका थिए । अमेरिकामा फुटबलको क्रेज बढाउन चर्चित खेलाडीको आवश्यकता पर्ने उनलाई राम्रोसँग थाहा थियो । बेकह्यामले सुरुदेखि नै मेसी र रोनाल्डोलाई एकैसाथ अनुबन्ध गर्न योजना बनाए । केही वर्षअगाडि बेकह्यामले भनेका थिए, 'म मियामीमा मेसी र रोनाल्डोलाई एकैसाथ खेलाउनेछु ।'

बेकह्यामको यो टिप्पणीलाई सबैले दिवास्वप्नका रूपमा दिए । आलोचकहरूले भनेका थिए, 'बेकह्यामको सपना यो युगमा पूरा हुन नै सक्दैन ।' फुटबल जगत्मा समानान्तर रूपमा मेसी र रोनाल्डोको प्रदर्शन उत्कर्षमा थियो । यस्तो लाग्थ्यो कि मेसी र रोनाल्डोले तत्काल अनुबन्धित क्लबबाट सन्न्यास लिनेछन् । यस कारण पनि यी दुवै खेलाडी मियामीमा जान नसक्ने अनुमान गरिएको थियो । तर, प्रत्येक दिनको नयाँ बिहानीसँगै सकारात्मक ऊर्जा र सन्देश लिएर आउँछ भनेझैँ मेसी र रोनाल्डोले स्पेनिस क्लब नै छाडे । नदीका दुई किनारामा उभिएका यी दुवै फुटबलर पछिल्लो समय फरक-फरक क्लबमा लागे ।

मेसी पिएसजी र रोनाल्डो म्यानचेस्टर युनाइटेडसँग अनुबन्ध भएपछि बेकह्यामले १० वर्षअघि देखेको सपना ब्युँतिन लागेको महसुस गरे । संयोग कस्तो रह्यो भने बेकह्यामले आफ्नो फुटबल करिअरमा पिएसजी र युनाइटेडबाट खेलेका थिए । अझ बेकह्यामलाई अहिलेसम्म पनि युनाइटेडका समर्थकले महान् खेलाडीकै रूपमा लिने गर्छन् ।

रोनाल्डो धेरै आर्थिक लाभ लिने उद्देश्यका साथ साउदी क्लब अल नासरमा आबद्ध भए । त्यही वेला नै मेसीले पिएसजीमा थप नवीकरण नगर्ने जनाए । यही मौकामा बेकह्याम मेसीसँग निरन्तर संवादमा रहे । अन्ततः उनले मेसीलाई फकाउन सफल भए । '१० वर्षअगाडिको सपना पूरा हुँदा निःशब्द भएको छु,' बेकह्यामले शुक्रबार ब्रिटिस मिडियालाई दिएको एक अन्तर्वार्तामा भनेका छन्, 'सबैले मलाई पागल भनेका थिए, मेसी कुनै पनि हालतमा मियामी आउन नसक्ने बताएका थिए, तर सपनाको पछाडि लाग्दा एक दिन अवश्य पूरा हुँदो रहेछ ।'

साउदी अरेबियाको प्रो लिगबाट विश्व कीर्तिमान रकमको प्रस्ताव आउँदा पनि मेसीले आफ्ना सन्तानको भविष्य सुरक्षित बनाउन अमेरिकाको मियामी क्लबलाई रोजे

■ जापानमा वार्ता

मेसीले मियामीमा आउने कुरा सामान्य रूपमा चलाएका थिए । यी दुवैबीचको सम्बन्ध निकै राम्रो छ । केवल उनीहरूले सम्बन्ध बाहिर दुनियाँमा नखुलाएको मात्र हो । सुरुमा मेसीले नै बेकह्यामलाई फोन गरेका रहेछन् । बेकह्याम भन्छन्, 'जब मैले मेसीको फोन पाएँ, त्यसवेला यस्तो लागेको थियो कि निकै तनावबीच ओल्ड ट्राफोर्ड छाडेको जस्तै लागेको थियो ।' अर्जेन्टिनी खेलाडीले निकै सरल रूपमा मियामी आउने बताएका रहेछन् । यसमा के किसिमको सम्झौता हुने ? कति पारिश्रमिक लिने खासै कुराकानी नै भएन । फोनवार्तामा केवल मेसीले मियामी आउने पक्कापक्की बेकह्यामलाई गरेका थिए ।

'संसारकै उत्कृष्ट खेलाडीलाई अनुबन्ध गर्न पाउँदाको क्षणको अनुभव बताउन सक्ने अवस्थामै छैन,' ४८ वर्षीय बेकह्यामले भने, 'मैले यो कुरा श्रीमतीलाई सुनाएको थिएँ, उनी पनि एक दशकअगाडिको योजना सफल हुन लाग्दा निकै भावुक बनिन् ।'

बेकह्याम जापानमा रहँदा मेसीले फोन गरेका थिए ।

■ बिहानको पाँच बजे मेसीको कल

बेकह्याम परिवारका साथ जापानमा एक साताको भ्रमणमा थिए । एकाबिहानै बेकह्यामको मोबाइल घन्टी बज्यो । मोबाइल साइलेन्समा थियो । भिक्टोरियाले भाइब्रेसन भइरहँदा बेकह्यामलाई फोन दिइन् । फोनमा 'लियो मेसी' नाम देख्दा बेकह्यामको होसहवास नै उड्यो । तत्कालै श्रीमती भिक्टोरियाले बेकह्यामलाई के भयो भनी प्रश्न गरिन् । बेकह्याम केही बोलेनन् । उनी केवल टोलाएर बसे । बेकह्याम भन्छन्, 'जब मैले फोनमा लियो मेसीको नाम देखें, त्यो वेला पत्याउन नै सकिनँ, उनीसँग फोनमा वार्ता गर्ने ।' बेकह्याम र मेसीबीचको फोनवार्ता भएको समय बिहानको पाँच बजेको थियो ।

'बिहान-बिहानै मेसीले मलाई खुसी पार्ने सन्देश सुनाए, उनले मियामी आउने बताए,' बेकह्याम भन्छन्, 'हामी दुवैले एक-अर्कालाई बधाई दियौं ।' बेकह्यामले मेसीको निर्णयलाई आफूसँगै तुलना गरेका छन् । मेसी आर्थिक लाभभन्दा पनि अमेरिकामा फुटबल कल्चर विकास गर्नका लागि आएको बेकह्यामको भनाइ छ । सन् २००७ मा बेकह्याम युरोपियन फुटबल चटक्कै छाडेर एलए ग्यालेक्सीमा अनुबन्ध भएका थिए । त्यसवेला उनी रियल म्याड्रिडमा अनुबन्ध थिए । ग्यालेक्सीले बेकह्यामलाई २५ मिलियन पाउन्डमा अनुबन्ध गरेको थियो । त्यसवेला बेकह्याममाथि कीर्तिमानी रकम खर्चन जो कुनै पनि युरोपियन क्लब तयार थिए । तर, उनी पनि अमेरिकाको फुटबललाई विश्वसामु प्रस्तुत गर्न ग्यालेक्सीसँग अनुबन्धित भए ।


■ मेसी परिवारको अमेरिका मोह

मेसी अमेरिका आउनुपछाडि परिवारको दबाब भएको एजेन्सीहरू मान्छन् । मेसीकी श्रीमती एन्टोनेला रोकुजा युरोपियन लाइफ स्टाइलबाट दिक्क भइसकेकी थिइन् । बार्सिलोनामा १७ वर्ष बिताउँदा आधाजसो समय रोकुजाले पनि स्पेनमै बिताएकी थिइन् । पिएसजीमा मेसी र उनका परिवारलाई भाषाको समस्या देखियो । फेरि स्पेनको जीवनशैली भर्खर छाडेका मेसी र रोकुजालाई फ्रान्समा घुलमिल हुन खासै समय लागेन । पिएसजीमा भनेको जस्तो केही नभएपछि मेसीले पेरिस छाडेका हुन् । साउदी अरेबियामा आर्थिक रूपमा सबल हुने भए पनि त्यहाँको मुस्लिम धर्मअनुसारको जीवनशैली अपनाउन नसक्ने रोकुजाले बताएकी थिइन् । अमेरिकाको शैलीसँग अभ्यस्त भएकी रोकुजाले त्यहीँकै चर्चित क्लबमा जाने सुझाव मेसीलाई दिइन् । मेसीले पनि बेकह्यामको प्रस्तावलाई सहजै स्वीकार गरे । अर्को पक्ष भनेको रेकुजाले आफ्ना सन्तानलाई अमेरिकामै हुर्काउन चाहन्छिन् । यसले पनि मेसी मियामीमा पुगेको एजेन्सीहरूको भनाइ छ ।

- एजेन्सीको सहयोगमा

होलिडे मनाइरहेका होजलुडमाथि युनाइटेडको नजर





लन्डन / इंग्लिस क्लब म्यानचेस्टर युनाइटेडले एटलान्टाका स्ट्राइकर रास्मुस होजलुडमाथि नजर राखेको छ । युनाइटेड प्रि-सिजनको तयारीमा छ । प्रि-सिजनको लगत्तै एटलान्टाका यी खेलाडीलाई अनुबन्ध गर्ने योजनाका साथ युनाइटेड अगाडि बढेको छ । एटलान्टाबाट युनाइटेडमा जाँदा होजलुडलाई ४३ मिलियन पाउन्ड प्रस्ताव आएको छ ।

डेनमार्कका खेलाडी होजलुड र प्रेमिका लाउरा इन्डोनेसियाको बालीमा होलिडे मनाइरहेका छन्

अचम्मको कुरा के छ भने युनाइटेडको लोभलाग्दो प्रस्ताव आउँदा पनि डेनमार्कका अन्तर्राष्ट्रिय खेलाडी होजलुडले कुनै प्रतिक्रिया दिएका छैनन् । अहिले उनी प्रेमिका वाग लाउरासँग होलिडेमा छन् । अहिले यी दुवै इन्डोनेसियाको बालीमा छन् । यसपछि उनीहरू माल्दिभ्समा बिदा मनाउने तयारीमा छन् ।

सिजन ब्रेकपछि प्राप्त समयमा उनले लाउरासँग रमाइलो गर्ने योजना बनाएका कारण नै युनाइटेडको प्रस्ताव सम्बन्धमा प्रतिक्रिया नदिएका हुन् । यद्यपि, उनलाई भित्र्याउन पेरिस जेन्ट जर्मेन (पिएसजी)ले पनि प्रस्ताव राखेको छ । पिएसजीले कति रकमको प्रस्ताव राखेको भन्ने खुलाएको छैन । गत वर्ष एटलान्टाबाट सबै खेल खेलेका होजलुडलाई समर्थन गर्न प्रेमिका लाउरा भिआइपी प्यारापिटमा बसेकी थिइन् । यसपटक लाउराले चर्चित क्लबका आफ्ना प्रेमिकालाई समर्थन गर्न सक्ने बताएकी छिन् ।

उनीहरूबीचको सम्बन्ध यति गहिरो छ कि डेनमार्कले पछिल्लोपटक फिनल्यान्डमाथि ३-१ को जित निकाल्दा दुवैले मैदानमा 'किस' गरेका थिए । यस खेलमा होजलुडले ह्याट्रिक गरेका थिए । डेनमार्कलाई महत्त्वपूर्ण जित दिलाएकै खुसीमा लाउराले खेलपछि नै प्रेमीलाई किस गरेकी थिइन् । लाउराले तत्कालै सोसल मिडियामा फोटो पोस्ट गर्दै हजारौं समर्थक आफूतर्फ आकर्षित गर्न सफल भइन् । सो फोटोमा होजलुडले लाइक मात्र गरेनन्, मीठो कमेन्ट पनि गरे ।

दुई वर्षपछि विनोद टी-२० टोलीमा फर्किए

नयाँ पत्रिका

विकेटकिपर ब्याट्समयान विनोद भण्डारी दुई वर्षपछि राष्ट्रिय टी-२० क्रिकेट टोलीमा फर्किएका छन् । नेपाल क्रिकेट संघ (क्यान)ले शुक्रबार १९औं एसियन खेलकुद प्रतियोगिता (एसियाड)का लागि घोषणा गरेको टोलीमा भण्डारीले स्थान बनाएका हुन् । कुनै समय विस्फोटक र फिनिसर ब्याट्समयानका रूपमा हेरिने भण्डारी खराब फर्मका कारण सन् २०२१ को अप्रिलदेखि टी-२० टोलीबाट बाहिर रहे । उनको अन्तिमपटक टी-२० खेल नेदरल्यान्ड्सविरुद्ध थियो । एकदिवसीय क्रिकेटमा उनी २०२२ को जुलाईदेखि नै टोलीमा छैनन् ।

नेपालले अन्तर्राष्ट्रिय क्रिकेटमा सफलता चुमिरहँदा भण्डारी एक प्रमुख सदस्यका रूपमा थिए । सन् २०१४ मा नेपालले पहिलोपटक बंगलादेशमा भएको आइसिसी टी-२० विश्वकप खेलेको थियो । भण्डारीले हङकङविरुद्ध अन्तर्राष्ट्रिय टी-२० मा डेब्यु गरेका थिए । सन् २०१९ मा उनले युएईविरुद्ध एकदिवसीय खेलमा डेब्यु गर्ने अवसर पाए । उनले अन्तिमपटक ५० ओभरको खेलमा स्कटल्यान्डसँग प्रतिस्पर्धा गरेका थिए ।

घरेलु तथा अन्तर्राष्ट्रिय खेलमा आशालाग्दो प्रदर्शन गर्न नसक्दा दुई वर्षदेखि उनले राष्ट्रिय टोलीमा स्थान नै बनाउन सकेनन् । भण्डारीले १७ एकदिवसीय खेलमा १४ इनिङ्स ब्याटिङ गर्दै दुई सय ७५ रन बटुलेका छन् । यसक्रममा उनले एक अर्धशतकीय इनिङ्स खेले । ३५ अन्तर्राष्ट्रिय टी-२० खेलमा उनले दुई अर्धशतकको महत्तमा तीन सय १९ रन जोडेका छन् । दायाँ हातका ब्याट्समयान उनले एकपटक मात्र पहिलो श्रेणी क्रिकेट खेलेका छन् । ४३ लिस्ट 'ए' खेलको अनुभव बटुलेका भण्डारीले ३९ इनिङ्समा सात सय ३१ रन बनाएका छन् । अन्तर्राष्ट्रिय क्रिकेट करिअरमा उनले एकपटक पनि शतकीय इनिङ्स खेलेका छैनन् ।



बोहोरा र यादवले पनि स्थान बनाए

टी-२० टोलीमा फास्ट बलर अभिनाश बोहोरा र अलराउन्डर विवेक यादवले पनि स्थान सुरक्षित गरेका छन् । चीनमा हुने १९औं एसियाडअन्तर्गत क्रिकेट विधा टी-२० फम्र्याटमा हुनेछ । एसियाडमा राम्रो नतिजा निकाल्न नै क्यानले अनुभवी खेलाडीलाई पुनरागमन गराएको हो । पुराना खेलाडीले स्थान सुरक्षित गर्दा राष्ट्रिय टोलीका नियमित खेलाडी ज्ञानेन्द्र मल्ल, आरिफ शेख र भीम सार्की टी-२० टोलीमा अटेनन् । भीम र शेखले श्रीलंकामा भएको एसिसी इमर्जिङ कपमा मौका पाएका थिए ।

तर, दुवैले त्यहाँ राम्रो प्रदर्शन गर्न सकेनन् । यसैगरी, किशोर महतो र कमलसिंह ऐरीले पनि स्थान बनाउन सकेनन् । राष्ट्रिय टी-२० टोलीमा पुनरागमन गरेका बोहोराले सन् २०२२ को अप्रिलमा अन्तिमपटक प्रतिस्पर्धा गरेका थिए । अमेरिकासँगको खेलपछि उनी टोलीमा पर्न सकेनन् । एकदिवसीय खेलमा उनी सन् २०२० पछि टोलीमा छैनन् । उनले सन् २०२० को फेब्रुअरीमा ओमानविरुद्ध एकदिवसीय खेलमा डेब्यु गरेका थिए ।

यसक्रममा उनले दुई इनिङ्स ब्याटिङ गरी १३ रन बनाए । ३६ अन्तर्राष्ट्रिय टी-२० खेलमा १० इनिङ्स ब्याटिङ गरेका उनले २१ रन बनाएका छन् । अन्तर्राष्ट्रिय टी-२० बलिङ करिअरमा उनले ३५ इनिङ्समा ४० विकेट लिएका छन् । यसक्रममा उनको उत्कृष्ट बलिङ प्रदर्शन ३५/४ रह्यो । नेपालको टी-२० खेलमा उनी सर्वाधिक विकेट लिने बलरमा पर्छन् । यसैगरी, युवा अलराउन्डर यादवले गत वर्ष अगस्टपछि टोलीमा स्थान बनाएका हुन् । तीव्र गतिका बलर यादव आक्रामक ब्याटिङ गर्न रुचाउँछन् ।

'ट्रेबल' विजेता महारेज अल अहलीमा



लन्डन / 'ट्रेबल' विजेता म्यानचेस्टर सिटीमा मिडफिल्डर रियाद महारेज साउदी प्रो लिग क्लब अल अहलीमा अनुबन्ध भएका छन् । सिटीसँग दुई वर्षको सम्झौता बाँकी रहँदा महारेज ३० मिलियन पाउन्डमा एसियाली मुलुक साउदी अरेबिया पुगेका हुन् । अघिल्लो सिजन सिटीले च्याम्पियन्स लिग, प्रिमियर लिग र लिग कप उपाधि जित्दा महारेज मुख्य खेलाडी थिए ।

महारेज यो सिजन अल अहली भित्रिने तेस्रो खेलाडी हुन् । लिभरपुरका स्ट्राइकर रोबर्टो फिर्मिनो र चेल्सीका गोलकिपर एडुआर्ड मेन्डी अल अहली पुगिसकेका छन् ।

गत सिजन सिटीका लागि ४७ खेलमा महारेजले १५ गोल गरेका थिए । सन् २०१८ मा लेस्टर सिटीबाट म्यानचेस्टर आएका महारेजले एक सय ४५ प्रिमियर लिगमा ४३ गोल गरेका छन् ।



आवश्यकता

मदन भण्डारी मेमोरियल कलेज नयाँ बानेश्वर काठमाडौंमा रिक्त रहेका

QAA Coordinator

पदमा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका उम्मेदवारहरूबाट vacancy@mbmc.edu.np मार्फत २०८०/०४/१५ गतेभित्र दरखास्त आह्वान गरिन्छ ।

विस्तृत जानकारी कलेजको वेबसाइट www.mbmc.edu.np मा हेर्नुहोला ।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com